# अध्याय एक (CHAPTER – I )

# परिचय (INTRODUCTION)

## १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study)

गरिबी आफैमा जीवनयापनको एक महत्वपूर्ण कारक तत्व हो जसले अभाव र असक्षमता देखाउने गर्दछ । हुनत, आजभोलि गरिबीलाई अर्थतन्त्रसँग जोडेर हेर्ने गरिन्छ तर कमजोर आर्थिक अवस्थाले गरिबीको निर्धारण गर्न सक्दैन । गरिबी भन्ने शब्दभित्र अभाव र असक्षमता भन्ने कुरा जोडिएको हुन्छ । आर्थिक गरिबी, सामाजिक गरिबी, बौद्धिक गरिबी, नैतिक गरिबी, शारीरिक गरिबी, शैक्षिक गरिबी जस्ता गरिबीका प्रकारहरूले समग्र गरिबीको अवस्था देखाउने गर्दछ । आर्थिक अवस्थाले कुनैपनि व्यक्तिको जीवनशैलीको प्रतिनिधित्व गर्न सक्दछ तर खुसी र सुखीको पक्षलाई आर्थिक गरिबीले मात्र निर्धारण गर्न सक्दैन् ।

सामान्यतया गाँस, बाँस र कपास आवश्यक मात्रामा उपलब्ध नहुने र त्यसभन्दा माथि विरामी भएको बेला औषधी उपचार गर्न र बालबालिकालाई पढाउन लेखाउन नसक्ने अवस्थासम्मका विषय परिस्थितिलाई गरिबीको संज्ञा दिइएको छ । विश्व बैंकले गरिबीको पहिचान गर्न दुई परिसूचकहरु समावेश गरेको छ । जसमा पहिलो उपभोगमा आधारित गरिबीको रेखा रहेको छ । यसमा पनि दुई तत्व हुन्छन्, न्यूनतम पोषण तथा अन्य आधारभूत आवश्यकता खरिद गर्न आवश्यक खर्च र अन्य आवश्यकताहरु पूरा गर्न अतिरिक्त रकम । संसारमा हुने आत्महत्या सबैधन्दा बढी गरिबीको कारणले हुने गरेको पाइन्छ । हाम्रो समाजमा गरिबी भन्ने पूर्व जन्मको पाप हो भन्नेहरु पनि छन् । विश्वव्यापी रुपमा गरिबीको रेखा २७५ देखि ३७० अमेरिकी डलर प्रतिव्यक्ति आय प्रतिवर्ष मानिएको छ । राष्ट्रिय योजना आयोगको अनुसार सन् १९८३/८४ मा प्रति महिना १४३ रुपैंया भन्दा कम आय भएकालाई गरिबीको रेखामुनि रहेको भनी वर्गीकरण गरिएको थियो (हाडा, २०७०) ।

गरिबीका कारण मानिसले जीवन निर्वाहका आधारभूत कुराहरू पूर्ति गर्न नसकी पोषण, खोप, सुरक्षा प्रबन्ध, आदिको अभाव हुन जान्छ परिमाण स्वरूप ऊ शारीरिक तथा मानसिक रूपमा अशक्त भै काम गर्न असमर्थ हुन्छ । बेरोजगारीका कारण आयआर्जनको ढोका बन्द हुन्छ । आय नै नभएपछि बचत तथा लगानी पनि हुन पाउँदैन । मानिस आधारभूत कुरा पूरा गर्न नसक्ने अवस्थामा हुन्छ । गरिबीका कारण मानिस आधारभूत

कुरा पूरा गर्न नसक्ने अवस्थामा पुग्छ फलतः गरिब हुन्छ । गरिबीका कारण मानिस रोजगारीका सम्भाव्य क्षेत्रसम्म पुग्न सक्दैन ।

सामान्यतया गरिबी भन्ने शब्दले निर्धनतालाई जनाउँछ । पेटभरि खान नपाउने, जिउढाक्ने एकसरो कपडा लगाउन नसक्ने अवस्था र बासस्थान नभएको विपन्नतालाई गरिबी भनिन्छ । विरामी पर्दा औषधि उपचार गर्न नसक्ने अवस्था र आर्थिक अभावका कारणले आफ्ना बालबालिबालाई शिक्षा र पोषण प्रदान गर्न नसक्ने अवस्था नै गरिबी हो । गरिबी विश्वको एक प्रमुख तेस्रो समस्या हो । अल्पविकसित देशको एक प्रमुख विशेषता पनि हो । गरिबीको कारणले गर्दा नै विकासोन्मुख राष्ट्रमा विकास हुन सकेको हुदैंन । पुरानो जीवनस्तर, रोग, भोक, अशिक्षा, कुपोषण, फोहोरी बस्ती आदि गरिबीका प्रमुख समस्या हुन् (सिलवाल, २०६३) ।

राष्ट्रिय योजना आयोग (२०७६), *पन्धौं योजना (२०७६ /७७-२०८०/८१)* अनुसार गरिबीको रेखामुनि रहेको जनसङ्ख्यालाई १८.७ प्रतिशतबाट ११ प्रतिशतमा झार्ने, प्रतिव्यक्ति कूल राष्ट्रिय आय १०४७ अमेरिकी डलरबाट १५९५ पुऱ्याउने, आर्थिक बृद्धिदर ६.८ प्रतिशतबाट १०.३ प्रतिशत पुऱ्याउने, साक्षरतादर ५८ प्रतिशतबाट ९० प्रतिशत पुऱ्याउने त्यसैगरी आधारभूत शिक्षामा खुद भर्नादर ९२.३ प्रतिशतबाट ९९.५ प्रतिशत पुऱ्याउने, माध्यामिक तहमा खुद भर्नादर ४३.९ प्रतिशतबाट ६५ प्रतिशत र उच्च शिक्षामा खुद भर्नादर ९.५ प्रतिशतबाट २२ प्रतिशत पुऱ्याउने जस्ता राष्ट्रिय लक्ष्यहरु रहेका छन् । सर्वसुलभ गुणस्तरीय आधुनिक पूर्वाधार निर्माण, उत्पादनशील र मर्यादित रोजगारी अभिबृद्धि, उच्च, दिगो र समावेशी आर्थिक बृद्धि तथा गरिबी निवारण गर्दै समृद्धिको आधार निर्माण गर्नु यस योजनाले राष्ट्रिय उद्धेश्य लिएको छ । तीव्र, दिगो र रोजगारीमुलक आर्थिक बृद्धि गर्ने, गरिबी निवारण तथा आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने जस्ता राष्ट्रिय रणनीति रहेका छन् । वेरोजगारीदर ११.४ प्रतिशतबाट ६ प्रतिशतमा झार्ने, मानव विकास सूचकांक ०.५७४ बाट ०.६२४ पुऱ्याउने, बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या २८.८ प्रतिशतबाट १३ प्रतिशतमा झार्ने पनि यस योजनाका लक्ष्य अन्तर्गत पर्दछन् । समन्यायिक आर्थिक समृद्धि र नागरिकको जीवनमा गुणात्मक सुधार गर्नु, निरपेक्ष र बहुआयामिक योजनाका चुनौतीहरु रहेका छन् ।

नेपाल जीवनस्तर सर्वेक्षण २०६६/६७ ले प्रचलित समयका मूल्यको आधारमा नेपालको विभिन्न क्षेत्र अनुसार गरिबीका रेखाहरू खाद्य र गैर खाद्य गरी दुई समूह कायम गरेको छ । जहाँ गैर खाद्यमा आवास, लत्ताकपडा र शिक्षा लगायतका खर्च समावेश छन् । यस सर्वेक्षण गरिबीका १२ विश्लेषणात्मक क्षेत्रको आधारमा निकालिएको छ । जस अनुसार नेपालको सरदर गरिबीको रेखा प्रतिव्यक्ति प्रति वर्ष रु.१९२६१ निर्धारण गरिएको छ । यस किसिमले काठमाडौं उपत्यका शहरी क्षेत्रको गरिबीको रेखा सबैभन्दा बढी अर्थात वार्षिक रु.४०,९३३ कायम गरिएको छ भने 'ग्रामीण पश्चिमाञ्चल' तराई क्षेत्रको गरिबीको रेखा सबैभन्दा कम अर्थात रु.१५,९९८ कायम गरिएको छ । यी रेखाहरुले ती क्षेत्रका व्यक्तिहरुको जीवनयापनका लागि न्यूनतम आवश्यकताको लागत देखाउँछ र ती क्षेत्रहरु भन्दामुनि उपभोग खर्च भएका व्यक्ति तथा परिवारहरु गरिब मानिन्छ भनी उल्लेख गरिएको छ ।

अर्थ मन्त्रालय (२०७६), आर्थिक सर्वेक्षणका अनुसार नेपालमा निरपेक्ष गरिबीको अनुपात क्रमशः घट्दै आर्थिक वर्ष २०७४/७५ मा १८.७ प्रतिशतमा झरेको छ । राष्ट्रिय योजना आयोगको पछिल्लो अनुमान अनुसार आर्थिक वर्ष २०७६/७७ मा निरपेक्ष गरिबी करिव १६.६७ प्रतिशत रहने अनुमान छ । चालु आर्थिक वर्षको पछिल्ला महिनाहरुमा भने कोभिड- १९ महामारीको कारण गरिबीमा केही चाप परेको अनुमान छ । UNDP को सन् २०१९ को प्रतिवेदन अनुसार नेपालको मानव विकास सूचकांक ०.५७९ रहेको छ । दीर्घकालीन सोच सहितको पन्धौं योजनाले वि.स.२०८७ सम्ममा आय असमानता न्युनीकरण गर्दै गरिबीको रेखामुनि रहेको जनसङ्ख्या ५ प्रतिशत र सन् २१०० सम्ममा शुन्यमा झार्ने लक्ष्य रहेको छ । आर्थिक वर्ष २०७६/७७ को फागुनसम्म २६ जिल्लाका १२ लाख २५ हजार घरपरिवारको बहुआयामिक गरिबी मापनका लागि तथ्याङ्क संकलन गरी गरिबी मापनका सूचकहरुको विश्लेषण गरिएको छ । सो सर्वेक्षणले ३९१८३१ घरपरिवार गरिबीको रेखामुनि रहेको देखाएको छ ।

सामान्यरुपमा आफ्नो आम्दानीले आफ्नै खर्च धान्न सकिन्छ भने त्यसलाई सापेक्ष गरिबी भनिन्छ । यो एउटा तुलनात्मक गरिबी हो । निरपेक्ष गरिबीको तुलनामा यिनीहरुको जीवनस्तर धेरै राम्रो हुन्छ । उदाहरणको लागि कारको मालिकलाई खान लगाउन कुनै समस्या हुँदैन तर हवाइजहाजको मालिकभन्दा सापेक्ष रुपमा गरिब हो । कुनै देशको सन्दर्भमा प्रतिव्यक्ति औषत खर्चभन्दा कम आम्दानी हुने मानिसहरूलाई सापेक्ष गरिब

भनिन्छ । यस्तो गरिब सबै देशमा हुन्छ । यो गरिबीलाई कम गर्न सकिए पनि पूर्ण रूपमा हटाउन भने सकिदैन (सिवाकोटी, २०७०) ।

नेपाल कृषिमा निर्भर रहेको अवस्था छ । त्यसैले यहाँ वैकल्पिक क्षेत्रका रुपमा औद्योगीकरणको लागि आवश्यक आधारहरुको खाँचो रहेको छ । त्यसैगरी श्रमिक, पूँजी तथा उपकरण प्रयोग गर्न पनि दक्ष मानवीय स्रोतको अभाव रहेको छ । उच्च निरक्षरता र आम गरिबी कै कारण औद्योगिक विकासको क्षेत्र फराकिलो हुन सकेको छैन । साथै औद्योगिक विकासको मूल कडीका रुपमा रहेको वैदेशिक व्यापारका लागि आवश्यक पूर्वाधारका रुपमा रहेको जलमार्गको अभाव पनि रहेको छ ( सुवेदी, २०६७ ) ।

कालिमाटी गाउँपालिका पश्चिम नेपालको कर्णाली प्रदेश अन्तर्गतको सल्यान जिल्लामा पर्दछ । भौगोलिक हिसाबले ८० डिग्री २० मिनेट देखि ८३ डिग्री २८ मिनेट पूर्वी देशान्तर र २७ डिग्री ३१ मिनेटदेखि २७ डिग्री ३७ मिनेट ३० सेकेण्ड उत्तरी अक्षांशमा अवस्थित रहेको छ । ५००.७२ वर्ग कि.मि. क्षेत्रफल रहेको यस गाउँपालिकाको उत्तरमा बनगाड, कुभिण्डे नगरपालिका, शारदा नगरपालिका र सुर्खेत जिल्ला पश्चिमतिर बर्दिया जिल्ला, पूर्वमा त्रिवेणी गाउँपालिका र दाङ जिल्ला दक्षिणमा बाँके जिल्ला रहेको छ । यस गाउँपालिकाका नामाकरण यस भेगकै प्रसिद्ध कालिमाटी गंगामाला भगवतीको नामबाट रहन गएको हो । सोही भगवतीको पूण्य यस क्षेत्रलाई प्राचीनकालदेखि कालिमाटी भन्ने गरेको पाइन्छ । साविकका गा.वि.स.हरु कालिमाटी रामपुर, कालिमाटी काल्चे, काप्रेचौर (पहिले कालिमाटी काल्चे) अगाडि कालिमाटी रहन गएको हो (कालिमाटी गाउँपालिका, २०७४) । सोही कालिमाटी गाउँपालिका  गरिबीको अवस्था यस शोधपत्रमा चित्रण गरिएको छ ।

### १.२ समस्याको कथन (Statement of the Problem)

भौतिक आवश्यकताको पुर्ति हुन नसकेको अवस्था, सामाजिक हिनताबोध, जोखिम, शक्तिहीनता, आत्मग्लानीले ग्रस्त अवस्था नै गरिबी हो । यो एउटा बहुआयामिक र जटिल समस्याको रुपमा रहेको छ । समय परिवर्तनशील छ सोही अनुसार देश, समाज पनि परिवर्तन हुदैं गर्दा विभिन्न उद्योग धन्दा, कलकारखाना मेसिन, औजार आदिको पनि विकास भयो र सम्पूर्ण ठाउँमा ती विकास निर्माणका कार्यहरु हुन सकेनन् र जहाँ विकास भयो ती ठाउँहरु शहरमा परिणत भए । विकास हुन नसकेको भु-भागहरु गाउँमा सीमित भए । विकास आजभोलि शहर केन्द्रित हुनथाल्यो र शहरमा भिन्न रोजगारी सृर्जना भयो ।

बेरोजगार ग्रामीण जनताहरु शहरतिर उन्मुख भएपनि आधुनिक किसिमका सिप प्रर्दशन गर्न सक्दैनन् र फेरी गरिबीको चपेटामा फस्न बाध्य हुन्छन् । आफूसँग सिप र दक्षता भएता पनि सोही अनुसारको काम नपाउँदा फेरी गरिबीको जन्म हुन्छ । आफ्नो भाग्यले गर्दा नै गरिबी निम्त्याउँछ र आफ्नो कर्म नै दुःख गर्ने रहेछ भन्ने पुरातनवादी सोचमा विश्वास गर्दछन् । यहीँ रुढिवादी परम्परा र पुरातन सोच विचारले गर्दा आज पनि ग्रामीण गरिबी जहाँको त्यहीँ छ  र झन् ग्रामीण गरिबीले विकराल रुप लिन थालेको छ ।

गाउँ नै गाउँले भरिएको नेपाल एउटा गरिब राष्ट्र हो । शहरी क्षेत्रको विकास र विस्तार भने केही मात्रामा मात्र भएको छ । शहरीकरणको विकाससँगै यस क्षेत्रमा शिक्षा, स्वास्थ्य, सुरक्षा, यातायात, सञ्चारको विकास छिटो भइरहेको छ । जसले गर्दा उद्योग, व्यवसाय, व्यापार, प्राविधिक सेवाहरु जस्तैगरी गैर कृषि क्षेत्रमा पनि केही अवसरको बृद्धि, जीवनस्तरमा  भएको छ । तर पनि पर्याप्त विकासको अभावले गर्दा वैकल्पिक पेशाहरुका अवसरहरु विकास हुन नसकेको कारणले गर्दा जनसङ्ख्याको ठूलो हिस्सा कृषि क्षेत्रमा नै लुप्त वेरोजगार, अल्पवेरोजगार अवस्था देखिन्छ ।

नेपाल जीवनस्तर सर्वेक्षण २०६६/६७ अनुसार रु. १९,२६१ लाई आधार मान्दा नेपालमा २५.१६ प्रतिशत जनताहरु गरिबीको रेखामुनि रहेका छन् । शहरी क्षेत्रमा १५.५ प्रतिशत र ग्रामीण क्षेत्रमा २७.४ प्रतिशत जनताहरु गरिबीको रेखामुनि रहेका छन् । गरिबी निवारणका लागि नेपालमा विभिन्न संघ संस्थाहरुले औपचारिक र अनौपचारिक रुपमा कार्य सञ्चालन गर्दै आएको पाइन्छ । वि.स. २०६७ सालपछि मात्र औपचारिक रुपमा ग्रामीण विकासका कार्यक्रमहरु हुन थालेको पाइन्छ तर प्रथम पञ्चवर्षीय योजनादेखि गरिबीलाई विशेष रुपमा लिइएको छ । गरिबी निवारणका कार्यक्रमहरु आए तापनि प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेका छैनन् । त्यसैले ग्रामीण गरिबी नेपालको एक प्रमुख रुपमा रहेको छ ।

सबैभन्दा राम्रो ग्रामीण विकासका लागि २०३३/३४ सालमा एकीकृत ग्रामीण विकास परियोजना थालनी भयो उक्त परियोजनाको लक्ष्य तथा उद्देश्यहरु धेरै राम्रा भए पनि प्रभावकारी रुपमा काम गर्न सकेन । आफ्नो उद्देश्य पूर्ण रुपमा पूरा नगरी कार्यक्रम समाप्त भयो । नेपालमा सञ्चालित हरेक त्रिवर्षीय र पञ्चवर्षीय योजनाले ग्रामीण गरिबी निवारणलाई प्रमुख प्राथमिकता दिएका छन् तर आशातित प्रतिफल प्राप्त गर्न सकेको छैन ।

खाद्यान्न समेत प्राप्त गर्न नसक्ने झन्डै एक तिहाई मानिसहरु छन् भने अन्य सामाजिक सेवाहरु प्राप्त गर्ने त कुरै भएन ।

गरिबी निवारण गर्ने प्रमुख दायित्व सरकारको हो तर यो एक अन्तरसम्बन्धित विषय भएकाले यसका लागि सरकारका प्रत्येक अङ्गहरुको भूमिका अपरिहार्य हुन्छ । आदिवासी, अल्पसङ्ख्यक तथा दुर्गम क्षेत्रमा बस्ने आम नागरिकहरुमा गरिबीको गहनता बढी रहेको हुदाँ गरिबी निवारणको प्रयासमा यिनीहरुको अर्थपूर्ण सहभागिता आजको नभइनहुने आवश्यकता देखिन्छ । अहिलेको आवश्यकता भनेको गरिबी न्यूनीकरणलाई निरन्तरता दिदैं गरिब र धनीबिचको असमानता घटाउनु र आर्थिक समृद्धि प्राप्त गर्नु हो । सरकारका अङ्गहरु तथा सम्पूर्ण सरोकारवालाहरु यसका जिम्मेवारी भएकाले विभिन्न निकायबाट सञ्चालन हुने यस्ता कार्यक्रमहरू प्रभावकारी हुनुको साथै ती निकायबाट समन्वय हुन जरुरी देखिन्छ । प्रस्तुत अध्ययन हालसम्म सोही क्षेत्रलाई छनोट नगरिएकोले अध्ययनको विषय बनाइएको छ ।

## १.३ अध्ययनको उद्देश्य (Objectives of the Study)

यस अध्ययनको सामान्य उद्देश्य सल्यान जिल्ला अन्तर्गत कालिमाटी गाउँपालिका क्षेत्रका मानिसहरुको गरिबीको विश्लेषण गर्नु रहेको छ भने यसको विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) ग्रामीण समुदायमा गरिबीको पहिचान गर्नु,

ख) ग्रामीण गरिबी अन्तराल गणना गर्नु,

ग) गरिबीको कारण पत्ता लगाई समाधानका लागि सुझाव प्रस्तुत गर्नु।

## १.४ अनुसन्धान प्रश्न (Research Questions)

यस अध्ययनमा कालिमाटी गाउँपालिका वडा नं.४ को गरिबी विश्लेषण गर्न निम्नलिखित प्रश्नको खोजी गर्ने प्रयास गरिएको छ ।

क) छनौट गरिएको क्षेत्रको आर्थिक अवस्थाले के प्रतिनिधित्व गर्दछ र त्यस क्षेत्रका बासिन्दाहरूको आम्दानीको स्रोतहरूको अवस्था कस्तो छ ?

ख) उत्तरदाताहरूको खर्चको स्रोतहरूको अवस्था र प्रवृति कस्तो रहेको छ ?

ग) उत्तरदाता तथा उनीहरूको घरपरिवारको आम्दानी तथा अन्य निर्धारक तत्वहरूको अवस्था कस्तो छ ?

घ) बासिन्दाको पेशा र गरिबीका सम्बन्ध कस्तो रहेको छ ?

ङ) विभिन्न कारणले बढेको गरिबीका समस्या तथा चुनौतीलाई समाधान गर्न  के कस्ता प्रयासहरू अवलम्बन गर्न सकिन्छ ?

## १.५ अध्ययनको औचित्य (Significance of the Study)

आयको वितरण नेपालमा असमान किसिमको रहेको छ । केही नेपाली उच्च धनी छन् भने केही उच्च गरिबीको अवस्थामा रहेका छन् । यस अध्ययनबाट ग्रामीण क्षेत्रका मानिसहरुको आर्थिक अवस्था र आम्दानीको मुख्य स्रोतहरु के के छन् । यसका साथै ग्रामीण जनताको जीवनशैलीको सम्बन्धमा जानकारी प्राप्त गर्न सकिन्छ । ग्रामीण जनताहरुको आर्थिक तथा शैक्षिक विकास तथा सामाजिक विकासमा समेत कृषि क्षेत्रले पुर्‍याएको योगदानको विश्लेषण सम्बन्धि यो अध्ययन धेरै महत्वपूर्ण छ ।

खासगरी यो अध्ययन अर्थशास्त्र शिक्षाका विद्यार्थीहरुका साथै सम्बन्धित विषयहरूका अध्यापकहरूका लागि उपयोगी हुनुका साथै यो अत्यन्तै नौलो विषय भएकोले उपयोगी रहेको छ । त्यसैगरी यस क्षेत्रमा भविष्यमा काम गर्ने व्यक्ति, अनुसन्धान गर्न चाहाने विद्यार्थीहरु एवम् गैर सरकारी संस्थाहरुलाई यो अध्ययनले फाइदा पुग्नुका साथै भविष्यमा नीति निर्माण गर्ने नीति निर्माता, विशेषज्ञ, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर-सरकारी, राष्ट्रिय योजना आयोग आदिलाई यो अध्ययनले सहयोग गरेको छ । समग्रमा यस अनुसन्धानको औचित्यलाई निम्न बुँदा मार्फत प्रष्ट पार्न सकिन्छ ।

क) यसले ग्रामीण घरपरिवारको आर्थिक अवस्था छर्लङ्ग पार्दछ ।

ख) ग्रामीण घरपरिवारको आम्दानीका स्रोतहरु, खर्चको प्रवृत्ति र बचतको अवस्थाको बारेमा जानकारी दिन्छ ।

ग) अध्ययन क्षेत्रको बेरोजगारीको अवस्थालाई देखाउँछ ।

ङ)  स्थानीय स्तरमा रहेका न्यून आयस्तर भएका मानिसहरुको आर्थिक अवस्था झल्काउन महत्वपूर्ण सहयोग हुनेछ ।

च) ग्रामीण घरपरिवारको आर्थिक अवस्थाको जानकारी लिन चाहने सम्पूर्ण सरोकारवाला पक्षलाई आधार प्राप्त गर्दछ ।

छ)  यस अध्ययनले घरपरिवारको आय असमानताका सम्बन्धमा जानकारी प्रदान गर्दछ  ।

ज) यसले अर्थशास्त्र शिक्षा विभागलाई शैक्षिक सामग्रीका रुपमा सहयोग गर्दछ ।

झ) यस क्षेत्रमा अध्ययन गर्न चाहने भावी पुस्ताका विद्यार्थीलाई सहयोग प्रदान गर्नेछ ।

## १.६ अध्ययनको परिसीमाहरू (Delimitations of the Study)

यस अध्ययनलाई प्रभावकारी यथार्थपरक र औचित्यपूर्ण बनाउनका लागि समय र आर्थिक सीमितताका कारण निश्चित सीमाबद्ध गरिएको छ । यस अध्ययनका परिसीमाहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

यस अनुसन्धान सल्यान जिल्ला कालिमाटी गाउँपालिका वडा नं.४ मा मात्र केन्द्रित गरिएको र आर्थिक अवस्थाको मात्र अध्ययन गरिएको छ ।

क) आर्थिक अवस्थाको विश्लेषण गर्नको लागि पेशा, आम्दानी, खर्च, बचतलाई आधारतत्वको रूपमा विश्लेषण गरिएको छ ।

ख) यस अध्ययनमा प्राथमिक र द्वितीयक स्रोतबाट प्राप्त जानकारी मात्र समावेश गरिएको छ ।

ग) यस अध्ययनमा आर्थिक क्षेत्रसँग सम्बन्धित तथ्याङ्कहरुलाई मात्र समावेश गरिएको छ ।

घ) यस अध्ययनबाट प्राप्त निष्कर्षलाई सम्पूर्ण क्षेत्रमा सामान्यीकरण गरिएको छैन ।

## १.७ अध्ययनको संगठनात्मक रूपरेखा ( Organizational Structure of the Study)

प्रस्तुत अध्ययनलाई निम्न पाँच अध्यायमा विभाजन गरी अध्यायमूलक शीर्षक अन्तर्गत अध्ययन गरिएको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : व्याख्या तथा विश्लेषण

अध्याय पाँच : सारांश, निष्कर्ष र सुझाव

# अध्याय दुई (CHAPTER- II)

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक ढाँचा (Review of Related Literature and Theoretical Framework)

कुनै पनि कार्यलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि त्यस्तै प्रकृतिका कार्यहरू यसभन्दा अगाडि गरिएका रहेछन् भने त्यस्ता कार्यहरूको अध्ययन गर्नु जरूरी हुन्छ । तसर्थ अध्ययन अनुसन्धानमा पूर्वकार्यको समीक्षा तथा अध्ययन अर्थपूर्ण रहन्छ । अध्ययनको क्षेत्रलाई स्पष्टसँग किटान गर्न के कति विषयको अध्ययन गर्ने भनी उल्लेख गर्नुपर्दछ । शोधकार्यको शीर्षक अन्तर्गत कुन पक्षको के कति अध्ययन गर्ने हो सो कुराको किटान गर्नुलाई शोधकार्यको सीमाङ्कन भनिन्छ । अध्ययनको सीमाङ्कनबाट अनुसन्धाकर्तालाई एउटा निश्चित दिशामा शोधलाई अगाडि बढाउन सहयोग पुग्दछ । यस शोधपत्रसँग मिल्दाजुल्दा प्रकृतिका अध्ययन ढाँचा तथा अनुसन्धानलाई यहाँ निम्न अनुसार उल्लेख गरिएको छ :

### २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of Theoretical Literature)

सैद्धान्तिक कार्यको पुनरावलोकनले आफ्नो अध्ययन तथा अनुसन्धानसँग सम्बन्धित सिद्धान्त, विधि तथा ढाँचाहरूको बारेमा अध्ययन अवलोकन गर्न सहयोग पुग्दछ । यस्ता कार्यको समीक्षाले मानिसलाई खासगरी सैद्धान्तिक पक्षलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न सहयोग पुग्दछ । गरिबीका मापन गर्ने विभिन्न विधिहरुमध्य Poverty Gap Index पनि एक महत्वपूर्ण विधि हो । James Foster, Joel Gree and Erik Thorbecke ले सन् १९८४ मा The Foster-Gree-Thorbecke (FGT) Poverty Measures अध्ययन मार्फत यसको अवधारणा अघि सारेका थिए जुन अहिले विश्वभरी निकै प्रचलित छ । उनीहरुका अनुसार निम्न सूत्रको प्रयोग गरी गरिबी अन्तराल गणना गर्न सकिन्छ :

Poverty Gap Index (PGI) $= \frac{1}{N} \sum_{i=1}^{q} \frac{Yp - Yi}{Yp}$

Where,

Yp = गरिबी रेखाको आयस्तर

Yi = i- औँ गरिबको आयस्तर (Yi<Yp)

q = गरिबहरुको सङ्ख्या

N = कूल जनसङ्ख्या

गरिबी मापनको लागि यो विधि अन्तराष्ट्रिय रुपमै ख्याति प्राप्त छ । World Bank's PovcalNet, by a host of UN agencies, and by individual countries द्वारा नियमित रुपमा Reported गरिएको छ । FGT Paper ले विकास कार्यक्रमको ढाँचा तयार गर्न, प्रयोग गर्न र मूल्याङ्कन गर्न योगदान दिएको छ । FGT Paper ले अनुसन्धान साहित्यको पुनरावलोकनका लागि एउटा महत्वपूर्ण आधार प्रदान गरेको छ Foster, Gree and Thorbecke (2010) .

गरिबीलाई कसरी परिभाषित गर्ने भन्ने प्रश्नमा एकै प्रकारको व्याख्या गरिएको छैन । तर प्रायजसो देशहरुले न्यूनतम आधारभूत आवश्यकता पूरा गर्न नसकेको अवस्थालाई गरिब मानेका छन् । गरिबीको व्याख्या गरिने मूल आधार न्यूनतम जीवनस्तरसँग सम्बन्धित हुन्छ । तर न्यूनतम जीवनस्तर हरेक देशमा भिन्न हुन्छ । अमेरिका, जापान, बेलायत जस्ता विकसित देशहरुमा न्यूनतम जीवनस्तरको लागि मोटरकार आवश्यक हुन्छ भने नेपाल जस्तो देशमा मोटरकार प्रयोग गर्ने उच्च जीवनस्तरको मानिन्छ । तसर्थ जीवनस्तर आर्थिक, सामाजिक, साँस्कृतिक तथा राजनीतिक संरचना अनुसार भिन्नभिन्न किसिमको हुने गर्दछ ( घिमिरे र कार्की, २०६२) ।

गरिबीको अवधारणालाई एउटै ढाँचामा समेटेर परिभाषित गर्न सकिदैन । यसलाई एउटै रुप र आयाममा मात्र नहेरी बहुआयामिक रुपमा (कुपोषण, शिक्षा, स्वास्थ्य, सरसफाई तथा सामाजिक र राजनीतिक बञ्चितीकरण) नियालेर हेर्नुपर्ने हुन्छ । अर्थात गरिबी एउटा त्यस्तो ऐना हो, जहाँ भोका, नाङ्गा, रोगी, अशिक्षित, बोल्न नसक्ने तथा सामाजिक, आर्थिक र राजनीतिक रुपले पिछडिएका बहुभाषी मानिसहरुको दर्दनाक स्थितिको प्रतिविम्ब देखिन्छ । गरिबीलाई निरपेक्ष तथा तुलनात्मक दुवै रुपमा अनुभव गर्न सकिन्छ तसर्थ गरिबीको अवधारणाबारे अझ प्रष्ट हुनको लागि गरिबीलाई निरपेक्ष गरिबी र सापेक्ष गरिबी गरी दुई भागमा विभाजन गर्न सकिन्छ । बाँच्नका लागि नभई नहुने मानवीय न्यूनतम आधारभूत आवश्यकताहरु खाद्यान्न (खाना, कपडा र घर/छाना) समेत पूरा गर्न सक्ने आम्दानी नभएको आर्थिक अवस्थालाई निरपेक्ष गरिबी भनिन्छ । यिनै निरपेक्ष गरिबहरुलाई नै वास्तवमा गरिबीको रेखामुनिका मानिसहरु भनेर चिनिन्छ । उनीहरुमा अत्यावश्यक न्यूनतम खर्चका लागि आर्थिक क्षमता हुँदैन । तर प्रयास गरेको खण्डमा निरपेक्ष गरिबी ढिलो वा चाँडो निराकरण गर्न सकिन्छ (दाहाल, २०६६) ।

व्यक्तिहरूको सङ्ख्या गणना गरेर गरिबीको मापन गर्ने विधि नै व्यक्ति गन्ति सूचकांक (Head Count Index) हो । अर्थात व्यक्ति गन्ति सूचकांकले कूल जनसङ्ख्यामा गरिबीको रेखामुनि रहेको जनसङ्ख्या कति छ भनेर जनाउँछ । यसलाई गरिबीको स्थिति पनि भनिन्छ । जस्तै नेपालको जनसङ्ख्या २०५८ को जनगणना अनुसार २,३१,५१,४२३ रहेको छ । सन् १९५५/५६ को पहिलो नेपाल जीवनस्तर मापन सर्वेक्षणले यस्तो आयको सीमा रु. ४,४०४ मानेको थियो । सन् २००३/०४ को दोस्रो नेपाल जीवनस्तर सर्वेक्षण ३०.५८ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि रहेका छन् । यस सर्वेक्षणबाट नेपालमा ७१,४२,२१४ जना मानिसहरु गरिब रहेका छन् । उक्त सर्वेक्षणले वर्षमा प्रतिव्यक्ति औषत आम्दानी रु.७,६९६ रेखाको आयको सीमा (Threshold of Poverty Line Index) मानेको छ । व्यक्ति गन्ति सूचकांक गणना गर्न र बुझ्न सजिलो छ । त्यसैले गर्दा निरपेक्ष गरिबी मापनको लागि यसको प्रयोग विश्वव्यापी हुँदै आएको छ । तर यसले गरिबहरुको असमानतालाई ख्याल गर्दैन किनकी यो विधि अनुसार रु. १२४ आयस्तर भएको व्यक्ति पनि गरिब हो र रु.१० आयस्तर भएको व्यक्ति पनि गरिब हो । यसले घरपरिवारको गरिबी प्रतिशत ननापेर व्यक्तिको गरिबी प्रतिशत मात्र नाप्ने गर्दछ (दाहाल, कुसियैत र खनाल, २०६७) ।

जति बढी गरिबीको अन्तराल रहन्छ त्यति नै बढी गरिबीको समस्या रहन्छ । गरिबीको अन्तरालले गरिबीको रेखामुनि रहेका मानिसहरु गरिबीका रेखाभन्दा कतिले टाढा छन् भन्ने देखाउँछ । गरिबीको रेखा नजिकै रहेका गरिबहरु धेरै छन् भने गरिबी घटाउन वा गरिबी निवारण गर्न सजिलो हुन्छ किनकी उनीहरुको आम्दानी थोरै मात्रामा बढ्दा पनि उनीहरुलाई गरिबीको रेखाभन्दा माथि ल्याउन सकिन्छ । तर गरिबीको अन्तराल धेरै भएको अवस्थामा धेरै गरिबहरु गरिबीको रेखाभन्दा धेरै टाढा हुन्छन् त्यसैले गर्दा आम्दानीमा सानो बृद्धि आउँदैमा गरिबीको रेखाभन्दा माथि ल्याउन सकिदैंन । यसले व्यक्ति गन्ति सूचकांकका कमजोरीहरुलाई सुधार गर्ने प्रयास गरेको छ । गरिबीको रेखामुनि रहेका सबै गरिबहरुलाई निरपेक्ष गरिबीबाट उकास्न आवश्यक पर्ने आम्दानीलाई बुझाउँछ । केन्द्रीय तथ्याङ्क विभाग २०६५/६६ का अनुसार नेपालमा गरिबीको अन्तराल देखाउने सूचकांकको मान ६.१० रहेको छ (दाहाल, कुसियैत र खनाल, २०६७) ।

सामान्य शब्दमा गरिबी भनेको आफ्नो आम्दानीले दैनिक आधारभूत आवश्यकताहरु गाँस, बाँस तथा कपास जस्ता समस्याहरु समाधान गर्न नसक्नु हो । संयुक्त राष्ट्र संघको विकास प्रतिवेदन (२००१) का अनुसार गरिबीका दुई पक्षहरु छन्, पहिलो न्यून आय हो जुन सम्मानपूर्वक जीवनयापन गर्न अपर्याप्त छ र दोस्रो मानवीय क्षमताको न्यूनता हो जुन व्यक्तिहरुले आफूले चाहेको अनुसार जीवनयापन गर्न सक्दैनन् । संसारका कुनैपनि मानिसले गरिब बन्ने तथा गरिबीको अवस्थामा रहने चाहना राखेको हुँदैन । सबै मानिस गरिबीबाट मुक्त हुन चाहन्छन् । तर विकासशील देशहरुमा यसको विस्तार भइरहेको छ । सरकारी तथ्याङ्कलाई आधार मान्ने हो भने आर्थिक सर्वेक्षण २०७२/७३ का अनुसार सन् २०१६ सम्ममा नेपालमा २१.६ प्रतिशत मानिसहरु मात्र गरिबीको रेखामुनि रहेका छन् । आफूले आर्थिक आर्जन गर्न नसक्ने जनसङ्ख्यालाई आश्रित जनसङ्ख्या भनिन्छ । जुन १४ वर्षभन्दा कम र ६० वर्षभन्दा माथि उमेर समूहको जनसङ्ख्या हो । यस्तो जनसङ्ख्या नेपालमा उच्च छ । गरिब परिवारमा झन् धेरै उच्च रहेको छ । ग्रामीण घर परिवारमा आश्रित अनुपात तराईमा २.३, पहाडमा १.९ तथा अन्य घरपरिवारमा तराईमा २.१ र पहाडमा १.७ प्रतिशत रहेको छ । नेपालले सन् २०२२ सम्ममा नेपाललाई अति कम विकसित राष्ट्रको दर्जाबाट विकासशील राष्ट्रमा स्तर उन्नति गर्ने लक्ष्य लिएको छ । सन् २०१३ सम्ममा न्यूनतम आहाराभन्दा कम खान पाउने जनसङ्ख्या १५.७ प्रतिशत रहेको छ (भट्ट, २०७३) ।

विश्वमा गरिबीको विवरणलाई हेर्दा धेरैजसो गरीबहरु दक्षिण एसिया र अफ्रिकामा बसोवास गरिरहेका छन् । सन् १९८७ देखि १९९७ सम्म आइपुग्दा दक्षिण एसियाको गरिबहरुको सङ्ख्या ४०.१ प्रतिशतबाट बढेर ४३.५ प्रतिशत पुगेको छ । तर पूर्वी एसियाको भने ३५.३ प्रतिशतबाट झरेर २३.२ प्रतिशत पुगेको छ । सन् १९९० मा दक्षिण एसियामा निरपेक्ष गरिबहरुको सङ्ख्या ५७९ मिलियन थियो भने सन् २००५ सम्म आइपुग्दा गरिबहरुको सङ्ख्या ३८७ मिलियन पुगेको छ । यस अवधिमा चीनमा गरिबहरुको सङ्ख्या ७७५ मिलियन बढेको छ । पूर्वी एसियामा त्यहाँको जनसङ्ख्याको १६.८ प्रतिशत जनसङ्ख्या निरपेक्ष गरिबीको रेखामुनि रहेका छन् । त्यस्तै युरोप तथा मध्य एसियामा ३.७ प्रतिशत, लेटिन अमेरिका र क्यारेवियन क्षेत्रमा ८.२ प्रतिशत र दक्षिण एसियामा ४०.३ प्रतिशत छ भने अफ्रिकामा करिब आधा जनसङ्ख्या निरपेक्ष गरिबीको रेखामुनि रहेका छन् । विश्व बैङ्कका अनुसार निरपेक्ष गरिबी त्यस्तो गरिबी हो जसको प्रतिदिन आम्दानी १.२५ डलर भन्दा कम हुन्छ (पौडेल, २०७३) ।

वास्तवमा गरिब शब्दले अभावलाई जनाउँछ । आम्दानीले आफ्नो आधारभूत आवश्यकताहरु गाँस, बास तथा कपास जस्ता समस्याहरु समाधान गर्न नसक्नु हो । अर्को शब्दमा न्युनतम क्यालोरी उपभोगको लागि आवश्यक आयस्तरभन्दा कम आय हुनुलाई गरिबी भनिन्छ जुन मानिससँग आर्थिक अभाव हुन्छ त्यो मानिस गरिब हो । त्यस्तै जुन राष्ट्रसँग आर्थिक अभाव हुन्छ त्यो राष्ट्र गरिब हो । जुन व्यक्ति आफ्नो जीवन जीवित राख्नको लागि दिनरात मेहनत गर्दछ शिक्षा, स्वास्थ्य, पौष्टिक आहारको कमि छ औषधि उपचार गर्न सक्दैन, विहान खाना खाएको व्यक्तिको लागि वेलुका खाना खाने सुनिश्चितता हुँदैन, समानतापूर्वक जीवनयापन गर्न असक्षम छ भने त्यो व्यक्ति गरिब हो भने उसको प्रवृत्ति गरिब हो (पौडेल, २०७३) ।

गरिबीको बहुआयामिक सूचक (MPI) का अनुसार अझैँ पनि २८.६ प्रतिशत नेपालीहरु बहुआयामिक रुपमा गरिब रहेका छन् । जसको अर्थ हुन्छ उनीहरुको जीवन धेरै प्रकारका बञ्चितीकरणबाट एकैसाथ प्रभावित भइरहेका छन् । साथै यस सूचकले सन् २००६ देखि २०१४ को अवधिमा नेपालको गरिबी आधा घटेको (०.३१३ बाट ०.१२७ मा झरेको) कुरालाई स्पष्ट पार्दछ । नेपालको MPI ले विश्वमा प्रचलित बहुआयामिक गरिबीका सूचकहरु अवलम्बन गरेको छ । यसले तीनवटा आयामहरु तथा कुपोषण, न्यून शिक्षा, अपर्याप्त सरसफाई जस्ता दशवटा सूचकहरु भएको विश्वव्यापी MPI सूचकहरु अनुशरण गर्दछ । बहुआयामिक गरिबी सूचकांकले नेपालमा भर्खरै स्थापना भएका सात प्रदेशहरुमा गरिबीको दरमा उल्लेखनीय भिन्नताहरु देखाउँछ । प्रदेश नं. ६ र २ मा बहुआयामिक गरिबीको दर उच्च छ । करिव आधा मानिसहरु बहुआयामिक रुपले गरिबी छन् । प्रदेश ५ र ७ मा यो दर ३० प्रतिशत रहेको छ भने प्रदेश ३ र ४ मा १५ प्रतिशतभन्दा कम रहेको छ । नेपालमा बहुआयामिक गरिबी सूचकांकले ०-९ वर्ष उमेर समूहका बालबालिका सबैभन्दा गरिब समुहमा परेको देखाएको छ । नेपालले सन् २००६ देखि हालसम्म MPI का दशवटा सूचकहरुमा उल्लेखनीय प्रगति गरेको छ (राष्ट्रिय योजना आयोग, २०७५) ।

आर्थिक सर्वेक्षणका अनुसार नेपालमा निरपेक्ष गरिबीको अनुपात क्रमशः घट्दै आर्थिक वर्ष २०७४/७५ मा १८७ प्रतिशतमा झरेको छ । राष्ट्रिय योजना आयोगको पछिल्लो अनुमान अनुसार आर्थिक वर्ष २०७६/७७ मा निरपेक्ष गरिबी करिव १६.६७ प्रतिशत रहने अनुमान छ । चालु आर्थिक वर्षको पछिल्ला महिनाहरुमा भने कोभिड-१९ महामारीको

कारण गरिबीमा केही चाप परेको अनुमान छ । UNDP को सन् २०१९ को प्रतिवेदन अनुसार नेपालको मानव विकास सूचकांक ०.५७९ रहेको छ । दीर्घकालीन सोच सहितको पन्धौं योजनाले वि.स. २०८७ सम्ममा आय असमानता न्यूनीकरण गर्दै गरिबीको रेखामुनि रहेको जनसङ्ख्या ५ प्रतिशत र सन् २१०० सम्ममा शून्यमा झार्ने लक्ष्य रहेको छ । आर्थिक वर्ष २०७६/७७ को फागुनसम्म २६ जिल्लाका १२ लाख २५ हजार घरपरिवारको बहुआयामिक गरिबी मापनका लागि तथ्याङ्क संकलन गरी गरिबी मापनका सूचकहरुको विश्लेषण गरिएको छ । सो सर्वेक्षणबाट ३९१८३१ घरपरिवार पहिचान भएका छन् (अर्थ मन्त्रालय, २०७६) ।

## २.२ अनुसन्धानात्मक साहित्यको पुनरावलोकन (Review of the Research Literature)

अनुसन्धान गर्ने क्रममा सम्बन्धित विषयमा त्यसअघि सम्पन्न गरिएका कार्यहरू जस्तै : पुस्तक, पत्रपत्रिका, लेख, शोधपत्र, प्रतिवेदन आदिको व्यवस्थित रूपमा प्रभावकारी ढङ्गले अध्ययन गर्नु नै पूर्वकार्यको समीक्षा तथा पुनरावलोकन हो । पूर्वकार्यको समीक्षा तथा अनुसन्धानात्मक कार्यको पुनरावलोकन गर्दा सकारात्मक र नकारात्मक दुवै पक्षको अध्ययन गर्नुपर्ने हुन्छ । यस्तो कार्य गर्दा शोधार्थीले विधिपूर्वक ढङ्गले अध्ययन गर्नुपर्दछ । आफूले चयन गरेको शीर्षकसँग सम्बन्चित विषयमा कुन प्रयोजनले कुन पद्धति वा विधि अपनाएर के कति काम गरेको छ ? उक्त कार्य आफ्नो शोधकार्यको प्रयोजन र प्रकृतिसँग के कति मिल्दछ ? त्यस विषयमा गर्न बाँकी चुनौतिपूर्ण कामहरू के कति छन् ? त्यसक्षेत्रमा अब कुन कुन प्रश्न र समस्याहरू विद्यमान छन् ? भन्ने कुरा अध्ययन गर्नु आवश्यक छ ।

खनाल (२०६१), ले *नेपालमा ग्रामीण गरिबी : अर्घाखाँची जिल्ला बाँगी गा.वि.स को एक अध्ययन* शीर्षकमा आफ्नो शोधपत्र तयार पार्नु भएको छ । उहाँले शोधपत्र अध्ययन क्षेत्रको सापेक्ष र निरपेक्ष गरिबीको मापन गर्ने, गरिबीको फैलावट मापन गर्ने, गरिबीको कारण पत्ता लगाउने र गरिबीसँग सम्बन्धित अन्य तत्वहरुको सम्बन्ध पहिचान गर्ने उद्देश्यहरु राखिएको छ । प्राथमिक र द्वितीयक तथ्याङ्कहरु संकलन गरिएको छ र ती तथ्याङ्कहरुलाई Range, Gini-Cofficient, Lorenze Corve, Variance, Correlation आदि तथ्याङ्कीय साधनको माध्यमबाट विश्लेषण गरिएको छ । उहाँको अध्ययनमा ३६.५६ प्रतिशत नमुना जनसङ्ख्या निरपेक्ष गरिबी र ३२.२२ प्रतिशत सापेक्ष

गरिबी भएको बताइएको छ । कूल गरिबी ६८.७८ प्रतिशत रहेको छ । आय असमानता ०.२९% रहेको छ साथै दलित जातिमा विशेष रुपले बढिरहेको बताइएको छ ।

गरिबीलाई कसरी परिभाषित गर्ने भन्ने प्रश्नमा एकै प्रकारको ब्याख्या गरिएको छैन । तर प्राय जसो देशहरुले गरिबीको मापदण्ड न्यूनतम आधारभूत आवश्यकता पूरा गर्न सक्ने क्षमतालाई दिएको पाइन्छ । गरिबहरुमा न्यूनतम आधारभूत आवश्यकता पुरा गर्न सक्ने क्षमता हुदैन । गरिबीको ब्याख्या गरिने मुल आधार न्यूनतम जीवनस्तरसँग सम्बन्धित हुन्छ । तर न्यूनतम जीवनस्तर हरेक देशमा भिन्नभिन्न किसिमको हुन्छ । अमेरिका, जापान,वेलायत, जस्ता विकसित देशहरुमा न्यूनतम जीवनस्तरको लागि मोटरकार अनावश्यक हुन्छ । भने नेपाल जस्तो देशमा मोटरकार ब्यक्तिगत रुपमा प्रयोग गर्नेको जीवनस्तर उच्च रहेको मानिन्छ । तसर्थ जीवनस्तर आर्थिक, सामाजिक, साँस्कृतिक तथा राजनैतिक संरचना अनुसार भिन्नभिन्न किसिमको हुने गर्दछ (घिमिरे र कार्की, २०६२) ।

सिलवाल (२०६३), शिक्षा, स्वास्थ्य, खाद्यान्न आवास, पिउने पानी आदि जस्ता आधारभूत आवश्यकताहरुबाट वञ्चित हुनुपर्ने अवस्था गरिबी हो । कुनै व्यक्ति जानजानी आफै गरिब हुन चाहँदैन । त्यो गरिबी कसैको इच्छा वा शोखको विषय नभई एउटा बाध्यता हो । त्यसैले गरिबी यही हो भनी ठोस परिभाषा दिन गाह्रो पर्दछ किनभने गरिवी के हो भन्ने कुरा पढेर, सुनेर भन्दा पनि कयौं गुणा बढी भोगेर बुझ्न सकिने विषय हो । अतः गरिबी एउटा समस्या तथा अभिसाप होभन्ने कुरा सबैका सामू स्पष्ट छ ।

अर्याल (२०६४), ले *नेपालमा ग्रामीण गरिबी गुल्मी जिल्लाको सिर्सेनी गा.वि.स. को एक अध्ययन* शीर्षकमा आफ्नो शोधपत्र तयार पार्नुभएको छ । उहाँको शोधपत्रमा स्थानीयस्तरमा गरिबीको पहिचान गर्नु र अध्ययन क्षेत्रमा देखापरेका गरिबीको सामाजिक, आर्थिक तथा राजनीतिक कारणहरु विश्लेषण गर्नु जस्ता उद्देश्यहरु राखिएको छ । उक्त उद्देश्यहरु पूरा गर्न विभिन्न तथ्याङ्कका साधनहरु प्रयोग गरी तथ्याङ्क शास्त्रीय साधनहरु प्रयोग गर्दै सिर्सेनी गा.वि.स. मा निरपेक्ष गरिबीको जम्मा घरधुरी ६४ र जनसङ्ख्या ४२६ अर्थात घरधुरी र जनसङ्ख्या ६५.४ र ६१.१ प्रतिशत छ । जब कि धनीको घरधुरी र जनसङ्ख्या  क्रमशः ३४.६ र ३८.९ प्रतिशत रहेको भनी निष्कर्ष निकालिएको छ । उक्त अध्ययनमा ३० प्रतिशत साक्षर, ६६ प्रतिशत निरक्षर र ४ प्रतिशत शिक्षित रहेका थिए । मुसहर जातिको प्रतिव्यक्ति आम्दानी रु. १४,२८६.३० र प्रतिव्यक्ति खर्च रु. ९,३८२.१७

रहेको छ । आफ्नो आम्दानी धेरैजसो मदिरा, धुम्रपान र परम्परागत चाडपर्वमा खर्च गरेको पाइयो । निरपेक्ष गरिबीलाई हेर्दा सामान्य मुल्य दलहन, गैर खाद्यान्न सम्बन्धी आम्दानीमा ५२.०५ प्रतिशत पुरुष र ४६.९४ प्रतिशत महिला रहेका छन् । यस अध्ययनमा गरिबी बढ्नुको कारण निरक्षर, कम ज्याला, न्यून जमिन, ठूलो परिवारको आकार, नेतृत्व तथा शिक्षा सम्बन्धि कार्यक्रम नहुनु, परम्परागत खेती प्रणाली आदि रहेको पाइयो ।

नेपाल राष्ट्र बैंक (२०६६), का अनुसार व्यक्ति वा परिवारलाई त्यस बेला गरिब भनिन्छ । जतिवेला उसको जीवनस्तर सामान्य गरिबीको रेखाभन्दा तल रहन्छ । गरिबी भनेको पर्याप्त  मात्रामा आय नहुनु, कुपोषण, शिक्षा, स्वास्थ्य, सरसफाई र सामाजिक प्रतिष्ठामा पहुँचको कमी हुनु हो । विश्व बैंकका अनुसार बार्षिक ५०० अमेरिकी डलरभन्दा कम आय प्राप्त गर्ने व्यक्तिलाई गरिब भनिन्छ भने २७५ अमेरिकी डलर भन्दा कम आय प्राप्त गर्ने व्यक्तिलाई अति गरिब भनिएको छ । नेपालको हालको बार्षिक सरदर प्रतिव्यक्ति आय ७८२ अमेरिकी डलर छ । त्यस्तो हुनाले नेपाल पनि अल्पविकसित मुलुकमा पर्दछ र गरिबीको रेखाबाट माथि उक्लन सघर्षरत छ । कुल श्रमशक्तिको ७४ प्रतिशत कृषि क्षेत्रमा आवद्ध छन ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६९), का अनुसार नेपाल जीवनस्तर मापन सर्वेक्षण २०६६/६७ ले नेपालमा प्रतिव्यक्ति प्रतिबर्ष रु १९ हजार २ सय ६१ को आम्दानीलाई गरिबीको रेखा मानेको छ र सो आधारमा कुल जनसंख्याको २५.१६ प्रतिशत गरिबीको रेखामुनि रहेको छ ।

दाहाल (२०७०), का अनुसार गरिबी शब्दले अभावलाई जनाउछ । जुन मानिससँग आर्थिक अभाव हुन्छ, त्यो मानिस गरिब हो । त्यसै गरी जुन राष्ट्रसँग आर्थिक अभाव हुन्छ त्यो राष्ट्र गरिब हो । जुन व्यक्ति आफ्नो जीवन जीवित राख्नका लागि दिन रात मेहनत गर्दछ । शिक्षा, स्वास्थ्य, पौष्टिक आहारको कमि छ, औषधि उपचार गर्न सक्दैन बिहान खाना खाएर वेलुका खाने कुराको सुनिश्चितता हुदैंन, सम्मानपूर्वक जीवनयापन गर्न असक्षम छ भने त्यो व्यक्ति गरिव हो । उसको प्रवृत्ति गरिवी हो ।

सापकोटा (२०७०), गरिवी एक बहुआयामिक समस्या हो । गरिबीको प्रकृति स्वरुप, चक्र तथा दुरी बदलिदो परिवेश अनुसार फरक फरक हुन्छन । देश, काल, परिस्थिति र भौगोलिक संरचनाका आधारमा यसलाई मापन गर्न सकिन्छ । वास्तवमा गरिबहरु छरिएका

एक अर्काको वास्ता नभएका विभक्त बाह्य संसारदेखि एकलिएका हुन्छन । गरिबीले कुण्ठा, रिस ल्याउछ र कतै कुनै चिजमा मन लाग्दैन । बरु आफ्नै चिन्ता मात्र लागिरहन्छ । गरिबीले समाजमा अपराधको सङ्ख्या बढाउने पनि काम गरिरहेको हुन्छ । गरिबीले जीवनलाई जन्म दिन्छ । गरिबी एक सामाजिक घटना हो । जहाँ मानिसहरु जीवनका लागि आवश्यक न्यूनतम आधारभूत आश्यकताहरु पुरा गर्न सकिरहेका हुदैंनन् । गरिबीले अभाव, शक्तिहीनता, एकान्तता, सीमान्तता र खतरायुक्त जीवनयापन गरिरहेको, तोकिएको स्तरभन्दा न्यून आय भएका र शिक्षा, स्वास्थ्य जस्ता मानवीय सूचकहरुमा निम्नस्तर देखिएका व्यक्तिलाई गरिब भन्ने गरिएको छ ।

बस्नेत (२०७१), द्वारा *ग्रामीण गरिबीको अवस्था* शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त अध्ययनमा स्थानीय समुदायको गरिबीको पहिचान गर्नु, स्थानीय गरिबीको विश्लेषण गर्नु, गरिबी निवारणका उपायहरु पत्ता लगाउनु जस्ता उद्देश्यहरु तय गरिएको छ । यसका लागि सप्तरी जिल्लाको कमलपुर गा.वि.स. अन्तर्गत १०० घरपरिवारमा गई प्रश्नावली मार्फत अन्तर्वार्ता, अवलोकन, छलफल जस्ता साधनहरुको प्रयोग गरी तथ्याङ्क संकलन गरी संकलित तथ्याङ्कलाई व्याख्यात्मक विधिबाट विश्लेषण गरिएको छ । अध्ययन निष्कर्षको रुपमा अध्ययन क्षेत्रमा ८३.५ प्रतिशत जनसङ्ख्या कृषिमा र अन्य पेसामा १६.५ प्रतिशत संलग्न रहेको, सबैभन्दा बढी आम्दानी कृषिबाट ५५ प्रतिशत र अन्य क्षेत्रबाट ४५ प्रतिशत आम्दानी रहेको, अध्ययन क्षेत्रमा सबैभन्दा बढी खर्च ६१ प्रतिशत खाद्य वस्तुमा र कृषिमा केवल ७ प्रतिशत रहेको अध्ययन क्षेत्रमा सबैभन्दा कम बचत मुसहरको १.२ प्रतिशत र सबैभन्दा बढी क्षेत्रीको ४८.२ प्रतिशत रहेको जस्ता निष्कर्ष निकालेको छ । यसर्थ उक्त अध्ययनले शोधार्थीलाई अध्ययनीय आधार प्रदान गरेको छ ।

जैशी (२०७१), द्वारा *ग्रामीण गरिबीको विश्लेषण तथा यसका कारणहरू* शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त अध्ययनमा ग्रामीण गरिबीको अवस्था अध्ययन गर्नु, अध्ययन क्षेत्रमा देखिएका गरिबीका कारणहरु विश्लेषण गर्नु, निरपेक्ष गरिबी न्यूनीकरण गर्ने उचित उपायको खोजी गर्नु जस्ता उद्देश्यहरु तय गरिएको छ । यसका लागि बाजुरा जिल्लाको ब्रह्मतोला गा.वि.स. वडा नं. ५ मा गई ११६ वटा घरपरिवार सँग प्रत्यक्ष रुपमा प्रश्नावली, अवलोकन जस्ता साधनको प्रयोग गरी सामग्री संकलन गरिएको छ । यसरी क्षेत्रीय र सर्वेक्षण विधिको प्रयोग गरी सङ्कलित सामग्रीको व्याख्यात्मक विधिबाट विश्लेषण

गरिएको छ । यसरी निष्कर्षको रुपमा अध्ययन क्षेत्रमा मुख्य आयस्रोत कृषि र भारतको नोकरी रहेको, कृषिमा ६४.५२ प्रतिशत र भारतको नोकरीमा ११.२६ प्रतिशत रहेको, आम्दानीका मुख्य स्रोतका रुपमा कृषि तथा पशुपालन, वैदेशिक रोजगारी आदि रहेको, आम्दानीको ठूलो हिस्सा ५६.६८ प्रतिशत रकम खानामै खर्च हुने गरेको छ । यस क्षेत्रमा यातायातको कुनैपनि सुविधा नरहेको जस्ता निष्कर्ष निकालिएको छ । त्यसैले ग्रामीण गरिबीको विश्लेषण गर्न यसले आधार प्रदान गरेको छ ।

खतिवडा (२०७२), ले *नेपालमा स्थानीय ग्रामीण गरिबीको अवस्था* शीर्षकमा झापा जिल्ला शनिश्चरे गा.वि.स का गरिब घरपरिवारको आर्थिक अवस्थाको विश्लेषण गर्ने, गरिबीका कारणहरुको खोजी गर्ने र गरिबी न्यूनीकरणका लागि उपायहरु पत्ता लगाउने उद्देश्य राखी शोधपत्र तयार गर्नुभएको छ । जसमा शनिश्चरे गा.वि.स. वडा नं. ३ र ४ का ८११ घर परिवारमध्ये ३९५ परिवार गरिब रहेकोमा त्यस भित्रबाट समानुपातिक नमुना छनोट विधिका आधारमा २०० वटा घरपरिवारलाई छनोट गरी गरिबीको अवस्था विश्लेषण गरिएको छ । कृषि पेशामा आवद्ध नमुना छनोटमा परेका घरपरिवार मध्ये ६३.०४ प्रतिशत मानिसहरु र परम्परागत र निर्वाहमुखी कृषि रोजगारीको अभाव, जमिनको खण्डीकरण, पूर्वाधार विकासको न्यूनता, मूल्य-मान्यता, संस्कार र जनचेतनाको अभाव नै गरिबीको कारण रहेको उल्लेख गरिएको छ । अर्कोतर्फ विदेशबाट प्राप्त विप्रेषण उपभोगमा नै बढी खर्च हुने गरेकोले गरिब र धनीबिच असमानता झन बढेको उल्लेख गरिएको छ । त्यसैले यस अध्ययनका लागि यो शोधपत्र उपयोगी मानिएको छ ।


भट्टराई (२०७५), द्वारा *ग्रामीण घरपरिवारको आर्थिक तथा शैक्षिक अवस्थाको विश्लेषण* शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त अध्ययनमा ग्रामीण घरपरिवारको आर्थिक अवस्थाको विश्लेषण गर्नु, ग्रामीण घरपरिवारमा गरिबीको आकार पत्ता लगाउनु, ग्रामीण घरपरिवारको शैक्षिक अवस्था पत्ता लगाउनु जस्ता उद्देश्यहरु तय गरिएको छ । यसका लागि तेह्रथुम जिल्लाको मन्छमायेम गाउँपालिका वडा नं.४ मा बसोवास गर्ने २१७ घरधुरीमा गई प्रश्नावली मार्फत अन्तर्वार्ता, अवलोकन, लक्षित समूह छलफल जस्ता साधनहरुकको प्रयोग गरी सामग्रीको संकलन गरिएको छ र संकलित तथ्याङ्कलाई व्याख्यात्मक विधिबाट विश्लेषण गरिएको छ । अध्ययनको निष्कर्षको रुपमा अध्ययन क्षेत्रमा सबैभन्दा बढी आम्दानी वैदेशिक रोजगारीबाट ६१.४५ प्रतिशत रहेको, प्रतिव्यक्ति वार्षिक

औषत आय रु.४६,९६६.०६ रहेको, सबैभन्दा बढी खाद्यान्न उपभोगमा ४८.०१ प्रतिशत र सबैभन्दा कम स्वास्थ्यमा ४.५२ प्रतिशत खर्च हुने गरेको, वार्षिक प्रतिव्यक्ति औषत खर्च रु.४९,२०० हुने गरेको जस्ता निष्कर्ष निकालिएको छ । उक्त अध्ययनले शोधार्थीलाई अध्ययनीय आधार प्रदान गरेको छ ।

समग्रमा, पूर्वकार्यको समीक्षाको अध्ययन गर्दा हालसम्म ग्रामीण गरिबीको विषयमा विभिन्न अध्ययनहरू भएको पाइयो तर सल्यान जिल्लाको कालिमाटी गाउँपालिकमा भने यस्तो अध्ययन हालसम्म भएको छैन् । पहाडी क्षेत्र र त्यसमा पनि तत्कालिन मध्यपश्चिमाञ्चल विकास क्षेत्रको एउटा महत्वपूर्ण भाग सल्यानमा यस्तो अध्ययन नभएकोले यो अध्ययन विल्कुलै नौलो र महत्वपूर्ण छ । क्षेत्रको आधारमा मात्रै फरक नभएर यो अध्ययन समयको आधारमा, विषयवस्तुको आधारमा, विधि तथा प्रक्रियाको आधारमा, र कार्यढाँचाको आधारमा समेत यो अनुसन्धान अन्य अनुसन्धानभन्दा फरक रहेको छ ।

### २.३ अध्ययनको सैद्धान्तिक ढाँचा (Theoretical Framework of the Study)

आफ्नो अध्ययनको विषयलाई सहज बनाई आफ्नो अध्ययन तथा विषयलाई प्रभावकारी बनाउनको लागि एक फरक प्रकृतिको ढाँचा आवश्यक हुन्छ । त्यस खालका ढाँचाभित्र अध्ययनको विषयको विविध पक्षहरूको चर्चा गर्ने गरिन्छ । त्यसका चरहरूको सम्बन्ध र त्यसले पार्ने प्रभावको बारेमा समेत अध्ययन गर्न कार्यढाँचाको निर्माण गर्ने गरिन्छ । प्रस्तुत अध्ययनमा ग्रामीण गरिबीलाई केन्द्रमा राखिएको छ । त्यसको विश्लेषण गरिएको छ जसलाई तलको रेखाचित्रमा उल्लेख गरिएको छ । प्रस्तुत रेखाचित्र अनुसार गरिबीका विश्लेषण गर्न ३ ओटा आधारहरू तय गरिएको छ । एकातिर गरिबीका सूचकहरू जस्तै : आय, भूमिको स्वामित्व, जातजाति,पेशागत संरचना, परिवार ढाँचा, उमेर समूह, शैक्षिकस्तर, भौतिक सुविधाको प्रयोग आदि जस्ता सूचकहरूलाई अध्ययनको माध्यम बनाइएको छ भने गरिबीका कारण र सुधारका उपायहरूलाई पनि आधार बनाइएको छ । गरिबीको विश्लेषण गर्दा आम्दानीको स्तर र खर्चका स्तर समेत अध्ययन गरिएको छ ।


नेपालमा ग्रामीण गरिबीको विश्लेषण
गरिबीका सूचकांकहरु
गरिबीका कारणहरू
गरिबी निवारणका लागि सुझावहरू
आय
भूमिको स्वामित्व
जातजाति
पेशागत संरचना
परिवार ढाँचा
उमेर समूह
शैक्षिक स्तर
भौतिक सुविधाको प्रयोग
कम आय
निर्वाहमूखी कृषि पद्धति
बेरोजगार
उर्वर भूमिको अभाव
शिक्षाको विस्तार गर्नुपर्ने
कृषिमा आधुनिकीकरण
व्यवसायिक एवं सीपमूलक तालिम प्रदान गर्नुपर्ने

स्रोत : रेग्मी, (२०७१)

यो अध्ययन आफैमा महत्वपूर्ण र औचित्यपूर्ण रहेको र यसले गरिबीको अवस्थालाई दुरूस्तै चित्रण गरेको छ । शैक्षिक उपाधिको लागि तयार गरिएको यो अध्ययन आफैमा छनोट गरिएको क्षेत्रको दपर्ण पनि हो, जसको सहायताले त्यस क्षेत्रको विकास गर्न र नीति निर्माण गर्न सहयोग पुग्दछ । अध्ययन गर्दा विभिन्न पक्षहरूको अध्ययन गर्नु आवश्यक रहेको छ । गरिबीको सूचकहरू जस्तै : आय, भूमिको स्वामित्व, पेशागत संरचना, परिवार सङ्ख्या तथा ढाँचा , उमेर स्तर, शैक्षिक स्तर र भौतिक सुविधाको प्रयोग रहेका छन् । गरिबीका विभिन्न कारणहरू रहेका हुन्छन् जस्तै : कम आय, निवार्हमुखी कृषि प्रणाली ,बेरोजगारी र उर्भरभूमिको अभावले गरिबी बढ्दै गएको छ । यसलाई अध्ययन गर्न गरिबीका पक्षहरूको अध्ययनको आवश्यक छ ।

# अध्याय तीन (CHAPTER-III)

## अनुसन्धान विधि तथा प्रक्रिया (Research Method and Procedure)

कुनै पनि अध्ययन अनुसन्धानलाई पूरा गर्नका लागि पूर्व निर्धारित विधि एवम् निश्चित प्रक्रियाको पालना गर्नुपर्दछ । त्यसो भएमात्र अनुसन्धानबाट अपेक्षा गरिएको उद्देश्य पूरा हुन सक्छ । हरेक अनुसन्धानलाई सफल बनाउनका लागि अध्ययन विधिको स्थान उच्च रहन्छ । अनुसन्धानका लागि आवश्यक सामग्रीको स्रोत, सामग्री संकलन र त्यसको सत्यापनसम्मको समग्र प्रक्रिया नै शोध विधि हो । कुनै पनि अध्ययनलाई प्रभावकारी ढङ्गबाट सम्पन्न गर्नका लागि उक्त अध्ययनका लागि आवश्यक विधि तथा प्रक्रिया लाई कअवलम्बन गरिनुपर्दछ । यो अध्यायमा अध्ययनमा समावेश गर्ने अनुसन्धान ढाँचा, तथ्याङ्कका स्रोत, जनसङ्ख्या र नमुना छनोट प्रक्रिया, अध्ययन क्षेत्रको पहिचान र परिचय, तथ्याङ्क संकलनका साधनहरू, तथ्याङ्क संकलन गर्ने तरिका र तथ्याङ्क विश्लेषण निम्नानुसार गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा (Research Design)

समस्याको अध्ययन अनुसन्धान गर्न निश्चित विधिहरू प्रयोग गर्नुपर्ने हुन्छ । जसले कुनै पनि समस्या र विषयवस्तुको बारेमा विस्तृत जानकारी प्रदान गरी निष्कर्षमा पुग्न मद्दत पुर्‍याउनुका साथै के कसरी अध्ययन कार्य गरिएको छ त्यस कुरालाई प्रष्ट पार्ने काम गर्दछ । अनुसन्धानका सम्पूर्ण पक्षलाई समेट्ने गरी तार्किक र स्पष्ट अर्थ दिने सबै क्षेत्रको अन्तरविरोध हटाउने र अपूर्णतालाई समेट्ने गरी अनुसन्धान ढाँचा तयार पार्नुपर्दछ । अनुसन्धान कार्यमा अध्ययन विधि एक महत्वपूर्ण अङ्गका रूपमा रहेको हुन्छ । अध्ययनका क्रममा प्रयोग गरिएका विधिहरूले अध्ययनलाई प्रभावकारी र तथ्यपूर्ण बनाउन सकिन्छ । शोधकार्य गर्दा सम्बन्धित क्षेत्रमा गई विभिन्न विधिहरू अंगिकार गरी तथ्य संकलन र तिनको व्याख्या विश्लेषण गर्नुपर्ने हुन्छ । प्रस्तुत अध्ययन व्याख्यात्मक तथा विश्लेषणात्मक ढाँचामा आधारित छ । सल्यान जिल्लाको कालिमाटी गाउँपालिका वडा नं.४ मा रहेका ग्रामीण परिवारको आर्थिक अवस्था पत्ता लगाउनका लागि तथ्याङ्क संकलनको महत्वपूर्ण साधन प्रश्नावलीको माध्यमबाट प्राथमिक तथ्याङ्क संकलन गरिएको छ भने द्वितीयक तथ्याङ्क संकलनका स्रोतबाट संकलन गरिएका तथ्याङ्कको व्याख्या तथा विश्लेषण तालिका र रेखाचित्रबाट प्रस्तुत गरिएको हुनाले तथ्याङ्कको स्वरुप गुणात्मक तथा परिमाणात्मक दुवै खालको छ ।

### ३.२ तथ्याङ्कका स्रोतहरू (Sources of Data)

जुनसुकै कार्यको लागि निश्चित प्रक्रिया अपनाउनु पर्ने अनिवार्य आवश्यकता रहन्छ । शोधकार्यका लागि सामग्री संकलन अत्यावश्यक हुन्छ । संकलित सामग्रीको स्रोतको आधारमा प्राथमिक र द्वितीयक स्रोत गरी वर्गीकरण गर्ने गरिन्छ । यस अध्ययनमा निम्न स्रोतहरुको प्रयोगबाट तथ्याङ्क संकलन गरिएको छ :

#### ३.२.१ प्राथमिक तथ्याङ्कका स्रोतहरु (Sources of Primary Data)

यस अध्ययनमा प्राथमिक तथ्याङ्कका स्रोतका रुपमा अध्ययन क्षेत्रका उत्तरदाताहरू रहेका छन् । यस अध्ययनमा सल्यान जिल्ला कालिमाटी गाउँपालिका वडा नं.४ मा रहेका नमुना छनोटमा परेका घरपरिवारले दिएका तथ्याङ्कलाई तथ्याङ्कको प्राथमिक स्रोतका रुपमा लिइएको छ ।

#### ३.२.२ द्वितीय तथ्याङ्कका स्रोतहरु (Sources of Secondary Data)

यस अनुसन्धान कार्यलाई अझैं बढी यथार्थपरक बनाउनका साथै निर्धारित उद्धेश्यहरू प्राप्त गर्नका लागि प्राथमिक स्रोतका अलावा गाउँपालिकाको वार्षिक प्रतिवेदनहरु, गाउँपालिकाको मार्गचित्र, प्रकाशनहरु, जर्नल, सम्बन्धित लेख तथा रचना, प्रकाशित पुस्तक, स्थानीय अप्रकाशित शोधपत्रहरु आदि यस अध्ययनको द्वितीयक तथ्याङ्कको रूपमा लिइएको छ ।

### ३.३ जनसङ्ख्या, नमुना आकार र नमुना छनोट रणनीति (Population, Sample Size and Sampling Strategy)

अनुसन्धानको क्रममा स्रोत साधन र समयको सीमितताको कारणले सम्पूर्ण जनसङ्ख्यालाई लिएर अध्ययन गर्न जटिल एवम् कठिन हुने भएकाले सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्वको आधारमा नमुना छनोट गरिएको छ । जसका लागि निम्न प्रक्रिया अपनाइएको छ ।

#### ३.३.१ जनसङ्ख्या (Population)

सल्यान जिल्ला कालिमाटी गाउँपालिकाको प्रोफाइल अनुसार वडा नं. ४ मा जम्मा ६२५ घरधुरी रहेका छन् यो नै यस अध्ययनको जनसङ्ख्या हो ।

### ३.३.२ नमुनाको आकार (Sample Size)

यस अध्ययन क्षेत्रमा रहेका ६२५ घरधुरी मध्ये १६ प्रतिशत घरपरिवार अर्थात १०० घरपरिवारलाई सामान्य सम्भावनायुक्त नमुना छनोट विधिबाट छनोट गरी नमुनाको आकारको रुपमा लिइएको छ ।

### ३.३.३ नमुना छनोट रणनीति (Sampling Strategy)

साधन, स्रोत र समयको सीमितताका कारण सम्पूर्ण गाउँपालिकाको जनसङ्ख्यालाई लिएर अध्ययन गर्न कठिन हुन्छ । त्यसैले सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व हुने गरी उद्धेश्यमूलक र सुविधाजनक नमुना छनोट विधिको आधारमा छनोट गरिएको छ । यसलाई यस प्रकार उल्लेख गरिएको छ :

क) यस अध्ययनलाई सम्पन्न गर्नका लागि सामान्य सम्भावनायुक्त नमुना छनोट पद्धतिको आधारलाई अवलम्बन गरिएको छ । यस अध्ययन ग्रामीण क्षेत्रसँग सम्बन्धित र अध्ययापनकर्तालाई तथ्याङ्क लिनलाई सहज गर्ने भएकाले यस गाउँपालिकालाई नमुना छनोटका रूपमा लिइएको हो ।

ख) कालिमाटी गाउँपालिका अन्तर्गत ७ ओटा वडाहरुमध्ये वडा नं.४ मा रहेका ६२५ घरधुरीमध्ये १६ प्रतिशत घरधुरी अर्थात १०० घरधुरीलाई सामान्य सम्भावनायुक्त नमुना छनोट विधिबाट छनोट गरिएको छ । सर्वप्रथम ६२५ घरधुरीको नाम सङ्कलन गरी ६२५ ओटा चिठ्ठा बनाइएको थियो र एउटा झोलामा राखी क्रमशः एक/एक गरी १०० वटा चिठ्ठा तानिएको थियो । तिनै चिठ्ठा परेका घरधुरीमा गई तथ्याङ्क सङ्कलन गरिएको छ ।

ग) यो तथ्याङ्क सङ्कलन गर्दा प्रत्यक्ष घर परिवारमा पुगी तथ्याङ्क दिन सक्ने खालका व्यक्तिहरू अथवा घरमूलीबाट तथ्याङ्क लिइएको छ ।

## ३.४ अध्ययन क्षेत्र (Study Area)

प्रस्तुत शोधपत्रको अध्ययन क्षेत्र नेपालको कर्णाली प्रदेश, राप्ती अञ्चल, सल्यान जिल्लाको कालिमाटी गाउँपालिका वडा नं. ४ रहेको छ ।

## ३.५ तथ्याङ्क संकलनका साधनहरू (Tools of Data Collection)

यस अध्ययन कार्य सम्पन्न गर्नका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्न र अध्ययनलाई पूर्णता दिनका लागि प्रश्नावली, अवलोकन जस्ता साधनहरु प्रयोग गरिएको छ ।

### ३.५.१ प्रश्नावली (Questionnaire)

सर्वेक्षण अनुसन्धानमा प्रयोग हुने मूख्य औजार प्रश्नावली हो । तोकिएको शीर्षक अन्तर्गत रहेर उत्तरदाताहरूबाट प्रतिक्रियाहरू संकलन गर्नका लागि ढाँचाकृत गरिएको प्रश्नहरूको औपचारिक संग्रहलाई प्रश्नावली भनिन्छ । अनुसन्धानमा प्रश्नावली लिखित प्रश्नहरूको विवरण हो जसको मद्धतले उत्तरदाताबाट विवरणहरू संकलन गरी अभिलेख गरिन्छ ।

छनोटमा परेका घरधुरीको पारिवारिक संरचना कस्तो छ ? परिवारको वार्षिक आम्दानी कति छ ? परिवारका सदस्यको पेशा के हो ? शैक्षिक अवस्था कस्तो छ ? आदि कुराको जवाफ खोज्नका लागि संरचित र असंरचित प्रश्नावलीको प्रयोग गरिएको छ ।

### ३.५.२ अवलोकन (Observation)

अनुसन्धानकर्ताले आफूले अनुसन्धान गर्ने विषयमा केन्द्रित रहेर कुनै अनुसन्धान परिवेशलाई प्रत्यक्ष नियाल्दछ भने त्यसलाई अवलोकन भनिन्छ । मानिसहरूको व्यवहार, क्रियाकलाप र गतिविधिलाई बुझ्नका लागि अवलोकन गरिन्छ । अवलोकन खासगरी सहभागी अवलोकन, असहभागी अवलोकन, अर्धसहभागी अवलोकन, सामूहिक अवलोकन, असंरचित अवलोकन र संरचित अवलोकन गरी ६ प्रकारका रहेका हुन्छन् । यस अनुसन्धानमा अवलोकन समेत गरिएको छ । यस अध्ययनका क्रममा स्थानीय जनताको पारिवारिक अवस्था, आय आर्जनको माध्यम, रोजगारी, खानपान, कृषि पशुपालनको अवस्था, आवास, शैक्षिक अवस्था आदिका बारेमा प्रत्यक्ष अध्ययन क्षेत्रमा गई अवलोकन गरी तथ्याङ्क संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्क संकलनका प्रविधिहरू (Techniques of Data Collection)

यस शोधपत्रको उद्देश्य परिपूर्तिका निम्ति आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न प्रश्नावली लिएर अध्ययनकर्ता स्वयं अध्ययन क्षेत्रमा पुगेर प्रत्यक्ष रुपमा उत्तरदातासँग आमनेसामने बसी प्रश्न उत्तरको माध्यामबाट तथ्याङ्क संकलन गरिने छ । यसका लागि निम्न प्रक्रिया पूरा गरिने छ ।

### ३.६.१ अन्तर्वार्ता (Interview)

तथ्याङ्क संकलनको क्रममा व्यक्तिगत तहमा रहेर अनुसन्धानकर्ताले उत्तरदातासँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा भेटघाट गरी आवश्यक सूचना दिने कार्य नै अन्तर्वार्ता हो । अनुसन्धानमा सहभागी पद्धति नै अवलम्बन गरी कुनै पनि समस्या स्वयं भोग्ने मानिससँग वा सरोकारवाला व्यक्तिहरूसँग सँगै रहेर सोधपुछका माध्यमबाट अन्तर्वार्ता लिन सकिन्छ । अन्तर्वार्ता सूचनादाताको सङ्ख्याको आधारमा व्यक्तिगत अन्तर्वार्ता र सामूहिक अन्तर्वार्ता गरी दुई प्रकारका हुन्छन् भने अध्ययन पद्धतिका आधारमा अनिर्देशित, निदेर्शित, केन्द्रित, पुनरावृत्ति, गहन अन्तर्वार्ता रहेका हुन्छन् । त्यसैगरी, कार्यको आधारमा निदानात्मक अन्तर्वार्ता, उपचारात्मक अन्तर्वार्ता र अनुसन्धानात्मक अन्तर्वार्ता गरी तीन प्रकारका हुन्छन् र औपचारिकताका आधारमा औपचारिक र अनौपचारिक अन्तर्वार्ताहरू रहेका हुन्छन् । प्रस्तुत अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क सङ्कलन गर्नका लागि प्रत्यक्ष व्यक्तिगत अन्तर्वार्ता प्रविधिको प्रयोग गरिने छ । प्रश्नावली लिएर अनुसन्धानकर्ता स्वयं अध्ययन क्षेत्रमा गई छनोट घरधुरीका घरमुलीसँग प्रत्यक्ष अन्तर्वार्ताबाट आमनेसामने बसी तथ्याङ्क संकलन गरिएको छ ।

### ३.६.२ प्रत्यक्ष अवलोकन (Direct Observation)

अनुसन्धानकर्ता आफै अनुसन्धान क्षेत्रको एक सदस्यको रूपमा अनुसन्धानको विषय र प्राप्त गर्नुपर्ने सूचनाका आधारमा सूचना संकलन गर्दा कुन तहसम्म रहेर समुदायको अवलोकन गर्ने भन्ने कुरा निर्धारण गर्नु पर्दछ । अवलोकन सहभागीपूर्ण वा असहभागी पनि हुन सक्दछ । वास्तविक संसारमा के कसरी व्यावहार भएका छन् र घटना भएका छन् भन्ने तथ्य हेरेर पत्ता लगाउने तरिका अवलोकन हो । खास उद्देश्य प्राप्त गर्ने कार्यक्षेत्रमा नै पुगेर प्राकृतिक प्रवृति बुझ्ने विधि नै अवलोकन हो । संरचित, असंरचित तथा खुला र बन्द प्रकृतिका प्रश्नहरुको प्रयोगबाट प्राप्त सूचना शङ्कास्पद लागेमा अवलोकन गरी सूचना संकलन गरिएको छ । जस्तै कुनै घरमूलीलाई तपाईंसँग कति पशुहरु छन् भनी प्रश्न गर्दा उसले २ भैंसी, ४ गाई र ५ बाखा भनी उत्तर दियो तर त्यो व्यक्तिसँग बढी वा कम पशुहरु छन् भन्ने लागेमा उत्तरदातालाई थाहा नहुने गरी अवलोकन गरिएको छ ।

## ३.७ गरिबी विश्लेषणका आधारहरु (Basic Indicators of Poverty Analysis)

### ३.७.१ व्यक्ति गन्ति सूचकांक ( Head Count Index )

घरायसी आय गणना गर्दा पेशा तथा रोजगारीलाई आधार मानिएको छ । खर्च गणना गर्दा स्थानीय बजारमा उपलब्ध हुने उपभोग्य वस्तुलाई लिइएको छ । आय तथा खर्चको आधारमा गणना गर्दा गरिब व्यक्ति गन्ति सुचकांक ( Head Count Index ) प्रयोग गरिएको छ । यसलाई निम्न सूत्रबाट गणना गरिएको छ :

$$HI = \frac{H}{N}$$

Where, HI = Head Count Index

H = गरिबीको रेखामुनि रहेको जनसङ्ख्या

N = कूल जनसङ्ख्या

यस विधिबाट गरिबीको गणना गर्दा HI को मान जति धेरै आयो त्यति धेरै गरिबी रहेको बुझिन्छ । केन्द्रीय तथ्याङ्क विभाग २०६५/६६ का अनुसार नेपालमा यो सूचकांक २५ प्रतिशत रहेको छ । यस विधिले गरिबहरु बीचको असमानतालाई ख्याल गर्दैन । यसले घरपरिवारको गरिबी प्रतिशत मापन नगरी व्यक्तिको गरिबी प्रतिशत मापन गर्दछ ।

### ३.७.२ गरिबी अन्तराल सूचकांक ( Poverty Gap Index )

गरिबी अन्तराल भन्नाले गरिबीको रेखामुनि रहेको सबै गरिबहरुलाई निरपेक्ष गरिबीबाट उकास्न आवश्यकपर्ने आम्दानीलाई बुझाउँछ । यसले गरिबीको गहनता नाप्ने काम गर्दछ । कुल गरिबीको अन्तराललाई निम्नानुसार नाप्न सकिन्छ :

$$\text{Poverty Gap Index (PGI)} = \frac{1}{N}\sum_{i=1}^{q} \frac{Yp-Yi}{Yp}$$

Where, Z = गरिबी रेखाको आयस्तर

Yi = i- औँ गरिबको आयस्तर ($Yi<Yp$)

q = गरिबहरुको सङ्ख्या

N = कूल जनसङ्ख्या

गरिबी अन्तरालले गरिब मानिएका मानिसहरु गरिबीको रेखाभन्दा कतिले टाढा छन् भन्ने देखाउँछ । जति धेरै गरिबीको अन्तराल छ त्यति नै गरिबीको समस्या बढी हुन्छ । यदि PGI = ०.०८ आएमा गरिब पहिचान भएका व्यक्तिहरु गरिबीको रेखाभन्दा ८ प्रतिशतले तल छन् ।

### ३.७.३ आधारभूत सूचकका आधारमा गरिबी विश्लेषण (Analysis of Poverty by Basis Indicators )

गरिबीको गहनता पत्ता लगाउन निम्न सूचकहरुको प्रयोग गरिएको छ :

#### ३.७.३.१ खाद्यान्नको पर्याप्तता ( Food Sufficiency )

ग्रामीण गरिबीको विश्लेषण गर्दा खाद्यान्नको पर्याप्ततालाई सूचकको रुपमा लिइएको छ । यसको प्रयोग खाद्यान्नको पर्याप्तता छ वा छैन भन्नेमा गरिएको छ ।

#### ३.७.३.२ भू-स्वामित्व ( Land Ownership)

परिवार आँफैले उब्जाएको अन्नले वर्षभरि खान पुग्छ वा पुग्दैन त्यसको खोजी गर्न यो सूचकको प्रयोग गरिएको छ ।

#### ३.७.३.३ पशुपंक्षीको स्वामित्व ( Live Stock Ownership )

परिवारसँग पशुपंक्षी कति छन् र त्यसबाट कति आम्दानी गर्दछन् भन्ने कुराको तथ्याङ्क संकलन गर्न यो सूचक  प्रयोग गरिएको छ ।

#### ३.७.३.४ कूल घरायसी आय ( Gross Household Income )

नमुना छनोट गरिएका परिवारले कुन कुन स्रोतबाट के कति आम्दानी गर्दछन् भन्ने कुरा पत्ता लगाउन यो सूचक प्रयोग गरिएको छ ।

#### ३.७.३.५ शैक्षिक उपलब्धि ( Educational Achivement )

स्थानीय गरिबीको विश्लेषण गर्नका लागि शैक्षिक उपलब्धिलाई पनि लिइएको छ ।

### ३.८ तथ्याङ्कको विश्लेषण (Analysis of Data)

यो अध्ययनका क्रममा तथ्याङ्क संकलनका विभिन्न साधनहरुबाट प्राप्त तथ्याङ्क, सूचना तथा जानकारीहरुलाई विश्लेषणात्मक तथा परिमाणात्मक विधिद्वारा व्याख्या तथा विश्लेषण गरिएको छ । नतिजालाई विश्लेषण गर्न सरल र सहज हुनेगरी तालिकीकरण, ग्राफ, चार्ट तथा स्तम्भचित्र प्रस्तुत कगरिएको छ । त्यसैगरी अध्ययन क्षेत्रको गरिबीलाई नेपाल जीवनस्तर सर्वेक्षण २०६६/६७ का अनुसार विश्लेषण गरिएको छ । जहाँ ग्रामीण सुदुर/मध्यपश्चिमाञ्चल पहाडमा वार्षिक रु १६,३५५ भन्दा कम आय प्राप्त गर्ने व्यक्तिलाई गरिब भनिनेछ ।

## अध्याय चार (CHAPTER –IV)

## तथ्याङ्क संकलन तथा विश्लेषण (Data Collection and Analysis)

प्रस्तुत अध्ययन सल्यान जिल्लाको कालिमाटी गाउँपालिकामा केन्द्रित रहेको छ । सल्यान जिल्ला नेपालको पहाडी प्रदेशमा पर्ने जिल्ला हो । संघीय नेपालको प्रदेश नं. ६ मा पर्ने सल्यान जिल्लालाई छनोट गरी ग्रामीण गरिबीको विश्लेषण गरिएको छ । कालिमाटी गाँउपालिकाद्वारा वि.सं. २०७४ सालमा प्रकाशन गरिएको पार्श्वचित्र अनुसार कालिमाटी गाउँपालिका नेपालको कर्णाली प्रदेश अन्तर्गतको सल्यान जिल्लामा पर्दछ । भौगोलिक हिसाबले ८० डिग्री २० मिनेटदेखि ८३ डिग्री २८ मिनेट पूर्वी देशान्तर र २७ डिग्री ३१ मिनेटदेखि २७ डिग्री ३७ मिनेट ३० सेकेण्ड उत्तरी अक्षांशमा अवस्थित रहेको छ । ५००.७२ वर्ग कि.मि. क्षेत्रफल रहेको यस गाउँपालिकाको उत्तरमा बनगाड कुभिण्डे नगरपालिका, शारदा नगरपालिका र सुर्खेत जिल्ला पश्चिमतिर बर्दिया जिल्ला, पूर्वमा त्रिवेणी गाउँपालिका र दाङ जिल्ला दक्षिणमा बाँके जिल्ला रहेको छ ।

कालिमाटी गाउँपालिकाको नामाकरण यस भेगकै प्रसिद्ध कालिमाटी गंगामाला भगवतीको नामबाट रहन गएको हो । सोही भगवतीको पूण्य यस क्षेत्रलाई प्राचीनकाल देखि कालिमाटी भन्ने गरेको पाइन्छ । साविकका गा.वि.स. हरु कालिमाटी रामपुर, कालिमाटी काल्चे, काप्रेचौर (पहिले कालिमाटी काल्चे) अगाडि कालिमाटी रहन गएको हो । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी क्षेत्री जाति ९,३७८ जना (४०.७७%), दोस्रोमा मगर ७,९५१ (३४.५६%) र तेस्रोमा दलित २,४५७ जना (१०.६८%) हरुको बसोबास रहेको छ । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अर्को मुख्य श्रोतको रुपमा वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा विस्तारै आधुनिक कृषितिर अग्रसर हुन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम अत्याधिक बढिरहेको छ ।

यस क्षेत्रको गरिबी विश्लेषण गर्दा विभिन्न तत्वहरू जस्तै : प्राथमिक स्रोतको रूपमा प्रयोग गरिएका प्रश्नावली मार्फत विभिन्न प्रकारका विवरणहरू जस्तै : पेशा, लिङ्ग, उमेर, भाषा, धर्म, जात, महिला र पुरूषको जनसङ्ख्या, उमेरको आधारमा जनसङ्ख्या र शिक्षा, बालबालिकाहरू विद्यालय नजानुको कारण, उत्तरदाताको जग्गा जमिनको अवस्था,

उनीहरूको आफ्नै उत्पादनबाट खानपुग्ने अवधी जस्ता कुराहरू समेटिएको छ । त्यसैगरी, प्रश्नावलीको आधारमा उत्तरदाताको घरको छानोको प्रकृति, उनीहरूले पालन गरेको पशुपंक्षीहरूको विवरणको साथै उनीहरूले प्रयोग गर्ने शौचालयको समेत विवरण उल्लेख गरिएको छ । प्रश्नावलीको माध्यमबाट उनीहरूको परिवारका सदस्यहरूको वैदेशिक रोजगारीको अवस्था, पालन गरेका पशुपंक्षीबाट प्राप्त आम्दानी, कृषिबाट उनीहरूको जीवनस्तर उठ्न नसकेको कारण, गरिबी बढ्नुको कारण, गरिबी समस्या समाधानका वा न्यूनीकरण गर्नको लागि अवलम्बन गर्नुपर्ने उपायहरू जस्ता विषयहरूलाई समेटिएको छ । यस अध्ययनमा प्रश्नावलीको माध्यमबाट उनीहरूले वैदेशिक रोजगारीबाट प्राप्त गर्ने आम्दानी, रोजगारीका लागि देश र सङ्ख्या समेत उल्लेख गरिएको छ । त्यसको साथै, अध्ययनमा परिवारका सदस्यहरूको व्यावसाय तथा पेशा र उनीहरूले प्राप्त गर्ने वा आर्जन गर्ने आम्दानीको विवरण समेत उल्लेख गरिनुको साथै अन्य आम्दानीका स्रोतबाट प्राप्त आम्दानीको समेत विवरण उल्लेख गरिएको छ । अनुसन्धानमा प्रश्नावलीको माध्यमबाट उत्तरदाता र उनीहरूको परिवारले कृषि क्षेत्रमा गर्ने खर्च, खाद्यान्नमा गर्ने खर्च, लत्ताकपडामा गर्ने खर्च, शिक्षा, स्वास्थ्य, चाडपर्वमा गर्ने खर्चको विवरण, बासस्थानको निर्माणमा गरेको खर्च, सामाजिक क्षेत्रमा गरेको खर्च तथा विविध क्षेत्रमा गरेको खर्चको विवरण समेत संकलन गरिएको छ ।

यस अध्यायमा तीनओटा खण्ड उल्लेख गरिएको छ जसमा पहिलो खण्डमा प्रश्नावलीमार्फत प्राप्त विवरणलाई तालिकाको माध्यमबाट प्रस्तुत गरिएको छ भने दोस्रो खण्डमा उत्तरदाताको जम्मा आम्दानी र खर्चको विवरणबाट विधिहरूको प्रयोग गरी गरिबीको विश्लेषण गरिएको छ भने तेस्रो खण्डमा समस्या तथा चुनौतिको बारेमा उल्लेख तथा विश्लेषण गरिएको छ ।

## ४.१ उत्तरदाताको आधारभूत विवरण (Fundamental Statistics of the Respondents)

अध्ययन तथा अनुसन्धान गर्ने क्रममा जब प्राथमिक तथ्याङ्कको प्रयोग गर्ने गरिन्छ तब अनुसन्धान गुणात्मक वा परिमाणात्मक जे भएपनि तथ्याङ्कको विवरणलाई विश्लेषण गर्नु आवश्यक हुन्छ । प्रस्तुत अध्ययनमा प्रश्नावलीको माध्यमबाट प्राप्त विवरण, जनसङ्ख्याको अवस्थिति, त्यसमा क्षेत्रगत तथा उमेरगत फरक स्थितिले उत्पादन प्रक्रियामा असर गर्ने गर्दछ । उत्तरदाताको आधारभूत विवरण उमेर, लिङ्ग, जात, धर्म,

विवाह, परिवार जस्ता तत्वहरूको अध्ययन गरिएको छ । त्यसको साथै उत्तरदाताले दिएको सम्पूर्ण विवरण स्थलगत अनुसन्धानको प्रारम्भिक तथा महत्वपूर्ण पक्ष हो । उनीहरूको सामान्य अवस्थाको जानकारी दिने काम यसले गर्दछ । यस अध्ययनमा उत्तरदाताको आधारभूत विवरण निम्नानुसार उल्लेख गरिएको छ ।

### ४.१.१ पेशा अनुसार उत्तरदाताको विवरण (Occupation of the Respondents)

पेशा अर्थात् मानिसले गर्ने दैनिक क्रियाकलापको विवरण नै पेशा हो । हरेक मानिसहरूले आफनो मुख्य क्रियाकलापको अलवा अन्य क्रियाकलापमा समेत संलग्न रहेका हुन्छन् । कुनै पनि व्यक्तिको पेशा उसको उमेर, शैक्षिक अवस्था, पारिवारिक तथा आर्थिक स्थिति र लगनशीलतामा भर पर्ने गर्दछ । छनोट गरिएको उत्तरदाताको पेशागत विवरण तालिका १ मा उल्लेख गरिएको छ ।

**तालिका १**

**उत्तरदताको पेशागत विवरण २०७८**

| क्र.स. | उत्तरदाताको पेशागत विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | कृषि | ८५ | ८५ |
| (ख) | व्यापार | ११ | ११ |
| (ग) | जागिर | ९ | ९ |
| (घ) | कृषि र जागिर | १ | १ |
| (ङ) | कृषि र व्यापार | ३ | ३ |
| (च) | वैदेशिक रोजगार | १ | १ |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

यस अध्ययनमा जम्मा १०० घरधुरीको छनोट गरिएको थियो भने घरमुलीको पेशालाई यहाँ उत्तरदाताको पेशाको रूपमा उल्लेख गरिएको छ । तालिका अनुसार जम्मा १०० जना उत्तरदाता छनोट गरिएकोमा ८५ प्रतिशत मानिसहरू कृषि पेशामा संलग्न रहेको पाइएको छ भने ११ प्रतिशतले व्यापार व्यवसाय गर्ने गरेको पाइएको छ । त्यसैगरी, कृषि र व्यापारलाई आफ्नो पेशा बनाउने उत्तरदाताको प्रतिशत ३ रहेको पाइयो । वैदेशिक रोजगारीलाई आफ्नो पेशा बनाउने उत्तरदताको प्रतिशत १ रहेको छ भने सरकारी सेवालाई आफ्नो पेशा बनाउनेको प्रतिशत ९ मात्र रहेको छ । यसरी हेर्दा, कृषि पेशामा

बढी मानिसहरू संलग्न रहने गरेको पाइएको छ । यसले के देखाउँछ भने कृषि पेशा नै त्यो क्षेत्रको मुख्य पेशाको रूपमा रहेको छ  जुन गरिबीको एक महत्वपूर्ण तत्व पनि हो ।

### ४.१.२ लिङ्ग अनुसार  उत्तरदाताको विवरण (Sex of the Respondents )

समाजका प्रत्येक  व्यक्तिहरूका तिनमा रहेको  जैविकीय  विशेषताहरूको आधारमा महिला वा पुरूष हो भन्ने सार्वभौम रूपमा छुट्टाउन सकिन्छ । यही आधारमा महिला र पुरूष छुटिनुलाई लिङ्ग भनिन्छ । व्यक्तिहरूमा रहेका मौलिक जैविकीय विविधताका आधारमा व्यक्तिलाई जब छुट्टाइन्छ भने त्यसलाई हामी लिङ्ग वा  प्राकृतिक लिङ्ग भन्ने गर्दछौं । लिङ्ग छुट्टाउने आधार भनेको व्यक्तिका शारीरिक विशेषताहरू हुन् र उक्त विशेताहरूका आधारमा हामीले यो महिला हो र यो पुरूष हो भन्न सक्छौं । प्रस्तुत अध्ययनमा  छनोटमा परेका मानिसहरूको लैङ्गिक अवस्था तालिका २ मा उल्लेख गरिएको छ ।

**तालिका २**

**उत्तरदताको लैङ्गिक अवस्था २०७८**

| क्र.स. | लैङ्गिक अवस्था | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | पुरूष | ७९ | ७९ |
| (ख) | महिला | २१ | २१ |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

छनोट गरिएको क्षेत्रमा रहेका उत्तरदताको उत्तरदाताको लैङ्गिक अवस्थाको बारेमा उल्लेख गरिएको छ जस अनुसार यस अध्ययनमा छनोटमा परेका उत्तरदातामध्ये ७९ प्रतिशत पुरूष रहेका छन् भने २१ प्रतिशत महिला रहेका छन् ।

### ४.१.३ उमेर अनुसार उत्तरदाताको विवरण (Age Group of the Respondents )

उमेर समूह कुनै पनि व्यक्तिको उमेरको समूहलाई ५/५ वर्ष वा १०/ १० वर्षको फरकमा पनि राख्न सकिन्छ ।  शोध तयार पार्ने क्रममा खास गरी छनोट गरिएका उत्तरदाताको उमेरलाई  विभिन्न उमेर समूहमा समावेश गरी उल्लेख गर्न सकिन्छ । त्यसैगरी हरेक वर्षको उमेरमा पनि विश्लेषण गर्न सकिन्छ ।  विश्लेषण गर्दा सहजताको आधारमा र उद्देश्यको आधारमा  विश्लेषण गरी तालिकामा व्यक्त गर्ने गरिन्छ । उमेर समूहले समेत उनीहरूको अवस्था  व्यक्त गर्ने गर्दछ । उमेर समूहले उनीहरूको पेशा,

अवस्था वैवाहिक स्थिति र अन्य विषयहरूमा समेत उमेरको महत्वपूर्ण योगदान रहेको हुन्छ । अध्ययन तथा अनुसन्धान, सर्भे एवम् जनगणना जस्ता क्षेत्रमा समेत उमेर समूहको महत्व रहेको छ । प्रस्तुत शोधमा छनोट गरिएका उत्तरदाताको उमेर विवरणलाई तालिका ३ मा उल्लेख गएिको छ भने छनोटमा परेका उत्तरदाताका परिवारका सदस्यहरूको उमेर समूहलाई ० देखि ४ वर्ष, ५ देखि १५ वर्ष, १५ देखि ५९ वर्ष र ६० वर्ष भन्दा माथि गरी ४ उमेर समूहमा महिला र पुरूष गरी विवरण तयार गरिएको छ ।

**तालिका ३**

**उमेर अनुसार उत्तरदाताको विवरण २०७८**

| क्र.स. | उमेर अनुसार उत्तरदाताको विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | १० देखि २० वर्ष | १ | १ |
| (ख) | २१ देखि ३० वर्ष | १९ | १९ |
| (ग) | ३१ देखि ४० वर्ष | ४२ | ४२ |
| (घ) | ४१ देखि ५० वर्ष | २४ | २४ |
| (ङ) | ५१ देखि ६० वर्ष | १० | १० |
| (च) | ६० वर्ष माथि | ४ | ४ |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका ३ मा छनोट गरिएका १०० घरधुरीका १०० जना उत्तरदाताको उमेर समूहलाई उल्लेख गरिएको छ । तालिका अनुसार, छनोटमा परेका १०० जना उत्तरदातामध्ये १० वर्षदेखि २० वर्ष उमेरसम उमेर समूहका उत्तरदाताको प्रतिशत १ मात्र रहेको छ भने १९ प्रतिशत उत्तरदाता २१ देखि ३० वर्षसम्मका रहेका छन् । त्यसैगरी ३१ वर्षदेखि ४० वर्षसम्मको उमेर समूहमा पर्ने उत्तरदाताको प्रतिशत ४२ रहेको छ । ४१ वर्षदेखि ५० वर्षको उमेर समूहमा पर्ने उत्तरदाताको प्रतिशत २४ रहेको छ । त्यसैगरी ५१ देखि ६० वर्ष उमेर समूहमा पर्ने उत्तरदाताको प्रतिशत १० मात्र रहेको र ६० वर्ष माथिका उत्तरदाताको प्रतिशत ४ रहेको पाइएको छ ।

### ४.१.४ भाषा अनुसार उत्तरदाताको विवरण (Language of the Respondents)

मानवीय वस्तु भाषा एक विचार विनिमयको माध्यम हो । मानिसले आफ्नो कुराहरू आदान प्रदान गर्नको लागि भाषाको प्रयोग गर्ने गर्दछ । हरेक जातजातिहरूको आफ्नै भाषा

हुने गर्दछ । भाषाले मानिसको संस्कृति झल्काउने गर्दछ । मानिसहरू पछिल्लो समयमा धेरै प्रकारका भाषाहरू बोल्ने, लेख्ने गर्न थालेका छन् तर प्रस्तुत अध्ययनमा छनोट गरिएका उत्तरदाताको भाषाको मातृभाषा तथा बोलचालको भाषालाई निम्नानुसार उल्लेख गरिएको छ ।

**तालिका ४**

**भाषा अनुसार उत्तरदाताको विवरण २०७८**

| क.स. | भाषा अनुसार उत्तरदाताको विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | नेपाली | १०० | १०० |
| (ख) | अन्य | ० | ० |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

प्रस्तुत तालिका ४ मा छनोट गरिएका उत्तरदाताको भाषिक विवरण प्रस्तुत गरिएको छ । तालिका अनुसार शत प्रतिशत उत्तरदाताले नेपाली भाषा बोल्ने गरेको पाइएको छ ।

### ४.१.५ धर्म अनुसार उत्तरदाताको विवरण ( Religion of the Respondents)

समाजले खासखालका कुराहरूलाई पवित्र र खासखालका कुराहरूलाई अपवित्र भनेर परिभाषित गर्दै धर्मको निर्माण गर्ने गर्दछ । धर्म विश्वास र क्रियाकलापको एकीकृत प्रणाली हो जुन पवित्र वस्तुसँग गाँसिएको हुन्छ, भन्नुको अर्थ वस्तुहरू अलग्गै र निषेध गरिएका हुन्छन । पवित्र वस्तुहरूलाई कसैले सामान्य तरिकाबाट बुझ्न सक्दैनन् र ती वस्तुहरूलाई नै ईश्वर अथवा चट्टान आत्मा, रूख, काठको टुक्रा, घर आदिको रूपमा पूजा गरिन्छ । धर्म बास्तममै सामाजिक परम्परा हो, यो सामाजिक परिवेशमा नै उत्पन्न हुन्छ र अझ महत्वपूर्ण कुरा जब मानिसहरू पवित्र कुराहरूको पूजा गर्दछन् तब तिनीहरूको घुमाउरो वा नजानिदो पारामा समाजको पूजा गर्दछन् । तालिका ५ मा उत्तरदाताको धार्मिक विवरण उल्लेख गरिएको छ ।

**तालिका ५**

**धर्म अनुसार उत्तरदाताको विवरण २०७८**

| क्र.स. | धर्म अनुसार उत्तरदाताको विवरण | सङ्ख्या | प्रतिशत (%) |
|---|---|---|---|
| (क) | हिन्दु | ९७ | ९७ |
| (ख) | क्रिश्चियन | ३ | ३ |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

प्रस्तुत तालिका ५ मा छनोट गरिएका उत्तरदाताको धार्मिक आस्था वा विचार सम्बन्धि विवरण उल्लेख गरिएको छ । तालिका अनुसार ९७ प्रतिशतले हिन्दु धर्ममा विश्वास गर्दछन् भने ३ प्रतिशतले मात्र क्रिश्चियन धर्ममा विश्वास गर्दछन् ।

### ४.१.६ जात अनुसार उत्तरदाताको विवरण (Caste of the Respondents)

हिन्दु धर्म अनुसार जात एउटा सामाजिक संरचना हो । जातीय समूहलाई एउटा ठूलो समाजभित्रको एउटा सामूहिकताको रूपमा प्रस्तुत गर्न सकिन्छ । जसभित्र वास्तविक साझा प्राचीतना, ऐतिहासिक सम्बन्ध वा एउटा वा धेरै सांकेतिक तत्वहरू जसलाई मानवत्वको सारको रूपमा परिकभाषित गरिन्छ र सांस्कृतिक रूपमा जोड दिइन्छ । राष्ट्रिय जनगणना २०६८ का अनुसार नेपालमा १२५ जातजाति रहेका छन् । प्रस्तुत अध्ययनमा खास गरी छनोट गरिएका उत्तरदाताको जातीय अवस्थाको विवरण उल्लेख गरिएको छ ।

**तालिका ६**

**जात अनुसार उत्तरदाताको विवरण २०७८**

| क्र.स. | जात अनुसार विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | बाह्रमण | ७ | ७ |
| (ख) | क्षेत्री | ४१ | ४१ |
| (ग) | मगर | ४२ | ४२ |
| (ङ) | दलित | १० | १० |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका ६ मा उत्तरदताको जातीय अवस्थाको बारेमा उल्लेख गरिएको छ। छनोटमा परेका १०० जना उत्तरदातामध्ये ७ प्रतिशत ब्राह्मण, ४१ प्रतिशत क्षेत्री, ४२ प्रतिशत मगर र १० प्रतिशत दलित रहेका रहेको छन्।

### ४.१.७ परिवार सङ्ख्याको आधारमा उत्तरदाताको विवरण (Family Members of the Respondents)

परिवारलाई बाबु आमा र बच्चा मिलेर बनेको एउटा ठोस सामाजिक एकाइको रूपमा लिने गरिन्छ। धेरैजसो मानिसहरू यदि श्रीमान श्रीमती र तिनीहरूका बच्चाहरू भएको घरधुरी साथै यदि तिनीहरूका बच्चाहरू कहीँकतै बसिरहेका छन् भने समेत परिवार मान्न सकिन्छ। परिवार के हो भन्ने कुरा बुझ्न केही कुराहरू बुझ्नु आवश्यक छ। परिवारमा कम्तीमा विपरीत लिङ्गका दुई जवान व्यक्तिसँगै बस्छन्। तिनीहरू खास खालका श्रम विभाजनमा संलग्न भएता पनि तिनीहरू दुवैले दुरूस्तै समान कार्यहरूमा भने संलग्न हुँदैनन्। तिनीहरू विभिन्न प्रकारका आर्थिक र सामाजिक विनियमहरूमा संलग्न हुन्छन्, जुन कार्यहरू एक अर्काका लागि हुने गर्दछन्। तिनीहरू धेरैजसो बस्तुतहरूलाई साझा रूपमा आदान प्रदान गर्छन्। जस्तैः खाना, यौन, आवास र दुवै वस्तुहरू, र सामाजिक क्रियकलापहरू। त्यसैगरी परिवारमा जवानहरूको तिनीहरूका बच्चाहरूसँगै अभिभावकीय सम्बन्धहरू रहन्छन् भने बच्चाहरूमा आदरको सम्बन्ध हुन्छ। अभिभावकसँग तिनीहरूका बच्चाहरूप्रति केही अधिकार हुन्छन्। दुवैले एक अर्कामा आदान प्रदान गर्दछन् साथै केही हेरचाह, समन्वय र पोषणजस्ता जिम्मेवारी पनि रहने गर्दछन्। प्रस्तुत अध्ययनमा छनोटमा परेका उत्तरदताको पारिवार सङ्ख्याको विवरण तालिका ७ मा उल्लेख गरिएको छ।

## तालिका ७

## परिवार सङ्ख्याको आधारमा उत्तरदाताको विवरण २०७८

| क्र.स. | परिवार सङ्ख्या | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | १ | ० | ० |
| (ख) | २ | ४ | ४ |
| (ग) | ३ | १२ | १२ |
| (घ) | ४ | २४ | २४ |
| (ङ) | ५ | २३ | २३ |
| (च) | ६ | ९ | ९ |
| (छ) | ७ | १२ | १२ |
| (ज) | ८ | ७ | ७ |
| (झ) | ९ | ६ | ६ |
| (ञ) | १० | २ | २ |
| (ट) | ११ | २ | २ |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका ७ मा परिवारको सदस्य सङ्ख्याको विवरणलाई उल्लेख गरिएको छ । तालिका अनुसार १ जना मात्र सदस्य भएका परिवार कुनै पनि नरहेको पाइयो भने २ जना सदस्यको परिवार रहेको उत्तरदताको प्रतिशत ४ रहेको छ तर ३ जना सदस्यरहेको परिवारको प्रतिशत १२ रहेको छ । ४ जना सदस्य रहेको परिवार प्रतिशत २४ रहेको पाइएको छ । २३ प्रतिशत उत्तरदाताको परिवारमा ५ जना सदस्यहरू रहेका छन् भने ९ प्रतिशत उत्तरदाताको घरमा ६ जना परिवारका सदस्यहरू रहेका छन् । ७ जनाको परिवार रहेको उत्तरदाताको प्रतिशत १२ प्रतिशत रहेको छ । त्यसैगरी ७ प्रतिशत उत्तरदाताको परिवारमा ८ जना सदस्यहरू रहेका छन् । ९ जना सदस्य रहेको परिवार ६ प्रतिशत रहेका छन् भने १० जनाको परिवार रहेको उत्तरदाताको २ रहेको छ भने ११ जना सदस्य रहेको परिवारको प्रतिशत पनि उही रहेको पाइएको छ ।

### ४.१.८ उत्तरदाताको शैक्षिक अवस्था ( Educational Status of the Respondents)

शैक्षिक अवस्थाको सन्दर्भमा नेपालमा खासगरी औपचारिक र अनौपचारिक गरी दुई प्रकारको शिक्षा प्राप्त गर्ने चलन छ, अनौपचारिक शिक्षाले अनौपचारिक रूपमा प्राप्त गरेको शिक्षालाई जनाउँने काम गर्दछ भने औपचारिक शिक्षा खासगरी औपचारिक रूपमा प्राप्त गरेको शिक्षा हो । औपचारिक शिक्षामा प्राथमिक विद्यालय तह, निम्नमाध्यमिक विद्यालय तह, माध्यमिक विद्यालय तह, उच्च माध्यमिक तह, स्नातक तह, स्नातकोत्तर तह, एम. फिल तथा विद्यावारिधी तह हुने गर्दछ । यस अध्ययनमा छनोटमा परेका उत्तरदाताको परिवारको शैक्षिकस्तर अनुसूचीमा प्रस्तुत गरिएको छ । तालिकामा प्रस्तुत गर्दा छनोट गरिएको जम्मा जनसङ्ख्यालाई ६ भागमा जस्तैः आधारभूत तह अध्ययनरत, आधारभूत तह उत्तीर्ण, माध्यमिक तह अध्ययनरत, माध्यमिक तह उत्तीर्ण, उच्च माध्यमिक तह अध्ययरत, उच्च माध्यमिक तह उत्तीर्ण गरी विश्लेषण गरिएको छ ।

### ४.१.९ विद्यालय नजाने कारण (Causes of Not Going School)

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा स्वीकार गरी प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको अनिवार्य व्यवस्था गरेको छ । ज्ञानमा आधारित समाज निर्माणको माध्यमबाट दिगो विकास र आर्थिक समृद्धिका लागि शिक्षालाई महत्वपूर्ण औजारको रूपमा स्वीकारेको छ । शिक्षालाई व्यवसायिक, सिपमूलक, रोजगारीमूलक तथा जीवन उपयोगी वनाउन शिक्षा क्षेत्रमा सुधारका कार्यक्रम कार्यान्वयन गरिदै आएको छ । पन्धौं योजनाले गुणस्तरीय शिक्षा मार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील मानव स्रोतको विकास गर्ने लक्ष्य लिएको भएता पनि अझैं पनि ग्रामीण क्षेत्रका बालबालिकाहरू विद्यालय जानबाट बञ्चित रहेका छन् । तालिका ८ मा जम्मा २६ जना उत्तरदाताले आफ्ना बालबालिका विद्यालय नजानुको कारण उल्लेख गरेका छन् । जस्लाई तालिका ८ मा उल्लेख गरिएको छ ।

**तालिका ८**

**विद्यालय नजाने कारण २०७८**

| क्र.स. | विद्यालय नजाने कारण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | घरायसी कामकाज | १० | ३८.४६ |
| (ग) | पैसाको समस्या | १६ | ६१.५४ |
| | जम्मा | २६ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका ८ मा छनोट गरिएका उत्तरदाताका बालबालिकाहरू विद्यालय नजानुको कारण उल्लेख गरिएको छ । तालिका अनुसार, १० जनाले घरयासी कामकाजको कारणले गर्दा विद्यालय जान नपाएको कुरा उल्लेख गरेका छन् भने १६ जनाले पैसाको समस्याको कारण विद्यालय जान नसकेको जनाएका छन् । विद्यालय नजाने कारण उल्लेख गर्ने उत्तरदाताको सङ्ख्यालाई १०० प्रतिशत मानेर अध्ययन गर्ने हो भने ३८.४६ प्रतिशतले घरयासी कामकाजले गर्दा आफ्ना बालबालिका विद्यालय  नपठाउने गरेको पाइयो भने ६१.५४ प्रतिशतले पैसाको अभावले गर्दा आफ्ना बालबालिकालाई विद्यालय नपठाउने गरेको पाइन्छ ।

### ४.१.१० उत्तरदाताको भूमिमाथि पहुँच (Land Ownership of the Respondents)

भूमि प्रकृतिमा उपलब्ध सीमित प्राकृतिक स्रोत हो । पृथ्वीमा उपलब्ध भूमिको सीमित आकारले  दिगो  र अनन्तसम्म थेग्न सक्ने जनसङ्ख्याको  अधिकतम चाप नै भूमिको धान्नसक्ने क्षमता हो । भूमिको  धान्नसक्ने  क्षमताले  उपलब्ध भूमिको सही सन्तुलित र दिगो उपयोगमा जोड दिन्छ । भूमिको  अनियन्त्रित  र अव्यवस्थित  प्रयोगले उसको धान्न सक्ने क्षमतामा प्रतिकूल असर पुऱ्याउँछ ।  जसवाट बर्तमानमा  भूमिलाई उपयुक्त ढङ्गले उपयोग गरी अधिकतम लाभ हाँसिल गर्नमा नकारात्मक असर पुग्दछ  भने भविष्यका पुस्ताको भूमि उपयोग गर्न पाउने अधिकार हनन् हुनुका  साथै  अन्ततः मानव अस्तित्व र पृथ्वीलाई नै बचाउन नसकिने अवस्था उत्पन्न हुन्छ । अतः भूमि श्रोतको उपयोगबाट पर्नसक्ने नकारात्मक असरबाट पृथ्वीलाई बचाउन भूमिको  धान्न सक्ने क्षमतालाई बुझेर यसको उपयोग गर्नु जरूरी छ । तालिका ९ मा छनोट गरिएका उत्तरदाताले भोगचलन गरेको जम्मा जमिनको  विवरण उल्लेख गरिएको छ ।

**तालिका ९**

**उत्तरदाताको भूमिमाथि पहुँच २०७८**

| क.स. | उत्तरदाताको भूमिमाथि पहुँच | भूमिको क्षेत्रफल (रोपनी) |
|---|---|---|
| (क) | अब्बल | ३०१ |
| (ख) | दोयम | ८९ |
| (ग) | सिम | १७ |
| (घ) | चाहार | ११४ |
| | जम्मा | ५२१ |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका ९ मा छनोट गरिएका उत्तरदाताले भोगचलन गर्दै आएको भूमि तथा जमिनलाई अब्बल, दोयम, सिम र चाहार गरी ४ भागमा वर्गीकरण गरी अध्ययन गरिएको छ । तालिका अनुसार अब्बल जमिनको क्षेत्रफल ३०१ रोपनी रहेको पाइयो, दोयाम खालको जमिन जम्मा ८९ रोपनी रहेको पाइयो भने सिम प्रकारको जमिन १७ रोपनी मात्र रहेको पाइयो । छनोट गरिएका उत्तरदाताले भोग चलन गरेको चाहार जमिन ११४ रोपनी रहेको पाइएको छ । समग्रमा छनोटमा परेका घरधुरीले भोगचलन गर्ने गरेको जम्मा जमिनको क्षेत्रफल ५२१ रोपनी रहेको पाइएको छ ।

### ४.१.११ आफ्नो उत्पादनले खान पुग्ने अवधि (Food Sufficiency from Own Cultivation)

नेपाल कृषि प्रधान देश भएकोले धेरैजसो मानिसहरूको पेशा नै कृषि रहेको छ र यो पेशा निवार्हमुखी मात्र रहेको छ । पहाडी क्षेत्रमा मानिसहरूसँग पर्याप्त मात्रामा जमिन भएपनि उक्त जमिन तथा भूमिबाट उत्पादन कम हुने भएकोले आफ्नै उत्पादनले आफूलाई आफ्नो परिवारलाई खान नपुग्ने समस्या आउने गर्दछ । खाद्यान्न सुरक्षाका लागि खाद्य सुरक्षा भण्डार आवश्यक हुन्छ । उत्पादन बढी भएका बखत भण्डारण गर्ने र आवश्यकता अनुसार यसै भण्डारणबाट आपूर्ति र वितरण गर्न सकिन्छ । देशका विभिन्न क्षेत्रमा यस्ता सुरक्षा भण्डारको व्यवस्था गरी खाद्यान्नको सुरक्षा गर्न सकिन्छ । नेपालको संविधानको धारा ३६ मा खाद्य सम्बन्धी हकको व्यवस्था गरिएको छ । मौलिक हकको रूपमा रहेको यस हकमा प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक हुने कुरा उल्लेख छ । त्यस्तै प्रत्येक नागरिकलाई खाद्यबस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक

समावेश गरिएको छ । यस अध्ययनमा छनोटमा परेका उत्तरदातालाई तपाईँको आफ्नो उत्पादनले कति महिना खाना खान पुग्छ भनेर सोधिएको प्रश्नमा उनीहरूले दिएको जवाफलाई तालिका १० मा उल्लेख गरिएको छ ।

**तालिका १०**

**आफ्नो उत्पादनले खान पुग्ने अवधि २०७८**

| क.स. | आफनो उत्पादनले खान पुग्ने अवधि | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | ३ महिनासम्म | ४ | ४ |
| (ख) | ३ देखि ६ महिना | १३ | १३ |
| (ग) | ६ देखि ९ महिना | ४१ | ४१ |
| (घ) | ९ देखि १२ महिना | २७ | २७ |
| (ङ) | ब्चत | ९ | ९ |
| (च) | जग्गा नै छैन् । | ६ | ६ |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिकामा अध्ययनको क्रममा छनोटमा परेका उत्तरदातालाई खाद्यान्नको अवस्थाको सन्दर्भमा प्रश्नावली मार्फत संकलन गरिएको विवरण उल्लेख गरिएको छ । तालिका अनुसार आफ्नो उत्पादनले ३ महिनासम्म मात्र खान पुग्ने ४ जना उत्तरदाताले जवाफदिएका छन् भने १३ प्रतिशतले ३ देखि ६ महिनासम्म मात्र खान पुग्ने कुरा उल्लेख गरेका छन् । ४१ प्रतिशतले ६ महिना देखि ९ महिनासम्म मात्र खान पुग्ने जनाएका छन् भने २७ जनाले ९ महिना देखि १२ महिनासम्म आफ्नै उत्पादनले खान पुग्ने कुरा उल्लेख गरेका छन् । ९ प्रतिशतले आफ्नै उत्पादनले आफ्नो परिवारलाई खान पुग्ने र त्यसको बचत समेत हुने सो बिक्रि समेत गर्ने गरेको जनाएका छन् । भने आफ्नो जग्गा नभएको र जग्गामा कुनै उत्पादन नै नभएकोलेको १२ महिना नै खाद्यान्न किनेर खाने गरेको ६ प्रतिशतले उल्लेख गरेका छन् ।

### ४.१.१२ घरको प्रकृति (Nature of House)

संविधान पद्धत्त आवासको हक कार्यान्वयन गरी आवासमा आम नागरिकको पहुँच पुऱ्याउन सुरक्षित नागरिक आवास, एकीकृत बस्ती विकास र जनता आवास लगायताका कार्यक्रम सञ्चालन गरिएको छ । घरको अवस्थाले उनीहरूको आर्थिक अवस्था

झल्काउने गर्दछ  घरहरु पक्की, कच्ची   जस्तापाताको छानो भएको वा लेन्टर गरेको  र खरको छानो भएको हुने गर्दछन् । छनोट गरिएको क्षेत्रमा  धेरैजसो घरहरू जस्तापाताको छानो भएका छन् । जसलाई तालिका ११ मा प्रस्तुत गरिएको छ ।

**तालिका ११**

**घरको प्रकृति २०७८**

| क.स. | घरको प्रकृति | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | जस्तापाताको छाना भएको | ९९ | १०० |
| (ख) | लेन्टर गरेको | १ | १ |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका ११ मा  घरको प्रकृतिको बारेमा उल्लेख गरिएको छ ।  तालिका अनुसार ९९ प्रतिशत घरधुरीका घर जस्तापाताको छानो भएको  पाइयो भने १ प्रतिशतको मात्र लेन्टर गरेको  पाइयो । यसरी समग्रमा, सबैजसो उत्तरदाताको घर जस्तापाताको रहेको पाइयो ।

### ४.१.१३  पशुपालनको विवरण (Livestock Status)

पशुपालन एक सुदृढ पेशाको रूपमा विकास नभए पनि  ग्रामीण नेपालमा हरेक घरपरिवारले पशुहरू पालन गरेका हुन्छन् ।  ग्रामीण नेपालमा कृषि र पशुपालन एक अभिन्न अङ्ग बन्दै गएको छ ।  सरकारको वर्तमान बजेटमा मुलुकका ४ सय ६८ स्थानीय तहमा कृतिम गर्भाधान मिसन कार्यक्रम सञ्चालन गरी ७ लाख उन्नत नश्लका गाई भैंसी र बाखा उत्पादन गरिनेछ  । कृषि अनुसन्धानमा लगानी वृद्धि गरिनेछ  कृषि उत्पादन वृद्धिका लागि  प्रत्येक दुई दुई वर्षमा बीउ फेर्न किसानलाई उत्प्रेरित गरिनेछ । नेपाल कृषि अनुसन्धान परिषदको लागि रू ३ अर्ब बजेट विनियोजन गरिएको छ । पशुपालनभित्र भैंसी, बाखा, गाई, गोरु, कुखुरा जस्ता पशुपंक्षीहरु रहेका छन् । प्रस्तुत अध्ययनमा छनोटमा परेको क्षेत्रको पशुपालनको अवस्था लाई तालिका १२ मा उल्लेख गरिएको छ ।

### तालिका १२

### पशुपालनको विवरण २०७८

| क्र.स. | पशुपालनको विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | गाई, गोरू | १५२ | २८.३० |
| (ख) | भैंसी | ३७ | ६.८९ |
| (ग) | बाखा | ३४८ | ६४.८० |
| | जम्मा | ५३७ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका १२ मा छनोट गरिएका सबै उत्तरदाताको परिवारले पालन गरेका पशुहरूको विवरण उल्लेख गरिएको छ । तालिका अनुसार यस क्षेत्रमा जम्मा पशुहरू मध्ये २८.३० प्रतिशत अर्थात् १५२ ओटा गाईगोरु रहेका छन् भने ६.८९ अर्थात् ३७ ओटा भैंसीहरू पालन गरेको पाइएको छ । त्यसैगरी ६४.८० प्रतिशत अर्थात् ३४८ बाखा तथा खसीहरू पालन गरेको पाइएको छ ।

### ४.१.१४ शौचालयको अवस्था (Status of Respondent's Toilet)

शौचालयका विभिन्न प्रकारका हुने गर्दछन् जस्तै : कच्ची शौचालय, पक्की शौचालय, खाडल मात्रको शौचालय आदि जस्ता जुन मानिसको आधारभूत आवश्यता पनि हो । शौचालयको स्तरमा मानिसको आर्थिक अवस्था समेत झल्काउने गर्दछ । छनोट गरिएको क्षेत्रमा बसोवास गर्ने बासिन्दाको शौचालयको अवस्थालाई तालिका १३ मा प्रस्तुत गरिएको छ ।

### तालिका १३

### शौचालयको अवस्था २०७८

| क्र.स. | शौचालयको अवस्था | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | पक्की | १०० | १०० |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका १३ मा छनोट गरिएका उत्तरदाताको शैचालयको अवस्थाको बारेमा उल्लेख गरिएको छ । तालिका अनुसार शत प्रतिशत परिवारमा पक्की शौचालय रहेको

पाइएको छ । यसले आर्थिक अवस्था जे जस्तो भएपनि सबैले शौचालय भने निर्माण गरेको पाइएको छ ।

### ४.१.१५ उत्तरदाताको वैदेशिक रोजगारीको अवस्था (Occupation of the Respondents)

राष्ट्रिय आयको स्रोतः वैदेशिक रोजगारीको माध्यमबाट नेपालको राष्ट्रिय आयमा ठूलो योगदान पुगेको छ । वैदेशिक मुद्राको आर्जन नेपालको वस्तु व्यापार घाटा तीव्र रुपमा बढेर गएता पनि वैदेशिक रोजगारीबाट प्राप्त विदेशी मुद्राको कारण चालु खाता सन्तुलन कै स्थितिमा रहेको छ अन्तराष्ट्रिय प्रविधि तथा सिप सिक्ने अवसर र ग्रामिण गरिबी निवारणमा सहयोग मिलेको छ, बैदेशिक रोजगारीकै आयको कारण ग्रामिण क्षेत्रको शिक्षा, स्वास्थ्य तथा चेतनामा बृद्धि भएको छ । वैदेशिक रोजगारीको सन्दर्भमा अध्ययन गरिएको क्षेत्रमा मानिसहरू वैदेशिक रोजगारीको लागि साउदी अरब, मलेसिया, कतार, दुबई र भारत तर्फ जाने गरेको पाइएको छ । छनोट गरिएका परिवारमध्ये ७२ परिवारका कुनै पनि सदस्य वैदेशिक रोजगारीमा नगएको पाइएको छ भने जम्मा २८ घरपरिवारका सदस्यहरू वैदेशिक रोजगारीको लागि विभिन्न देशमा जाने गरेको पाइएको छ ।

**तालिका १४**

**उत्तरदाताको वैदेशिक रोजगारीको अवस्था २०७८**

| क्र.स. | उत्तरदाताको वैदेशिक रोजगारीको अवस्था | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | साउदी अरव | १ | १ |
| (ख) | मलेसिया | १० | १० |
| (ग) | भारत | ११ | ११ |
| (घ) | कतार | ४ | ४ |
| (ङ) | दुवई | २ | २ |
| (च) | वैदेशिक रोजगारीमा नगएको | ७२ | ७२ |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका १४ मा अध्ययन क्षेत्रमा छनोट गरिएका घरधुरीबाट वैदेशिक रोजगारीमा जानेको विवरण उल्लेख गरिएको छ । तालिका अनुसार १ जना वैदेशिक रोजगारीको लागि साउदी अरबमा गरेको पाइएको छ भने मलेसिया गएका मानिसको सङ्ख्या १० रहेको छ । त्यसैगरी ११ जना वैदेशिक रोजगारीको क्रममा भारतमा रहेका छन् भने ४ जना कतारमा

रहेका छन् । त्यसको साथै २ जना वैदेशिक रोजगारी गर्ने क्रममा दुवईमा रहेको पाइएको छ ।

**वैदेशिक रोजगारीको अवस्था**

वैदेशिक रोजगारी आम्दानीको महत्वपूर्ण स्रोत हो । जस अन्तर्गत विभिन्न देशमा काम गरी आर्जन गरेको पैसा तथा ज्ञानलाई समेटिएको हुन्छ । रोजगारी शब्दले भुक्तानी प्राप्त गर्नका लागि काम गर्ने व्यक्तिको सेवालाई जनाउँछ । काम गर्ने उमेरको जनसङ्ख्या ( १४ वर्षदेखि ६४ वर्ष) का व्यक्तिहरू कुनै पनि पेशामा संलग्न छन् भने तिनलाई रोजगार व्यक्तिहरू भनिन्छ । त्यस्तै, काम गर्ने उमेर समूहका जनसङ्ख्याका ती व्यक्तिहरूलाई बेरोजगार भनिन्छ जसले काम खोजी रहेका हुन्छन् तर पाउन असमर्थ हुन्छन् । सम्पूर्ण अर्थतन्त्रमा भएको बेरोजगारीलाई सामान्य बेरोजगारी भनिन्छ । त्यसरी नै मानिसहरू रोजगारीका लागि विदेश गए भने त्यसलाई वैदेशिक रोजगारी भनिन्छ । यस अध्ययनमा छनोट गरिएको क्षेत्रबाट वैदेशिक रोजगारीमा भएका मानिसहरूको आम्दानीको विवरण तालिका १५ मा प्रस्तुत गरिएको छ ।

**तालिका १५**

**वैदेशिक रोजगारीबाट आम्दानी २०७८**

| क्र.स. | वैदेशिक रोजगारीबाट आम्दानी | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | रु. १ लाखदेखि २ लाख | ५ | १७.५ |
| (ख) | रु. २ लाखदेखि ४ लाख | १९ | ६७.८५ |
| (ग) | रु. ४ लाखदेखि ६ लाख | १ | ३.५७ |
| (घ) | रु. ६ लाखदेखि ८ लाख | १ | ३.५७ |
| (ङ) | रु. ८ लाखभन्दा बढी | १ | ३.५७ |
| | जम्मा | २८ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका १५ मा अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारीमा गएका मानिसहरूको वार्षिक आम्दानीको विवरण प्रस्तुत गरिएको छ । जस अनुसार वार्षिक १ लाखदेखि २ लाखसम्म वैदेशिक रोजगारीबाट आम्दानी गर्ने १७.५ प्रतिशत रहेको छ । त्यसै, गरी वार्षिक २ लाखदेखि ४ लाखसम्म आम्दानी गर्नेको प्रतिशत ६७.८५ रहेको छ भने ३.५७ प्रतिशतले वैदेशिक रोजगारीबाट ४ लाखदेखि ६ लाखसम्म आम्दानी गर्ने गरेको पाइयो । र सोही

प्रतिशत मानिसले वैदेशिक रोजगारीबाट वार्षिक ६ लाखदेखि ८ लाखसम्म  आम्दानी गर्ने गरेको पाइएको छ । ३.५७ प्रतिशतले वैदेशिक रोजगारीबाट वार्षिक ८ लाखभन्दा बढी आर्जन गर्ने गरेको पाइयो ।

### ४.१.१६ पशुजन्य उत्पादनबाट हुने आम्दानीको अवस्था (Income Through Livestock)

ग्रामीण नेपालमा पशुपालन एक आनिवार्य विषय जस्तै रहेको छ । पशुपालनबाट पनि मनग्य आम्दानी गर्न सकिन्छ । पशुपालन जस्तै : भैंसी र गाई पालनबाट दूध, दही र घ्यूको बिक्रिवाट आम्दानी गर्न सकिन्छ भने बाखा तथा खसीहरूको पालनबाट  मासुको लागि बिक्रि गरी आम्दानी गर्न सकिन्छ ।  यस अध्ययनमा छनोट गरिएका घरधुरीमा पालन गरिएका पशुजन्य उत्पादनबाट प्राप्त आम्दानीको विवरण तालिका १६ मा उल्लेख गरिएको छ ।

**तालिका १६**

**पशुजन्य उत्पादनबाट हुने आम्दानीको अवस्था २०७८**

| क.स. | पशुजन्य उत्पादनबाट हुने मासिक आम्दानीको अवस्था | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | रू. ५ हजारसम्म | ८ | १२.५ |
| (ख) | रू. ५ हजारदेखि १० हजारसम्म | १७ | २६.५६ |
| (ग) | रू. १० हजारदेखि १५ हजारसम्म | १० | १५.६२ |
| (घ) | रू. १५  हजारदेखि २० हजारसम्म | ११ | १७.१८ |
| (घ) | रू. २०  हजारदेखि २५ हजारसम्म | ३ | ४.६८ |
| (घ) | रू. २५ हजारदेखि ३० हजारसम्म | ५ | ७.८१ |
| (घ) | रू. ३० हजारभन्दा बढी | १० | १५.६२ |
| | आम्दानी गर्ने जम्मा | ६४ | १०० |
| (ङ) | आम्दानी छैन् | ३६ | - |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका १६ मा  अध्ययन क्षेत्रमा रहेका छनोटमा परेका उत्तरदाताहरूमध्ये पशुपालन गरेका घरधुरीले पशुपालनबाट गर्ने आम्दानीको विवरण उल्लेख गरिएको छ । तालिका अनुसार छनोट गरिएका १०० जनामध्ये ३६ जनाले पशुपालनबाट कुनैपनि आम्दानी नभएको पाइएको छ  र ६४ जनाले मात्र पशुपालनबाट आम्दानी गर्ने गरेको जनाएका छन् । आम्दानी गर्ने ६४ जनामध्ये १२.५ प्रतिशतले रू ५ हजारसम्म मात्र आम्दानी गरेको पाइयो भने २६.५६  प्रतिशतले ५ हजार देखि १० हजारसम्म आम्दानी  गरेको पाइएको छ । त्यसैगरी १५.६२ प्रतिशतले रू १० हजारदेखि १५ हजारसम्म आम्दानी गरेको पाइएको छ । १७.१८  प्रतिशतले  १५ हजारदेखि २० हजारसम्म आम्दानी गर्ने गरेको पाइएको छ  भने ४.६८  प्रतिशतले २० हजारदेखि २५ हजारसम्म आम्दानी गर्ने गरेको पाइएको छ । त्यसैगरी ७.८१ प्रतिशतले २५ देखि ३० हजार आम्दानी गर्ने गरेको पाइएको छ तर १५.६२ प्रतिशतले भने रू ३० हजारभन्दा बढी आम्दानी गर्ने गरेको पाइएको छ ।

### ४.१.१७ कृषिबाट जीवनस्तर बढ्न नसक्नुको कारण (Causes Decreasing Lifestyle Due to Agriculture)

नेपाल कृषि प्रधान देश भएता पनि यहाँको उत्पादनले नेपाली जनताको कृषिजन्य उत्पादनको मागलाई धान्न सकेको छैन । नेपालमा उत्पादन हुने केही कृषिजन्य वस्तुहरू नेपाल बाहिरको अन्तर्राष्ट्रिय बजारमा जाने गर्दछन् भने केही कृषिजन्य वस्तुहरू अन्तर्राष्ट्रिय बजारबाट नेपालको बजारमा आउने पनि गर्दछन् । यसरी नेपालको उत्पादन बाहिरको बजारमा जाने र बाहिरको उत्पादन नेपालको बजारमा आउने प्रक्रियालाई कृषिजन्य उत्पादनको आयात तथा निर्यात भनिन्छ । नेपालको कृषि निर्वाहमूखी भएकोले यसबाट जीवनस्तर उठ्न भने सक्दैन ।

### तालिका १७

### कृषिबाट जीवनस्तर बढ्न नसक्नुको कारण २०७८

| क्र.स. | कृषिबाट जीवनस्तर बढ्न नसक्नुको कारण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | परम्परागत खेती र उर्वरभूमिको अभाव | २२ | २२ |
| (ख) | कृषि शिक्षाको अभाव | १३ | १३ |
| (ग) | प्राकृतिक प्रकोप | १४ | १४ |
| (घ) | भौगोलिक विकटता | १९ | १९ |
| (ङ) | सिपको अभाव | २१ | २१ |
| (च) | सिँचाइको अभाव | ५ | ५ |
| (छ) | अर्ध बेरोजगारी | ६ | ६ |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका १७ मा कृषिबाट जीवनस्तर बढ्न नसक्ने सम्बन्धमा उत्तरदाताको विवरण उल्लेख गरिएको छ । तालिका अनुसार, २२ प्रतिशत उत्तरदाताले परम्परागत खेती र उर्वर भूमिको कारण कृषिबाट जीवनस्तर बढ्न नसकेको जनाएका छन् भने १३ प्रतिशतले कृषि शिक्षाको अभावको कारण निवार्हमुखी कृषिबाट जीवनस्तर बढ्न सकेको छैन । त्यसैगरी १४ प्रतिशतले प्राकृतिक प्रकोप, १९ प्रतिशतले भौगोलिक विकटता, २१ प्रतिशतले सिपको अभावको कारण कृषिबाट जीवनस्तर उठ्न नसकेको हो । त्यसैगरी ५ प्रतिशतले सिंचाइको अभाव र ६ प्रतिशतले अर्ध बेरोजगारीमा जोड दिइएको पाइयो ।

### ४.१.१८ गरिबी बढ्नुको कारण (Causes of Increasing Poverty)

गरिबीले एक प्रकारको अभावको प्रतिनिधित्व गर्दछ । गरिबी बढ्नुका विभिन्न कारणहरू हुने गर्दछन् । १५ औँ योजना २०७६/२०८१ मा दशौँ योजना अवधिदेखि गरिबीलाई आय गरिब, मानवीय गरिबी तथा सामाजिक वञ्चितीकरण गरी तीन आयाममा विभाजन गरिएको छ । निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसङ्ख्या १८.७ प्रतिशतलाई २०८७ सम्म ४.९ प्रतिशत र बहुआयामिक गरिबी सूचकांक २८.६ प्रतिशतलाई वि.सं. २०८७ मा १० प्रतिशत एवम् वि. सं. २१०० सम्ममा ३ प्रतिशतमा झार्ने प्रक्षेपण गरेको छ । नेपाल जीवनस्तर सर्वेक्षणले दुई दशकको अवधिमा ४२ प्रतिशतबाट २५ प्रतिशतमा गरिबी झरेको देखाएको छ भने आर्थिक सर्वेक्षणले यो प्रतिशत अहिले १८.७ प्रतिशमा

रहेका देखाएका छ । तालिका १८ मा गरिबी बढ्नुका कारणहरूको सन्दर्भमा छनोटमा परेका घरधुरीबाट प्राप्त विवरण उल्लेख गरिएको छ ।

**तालिका १८**

**गरिबी बढ्नुको कारण २०७८**

| क.स. | गरिबी बढ्नुको कारण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | निम्न आय | २३ | २३ |
| (ख) | सामाजिक कुरीति | १४ | १४ |
| (ग) | स्रोत साधनको प्रयोगमा कमी | ७ | ७ |
| (घ) | सरकारमा निर्भर | ११ | ११ |
| (ङ) | कमजोर शिक्षा प्रणाली र प्राविधिक ज्ञानको कमी | ७ | ७ |
| (च) | भौगोलिक विकटता | २१ | २१ |
| (छ) | चेतनाको कमी | ८ | ८ |
| (ज) | बेरोजगारी | ७ | ७ |
| (झ) | अन्य | २ | २ |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका १८ अनुसार गरिबी बढ्नुका कारणहरू उल्लेख गरिएको छ । तालिका अनुसार २३ प्रतिशतले निम्न आयको कारण गरिबी बढेको भन्ने तर्क गरेका छन् भने १४ प्रतिशतले सामाजिक कुरीतिले गर्दा गरिबी बढेको तर्क प्रस्तुत गरेका छन् । त्यसैगरी, ७ प्रतिशतले स्रोत साधनको प्रयोगमा कमी भएको कारण गरिबी बढेको जनाएका छन् । ११ प्रतिशतले कमजोर शिक्षा प्रणाली र प्राविधिक ज्ञानको कमीले गर्दा गरिबी बढेको पाइएको छ । २१ प्रतिशतले भौगोलिक विकटताको कारणले गर्दा गरिबी बढेको जनाइएको छ भने ८ प्रतिशतले चेतनाको अभावको कारणले गर्दा गरिबी बढेको जनाइएको छ । ७ प्रतिशतले बेरोजगारीको कारणले गर्दा गरिबी बढेको पाइएको छ । २ प्रतिशतले उत्तरदाताले अन्य कारणले गर्दा गरिबी बढेको पाइएको छ ।

### ४.१.१९ गरिबी निवारण समाधान गर्ने उपायहरू (Measurement of Poverty Reduction)

गरिबी एक बहुआयामिक समस्या हो । गरिबीको प्रकृति, स्वरूप, चक्र तथा दुरी बद्लिँदो परिवेश अनुसार फरक-फरक हुन्छन् । देश, काल, परिस्थिति र भौगोलिक

संरचनाका आधारमा यसलाई मापन गर्न सकिन्छ । वास्तवमा गरिबहरू छरिएका, एक अर्काको वास्ता नभएका या विभक्त, बाह्य संसारदेखि एक्लिएका हुन्छन् । गरिबीले कुण्ठा, रिस ल्याउँछ र कतै कुनै चिजमा मन लाग्दैन र गरीबले समाजमा अपराधको सङ्ख्या बढाउने पनि काम गरिरहेको हुन्छ । गरिबीले गरिबीलाई जन्म दिन्छ । गरिबीकै कारण कुनै व्यक्ति समाज र राष्ट्र नै गरिबीको दलदलमा फसिरहेको हुन्छ । आर्थिक विपन्नताका साथसाथै कमजोर मानसिक र बौद्धिक स्थितिलाई पनि गरिबीभित्रै अटाउन सकिन्छ । आर्थिक वृद्धिदर उच्च भएर पनि गरिबी ज्यूँका त्यूँ भएको वास्तविकता छदैछ । यसप्रकार गरिबीको मापन गर्ने औजार आर्थिक तत्व मात्र होइन, गरिबी मापन गर्नका लागि सामाजिक, सांस्कृतिक, राजनैतिक, शैक्षिक स्वरूपहरूसहित दुःख, पीडा, रोग, भोक, दीनता, शोषण, बाँच्ने उमेर, बालमृत्युदर, कुण्ठा आदि गरिबी मापन गर्ने आधारहरू हुन् । अतः केवल एउटा पक्षबाट मात्र गरिबीलाई हेर्नु भुल हो । यसका विभिन्न रूप छन् । यो गतिशील चरित्रको हुन्छ । तसर्थ पनि गरिबी यो नै हो भनेर किटान साथ मापन गर्न कठिन छ । बदलिदो परिवेशअनुसार विश्वमा गरिबीको चाप दिनप्रतिदिन बढ्दै गएको छ । किनभने विकासोन्मुख देशहरूमा खाद्यान्नको वृद्धिदरभन्दा जनसङ्ख्या वृद्धिदर उच्च रहेको छ । गरिबीको प्रकृति गतिशील छ । उदाहरणको लागि कुनै बेला गाँस, बास कपासलाई आधारभूत आवश्यकता मानिन्थ्यो भने अहिले त्यसका अतिरिक्त सेक्स, शिक्षा, स्वास्थ्य, पिउने पानी, सामाजिक सुरक्षा पनि आधारभूत आवश्यकतामा जोडिन आएको छ । गरिबीको समस्या समाधान गर्नको लागि निम्नानुसारका उपायहरू अवलम्बन गर्न आवश्क छ । गरिबी निवारण सम्बद्ध कार्यक्रमहरू जनताको आवश्यकतामा आधारित हुनुपर्दछ । गरिबी निवारणको कार्यक्रमले निरन्तरता पाउनुपर्दछ । समावेशीकरणमा आधारित कार्यक्रम सञ्चालन गर्नुपर्दछ । जनताको सहभागितामा आधारित कार्यक्रम सञ्चालन गर्नुपर्दछ । अति गरिब वा ज्यादै पिछडिएको क्षेत्र र वर्गका लागि लक्षित कार्यक्रम सञ्चालन हुनुपर्दछ । दिगो र स्थानीय स्रोत, श्रम र सिप परिचालन हुने कार्यक्रम सञ्चालन गर्नुपर्दछ, जसले रोजगारी पनि सिर्जना गर्दछ । गरिबी निवारण सम्बन्धि कार्यक्रममा जनताको स्वामित्व अभिवृद्धि गर्नु पर्दछ । गरिबी निवारण कार्यक्रमबाट लाभ लिन सक्ने गरी पिछडिएका समुदायको क्षमता विकास गर्नु पर्दछ । प्रस्तुत अध्ययनमा छनोटमा परेका उत्तरदाताहरूले गरिबी निवारणका लागि सुझाएका उपायहरूलाई तालिका १९ मा प्रस्तुत गरिएको छ ।

### तालिका १९

### गरिबी निवारण समाधान गर्ने उपायहरू २०७८

| क्र.स. | गरिबी निवारण समाधान गर्ने उपायहरू | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | बचतमा वृद्धि तथा स्रोतको परिचालन | १९ | १९ |
| (ख) | सोचमा विकास | २१ | २१ |
| (ग) | तालिमको व्यवस्था | ११ | ११ |
| (घ) | रोजगारीको विकास | १३ | १३ |
| (ङ) | प्रभावकारी योजना | १६ | १६ |
| (च) | निजी क्षेत्रलाई प्राथमिकता | ८ | ८ |
| (छ) | कृषि विकास | ७ | ७ |
| (ज) | अन्य सुझावहरू | ५ | ५ |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका १९ अनुसार छनोटमा परेकामध्ये १९ प्रतिशतल गरिबी निवारण गर्नको लागि बचतमा बृद्धि गर्नुपर्ने तथा स्रोतको परिचालन गर्नुपर्ने जनाएका छन् भने २१ प्रतिशतले सोचमा परिवर्तन गर्नुपर्ने जनाएका छन् । त्यसैगरी ११ प्रतिशतले तालिमको व्यवस्था गर्नुपर्ने, १३ प्रतिशतले रोजगारीको विकास गर्नुपर्ने कुरा उल्लेख गरेका छन् । यस अध्ययनमा १६ प्रतिशतले गरिबी निवारणका लागि प्रभावकारी योजनाको खाँचो रहेको उल्लेख गरेका छन् भने ८ प्रतिशतले निजी क्षेत्रलाई प्राथमिकता प्रदान गर्नुपर्ने कुरा उल्लेख गरेका छन् । ७ प्रतिशतले कृषिको विकास गर्नुपर्ने र ५ प्रतिशतले अन्य सुझाव पेश गरेका छन् ।

### ४.१.२० परिवारका सदस्यहरूको पेशागत विवरण (Occupation of Family Members)

परिवारका सदस्यहरूको दैनिक गतिविधि नै परिवारका सदस्यहरूको पेशा हो । कुनै परिवारमा परिवारका सदस्यहरूको पेशा एउटै हुने गर्दछ भने कुनै परिवारमा हरेक सदस्यहरूको पेशा फरक फरक हुने गर्दछ । यस अनुसन्धानमा परिवारका सदस्यहरूको विवरण कस्तो छ भन्ने सन्दर्भमा घरधुरीलाई प्रश्नहरू सोधिएको थियो ।

### ४.१.२१ परिवारका सदस्यहरूको वार्षिक आम्दानी (Annual Income of the Respondents)

परिवारका सदस्यहरूले एक बर्षमा गर्ने आम्दानी नै परिवारका सदस्यहरूको बार्षिक आम्दानी हो जसलाई परिवारको समग्र आम्दानी पनि भन्ने गरिन्छ । यस अध्ययनमा छनोटमा परेका घरधुरीको समग्र आम्दानीलाई विभिन्न स्तरमा वर्गीकरण गरी यस तालिका २० मा प्रस्तुत गरिएको छ ।

**तालिका २०**

**परिवारका सदस्यहरूको वार्षिक आम्दानी २०७८**

| क्र.स. | परिवारका सदस्यहरूको वार्षिक आम्दानी | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | रु. १ लाखसम्म | ३४ | ३४ |
| (ख) | रु. १ लाखदेखि २ लाखसम्म | २० | २१ |
| (ग) | रु. २ लाखदेखि ३ लाखसम्म | १३ | १३ |
| (घ) | रु. ३ लाखदेखि ४लाखसम्म | १३ | १३ |
| (ङ) | रु. ४ लाखदेखि ५ लाखसम्म | ११ | ११ |
| (च) | रु. ५ लाखदेखि ६ लाखसम्म | ३ | ३ |
| (छ) | रु. ६ लाखदेखि ७ लाखसम्म | ३ | ३ |
| (ज) | रु. ७ लाखदेखि ८ लाखसम्म | १ | १ |
| (झ) | रु. ८ लाखभन्दा बढी | १ | १ |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका २० मा छनोट गरिएका सदस्यहरूको वार्षिक आम्दानी विवरण उल्लेख गरिएको छ जस अनुसार रु. एक लाखसम्म आदानी गर्ने ३४ प्रतिशत रहेका छन् । वार्षिक रूपमा रु. १ लाखदेखि २ लाखसम्म आम्दानी गर्ने २१ प्रतिशत रहेका छन भने रु. २ लाखदेखि ३ लाखसम्म आम्दानी गर्नेहरू १३ प्रतिशत रहेका छन् । त्यसैगरी १३ प्रतिशत घरधुरीले वार्षिक ३ लाखदेखि ४ लाख आम्दानी गर्ने गरेको पाइएको छ । त्यसैगरी ४ लाखदेखि ५ लाख वार्षिक रूपमा आम्दानी गर्नेको प्रतिशत ११ रहेको छ । वार्षिक रूपमा ३ प्रतिशत घरधुरीले वार्षिक रूपमा ५ लाखदेखि ६ लाखसम्म आम्दानी गर्ने गरेको पाइएको छ । त्यसको साथै वार्षिक रूपमा ६ लाखदेखि ७ लाख आम्दानी गर्नेको प्रतिशत ३ रहेको छ

। १ प्रतिशत घरधुरीले वार्षिक रूपमा ७ लाखदेखि ८ लाखसम्म आम्दानी गर्ने गरेको पाइएको छ  तर बार्षिक ८ लाखभन्दा बढी आम्दानी गर्ने घरधुरीको प्रतिशत १ मात्र रहेको छ ।

### ४.१.२२ कृषि क्षेत्रमा भएको खर्चको  विवरण (Expenditure in Agriculture)

कृषि क्षेत्र नेपालको मेरूदण्ड भएकै कारण धेरे मानिसहरू कृषिमा संलग्न रहेका छन् । नेपालमा कृषकहरूले विभिन्न क्षेत्रहरू जस्तै : बीउ, मल, किटनासक औषधी अन्य औजारहरूमा समेत खर्च गर्ने गर्दछन् । यस अध्ययनमा अध्ययन क्षेत्रमा रहेका  छनोटमा परेका घरधुरीले कृषि क्षेत्रमा गरेको खर्चको विवरण तालिका २१ मा उल्लेख गरिएको छ ।

**तालिका २१**

**कृषि क्षेत्रमा भएको खर्चको  विवरण २०७८**

| क्र.स. | कृषि क्षेत्रमा भएको खर्चको  विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | रू. ५ हजारसम्म | ३६ | ३६ |
| (ख) | रू. ५ हजारदेखि १० हजारसम्म | १७ | १७ |
| (ग) | रू. १० हजारदेखि १५ हजारसम्म | १५ | १५ |
| (घ) | रू. १५ हजारदेखि २० हजारसम्म | ११ | ११ |
| (ङ) | रू. २० हजारदेखि २५ हजारसम्म | ४ | ४ |
| (च) | रू. २५ हजारदेखि ३० हजारसम्म | ४ | ४ |
| (ज) | रू. ३० हजारभन्दा बढी | ० | ० |
| (झ) | नभएको | १३ | १३ |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका २१ मा  अध्ययन  क्षेत्रमा  छनोटमा परेका घरधुरीले कृषि क्षेत्रमा गरेको खर्चको विवरण उल्लेख गरिएको छ । तालिका अनुसार  १३ घरधुरीले कृषिमा कुनै खर्च नभएको जनाएका छन भने  ३६ घरधुरीले कृषिमा रू. ५ हजारसम्म खर्च हुने जनाएका छन् । त्यसैगरी १५ घरधुरीले रू. १० हजारदेखि १५ हजार र १७ घरधुरीले ५ लेखि १० हजार कृषिमा खर्च हुने गरेको कुरा उल्लेख गरेका छन् । त्यसैगरी, ११ घरधुरीले १५ हजारदेखि २० हजार कृषिमा खर्च गरेको उल्लेख गर्दा ४ घरधुरीले २० देखि २५ हजार कृषिमा खर्च गरेको

पाइएको छ । त्यसैगरी २५ हजारदेखि ३० हजारसम्म खर्च गर्ने घरधुरी ४ जना भएपनि ३० हजारभन्दा बढी खर्च गर्ने घरधुरी नभेटिएको पाइएको छ ।

### **४.१.२३ खाद्यान्नमा भएको खर्चको विवरण (Expenditure in Food)**

मानिसको लागि खाद्यान्न आफैमा महत्वपूर्ण र अनिवार्य वस्तु हो । खाद्यान्नमा खासगरी धान, मकै , गहुँ, जौ, कोदो, फापर जस्ता खाद्यान्न बालीहरू र दलहन, तेलहन, उखु आदि जस्ता नगदेवालीहरू तथा सागपात तथा फलफूल आदि पर्ने गर्दछन् । नेपाल कृषि प्रधान देश भए पनि नेपालमा धेरैजसो मानिसहरूले खाद्यान्न खरिद गरेर खाने गरेको पाइएको छ । प्रस्तुत अध्ययनमा छनोटमा परेका घरधुरीले खाद्यान्नमा गरेको खर्चको विवरण तालिका २२ मा उल्लेख गरिएको छ ।

**तालिका २२**
**खाद्यान्नमा भएको खर्चको विवरण २०७८**

| क्र.स. | खाद्यान्नमा भएको खर्चको विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | रू. १० हजारसम्म | ४ | ४ |
| (ख) | रू. १० हजारदेखि २० हजारसम्म | ६ | ६ |
| (ग) | रू. २० हजारदेखि ३० हजारसम्म | ७ | ७ |
| (घ) | रू. ३० हजारदेखि ४० हजारसम्म | १८ | १८ |
| (ङ) | रू. ४० हजारदेखि ५० हजारसम्म | १९ | १९ |
| (च) | रू. ५० हजारदेखि ६० हजारसम्म | १४ | १४ |
| (छ) | रू. ६० हजारदेखि ७० हजारसम्म | १० | १० |
| (ज) | रू. ७० हजारदेखि ८० हजारसम्म | ७ | ७ |
| (झ) | रू. ८० हजारदेखि ९० हजारसम्म | ७ | ७ |
| (ञ) | रू. ९० हजारदेखि १ लाखसम्म | ३ | ३ |
| (ट) | रू. १ लाखभन्दा बढी | ४ | ४ |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका २२ मा छनोट गरिएका घरधुरीले खाद्यान्नमा गरेको खर्चको विवरण उल्लेख गरिएको छ । तालिका अनुसार, छनोट गरिएका घरधुरीमध्ये ४ प्रतिशतले रू. १० हजारसम्म खाद्यान्नमा खर्च गर्ने गरेको पाइएको छ भने ६ प्रतिशतले रु. १० हजारदेखि २०

हजारसम्म खर्च गर्ने गरेको पाइएको छ । त्यसैगरी, रु. २० हजारदेखि ३० हजारसम्म खर्च गर्नेको प्रतिशत ७ रहेको पाइएको छ । १८ प्रतिशतले रु. ३० हजारदेखि ४० हजारसम्म खाद्यान्नमा खर्च गर्ने गरेको पाइएको छ भने १९ प्रतिशतले रु. ४० हजारदेखि ५० हजारसम्म खर्च गर्ने गरेको पाइएको छ । त्यसैगरी, १४ प्रतिशतले खाद्यान्नमा रु. ५० हजारदेखि ६० हजारसम्म खर्च गर्ने गरेको पाइएको छ तर १० प्रतिशतले ६० हजारदेखि ७० हजारसम्म खर्च गर्ने गरेको पाइएको छ । ७ प्रतिशतले खाद्यान्नमा रु. ७० हजारदेखि ८० हजारसम्म र सोही प्रतिशतले ८० देखि ९० हजार खर्च गर्ने गरेको पाइयो । खाद्यान्नमा रु. ९० हजारदेखि १ लाखसम्म खर्च गर्नेको प्रतिशत ३ रहेको छ भने ४ प्रतिशतले खाद्यान्नमा रु. १ लाखभन्दा बढी खर्च गर्ने गरेको पाइएको छ ।

### ४.१.२४ लत्ताकपडामा भएको खर्चको विवरण (Expenditure in Clothes)

लत्ताकपडा मानिसको अनिवार्य आवश्यकता मात्रै नभएर यो पहिचान पनि हो । समयक्रमसँगै मानिसहरूले लत्ताकपडामा गर्ने खर्चमा समेत बृद्धि हुँदै गएको छ । त्यसैगरी पश्चिमी संस्कृतिको प्रभावले पनि मानिसहरूले आजभोलि लत्ताकपडामा खर्च अत्याधिक गर्ने गरेको पाइएको छ । यस अध्ययनमा छनोटमा परेका घरधुरीले लत्ताकपडामा गर्ने खर्चको विवरण तालिका २३ मा उल्लेख गरिएको छ ।

**तालिका २३**

**लत्ताकपडामा भएको खर्चको विवरण २०७८**

| क्र.स. | लत्ताकपडामा भएको खर्चको विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | रु. ५ हजारसम्म | ६ | ६ |
| (ख) | रु. ५ हजारदेखि १० हजारसम्म | १९ | १९ |
| (ग) | रु. १० हजारदेखि १५ हजारसम्म | ३२ | ३२ |
| (घ) | रु. १५ हजारदेखि २० हजारसम्म | ३१ | ३१ |
| (ङ) | रु. २० हजारदेखि २५हजारसम्म | ८ | ८ |
| (ङ) | रु. २५ हजारदेखि ३० हजारसम्म | ४ | ४ |
| (ङ) | रु. ३० हजारदेखि ३५ हजारसम्म | ० | ० |
| (ङ) | रु. ३५ हजारदेखि ४० हजारसम्म | ० | ० |
| (ङ) | रु. ४० हजारदेखि ५० हजारसम्म | १ | १ |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका २३ मा छनोट गरिएका घरधुरीले  लत्ताकपडामा गर्ने खर्चको विवरण उल्लेख गरिएको छ । जस अनुसार  छनोट गरिएका घरधुरीमध्ये ६ प्रतिशतले  लत्ताकपडामा रु. ५ हजारसम्म खर्च गर्ने गरेका छन्  भने १९ प्रतिशतले रु. ५ हजारदेखि १० हजारसम्म खर्च गर्ने गरेको पाइएको छ । त्यसैगरी ३२  प्रतिशतले  रु. १० हजारदेखि रु. १५ हजारसम्म खर्च गर्ने गरेको पाइएको छ । तालिका अनुसार ३१ प्रतिशतले रू. १५ हजारदेखि २० हजारसम्म खर्च गर्ने गरेको पाइएको छ ।  यसैगरी यस अध्ययन अनुसार ८ प्रतिशतले रु. २० हजारदेखि २५ हजारसम्म खर्च गर्ने गरेको पाइएको छ । भने  रु. २५ देखि ३० हजारसम्म खर्च गर्नेको प्रतिशत ४ मात्र रहेको छ । छनोट गरिएका घरधुरीमध्ये  १ प्रतिशतले मात्र लत्तापकडामा रु. ४० देखि ५० हजार खर्च गर्ने गरेको पाइएको छ ।

### ४.१.२५ शिक्षा क्षेत्रमा भएको खर्चको  विवरण (Expenditure in  Education)

शिक्षालाई व्यक्तित्व विकासजस्तो व्यापक सन्दर्भमा लिँदा कठिनाइ उत्पन्न हुन सक्दछ। व्यक्तित्व जीवनको भोगाइ र अनुभव सँगसँगै विकसित हुने भएकोले यसमा जीवनको सम्पूर्णताको प्रभाव हुन्छ। व्यक्तित्वलाई जीवनको सम्पूर्णताबाट पृथक राख्न सकिदैन । वास्तवमा समाजमा विद्यमान विद्यालय र शिक्षण संस्थाहरूको बालकको चारित्रिक र व्यक्तित्व विकासमा ठूलो भूमिका हुन्छ। शिक्षकले आफ्नो प्रयास र श्रम दिइएको विषयवस्तु शिक्षण गर्न मात्र लगाएको हुँदैन । बालबालिकाको व्यावहारमा वाञ्छित परिवर्तन ल्याउनु उसको मुख्य आकांक्षा रहेको हुन्छ। शिक्षकका आकांक्षाहरू बालबालिकाका व्यक्तित्व विकाससित सम्बन्धित हुन्छन् । शिक्षकले आफ्नो शिक्षणसँगसँगै बालकको निमित्त आवश्यक मानवीय व्यवहार प्रदान गरिहेको हुन्छ। हरेक आमाबाबुले आफ्ना सन्तानहरूलाई संस्कृतिको महत्वपूर्ण साधन-जस्तै-भाषा, सांस्कृतिक नियम, जीवनपद्धति आदि सिकाउँछन्, जुन कुराले बालकको व्यावहारमा प्रभाव पारिरहेका हुन्छन् । बालबालिकाहरू एकअर्काबाट, रेडियो, अखबार आदिबाट पनि कैयन् कुरा सिक्दछन् । यसरी हेर्दा समाज शिक्षकहरूले भरिपूर्ण हुन्छ, जसले शिक्षा प्रक्रिया सञ्चालन गरिरहेका हुन्छन् । शिक्षा एउटा यस्तो प्रक्रिया हो जसद्वारा व्यक्ति जटिल सामाजिक स्वरूप वा संरचनासित समायोजन हुन सक्दछ। शिक्षाको माध्यमबाट नै व्यक्तिले एक भन्दा बढी संस्थागत समूहमा रहेर आफ्नो दायित्व निर्वाह गर्न सक्दछ। हरेक समाजलाई नेतृत्व प्रदान गर्ने, समाजका नवागत सन्तानलाई विविध सामाजिक संस्थाहरूमा सक्रियतापूर्वक सहभागिता लिनसक्ने तुल्याउन शिक्षा वा शैक्षिक संस्थाको आवश्यकता पर्दछ। शिक्षाले एकातिर सामाजिक स्वरूपलाई संरक्षण प्रदान

गरिरहेको हुन्छ भने अर्कोतिर सामाजिक स्वरूपमा नवीकरण गर्दछ। प्रस्तुत अध्ययनमा छनोटमा परेका घरधुरीले शिक्षा क्षेत्रमा गर्ने गरेको खर्चलाई तालिका २४ मा उल्लेख गरिएको छ।

**तालिका २४**

**शिक्षा क्षेत्रमा भएको खर्चको विवरण २०७८**

| क.स. | शिक्षा क्षेत्रमा भएको खर्चको विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | रु. २ हजारसम्म | २३ | २३ |
| (ख) | रु. २ हजारदेखि ४ हजारसम्म | १२ | १२ |
| (ग) | रु. ४ हजारदेखि ६ हजारसम्म | १४ | १४ |
| (घ) | रु. ६ हजारदेखि ८ हजारसम्म | १ | १ |
| (ङ) | रु. ८ हजारदेखि १० हजारसम्म | ४ | ४ |
| (च) | रु. १० हजारदेखि १२ हजारसम्म | ० | ० |
| (छ) | रु. १२ हजारदेखि १४ हजारसम्म | ० | ० |
| (ज) | रु. १४ हजारदेखि १६ हजारसम्म | ५ | ५ |
| झ) | रु. १६ हजारदेखि १८ हजारसम्म | ० | ० |
| (ञ) | रु. १८ हजारदेखि २० हजारसम्म | ५ | ५ |
| (ञ) | रु. २० हजारभन्दा बढी | ८ | ८ |
| (ट) | खर्च नगर्ने | २८ | २८ |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका २४ मा छनोट गरिएका घरधुरीले शिक्षा क्षेत्रमा गर्ने गरेको खर्चको विवरण उल्लेख गरिएको छ। तालिका अनुसार २८ घरधुरीले शिक्षा क्षेत्रमा कुनै खर्च नगर्ने गरेको पाइएको छ भने जम्मा ७२ घरधुरीले मात्र खर्च गर्ने गरेको पाइएको छ। तालिका अनुसार, शिक्षामा खर्च गर्ने ७२ घरधुरीमध्ये २३ घरधुरीले रु. २ हजाससम्म, १२ घरधुरीले रु. २ देखि ४ हजारसम्म र १४ घरधुरीले रु. ४ हजारदेखि ८ हजारसम्म खर्च गर्ने गरेको पाइएको छ। १ घरधुरीले मात्र रु. ६ हजारदेखि ८ हजारसम्म शिक्षामा खर्च गर्दा ४ घरधुरीले शिक्षामा रु. ८ हजारदेखि १० हजारसम्म खर्च गर्ने गरेको पाइएको छ। त्यसैगरी शिक्षामा रु. १४ हजारदेखि १६ हजारसम्म खर्चगर्ने घरधुरी ५ ओटा मात्र रहेको

पाइएको छ र ५ घरधुरीले नै शिक्षामा रु. १८ हजारदेखि २० हजारसम्म खर्च गर्ने गरेको पाइएको छ । त्यसैगरी, ८ घरधुरीले शिक्षा क्षेत्रमा रु. २० हजारभन्दा बढी खर्च गर्ने गरेका छन् ।

### ४.१.२६ स्वास्थ्यमा भएको खर्चको विवरण (Expenditure in Health)

सरकारले स्वास्थ्यलाई निःशुल्क बनाउने प्रयास गरे पनि वास्तविकतामा भने त्यस्तो हुन सकेको छैन् । आधारभूत स्वास्थ्य सेवामा निःशुल्क पाउने नागरिकको हक सुनिश्चित गरिने र सरकारद्वारा वितरण हुँदै आएका ७० प्रकारका औषधि सबै स्वास्थ्य संस्थामा निरन्तर उपलब्ध हुने व्यवस्था मिलाइएको सरकारले बजेट मार्फत जानकारी दिए पनि वास्तविक जनताले यसको उपयोग गर्न पाएका छैनन् । औषधीको मूल्य र गुणस्तरको नियमित अनुगमन गर्ने । औषधी खरिदको लागि रू. ५ अर्ब ६० करोड विनियोजन गरिएको र विपन्न नागरिकलाई मुटुरोग, मृगौलारोग, क्यान्सर, पाकिन्सन, अल्जाइमर्स, स्पाइनल इन्ज्युरी, हेड इन्ज्युरी तथा सिकालसेल एनिमियाको उपचार गर्न हाल प्रदान गरिएको अनुदान र चौध वर्ष मुनिका बालबालिका एवम् सहत्तरी वर्षभन्दा माथिका ज्येष्ठ नागरिकको मुटुरोगको निःशुल्क उपचार सुविधालाई निरन्तरता दिइएको छ । यसको लागि रू. २ अर्ब ५० करोड विनियोजन गरिएको भन्ने कुरा बजेटमा मात्र सीमित रहेको देखिएको छ । प्रस्तुत अध्ययनमा छनोटमा परेका घरधुरीले स्वास्थ्य क्षेत्रमा गर्ने गरेको खर्चलाई तालिका २५ मा उल्लेख गरिएको छ ।

**तालिका २५**

**स्वास्थ्यमा भएको खर्चको विवरण**

| क.स. | स्वास्थ्यमा भएको खर्चको विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | रु. २ हजारसम्म | २३ | २३ |
| (ख) | रु. २ हजारदेखि ४ हजारसम्म | २९ | २९ |
| (ग) | रु. ४ हजारदेखि ६ हजारसम्म | २३ | २३ |
| (घ) | रु. ६ हजारदेखि ८ हजारसम्म | ११ | ११ |
| (ङ) | रु. ८ हजारदेखि १० हजारसम्म | ६ | ६ |
| (च) | रु. १० हजारदेखि १२ हजारसम्म | ० | ० |
| (छ) | रु. १२ हजारदेखि १४ हजारसम्म | ० | ० |
| (ज) | रु. १४ हजारदेखि १६ हजारसम्म | ३ | ३ |
| झ) | रु. १६ हजारदेखि १८ हजारसम्म | ० | ० |
| (ञ) | रु. १८ हजारदेखि २० हजारसम्म | १ | १ |
| (ञ) | रु. २० हजारभन्दा बढी | १ | १ |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका २५ मा छनोट गरिएका घरधुरीले स्वास्थ्य क्षेत्रमा गरेको खर्चको विवरण उल्लेख गरिएको छ । तालिका अनुसार ३३ प्रतिशतले स्वास्थ्य क्षेत्रमा रु. २ हजारसम्म खर्च गर्ने गरेको पाइएको छ भने् २९ प्रतिशतले रु. २ हजारदेखि ४ हजारसम्म खर्च गर्न गरेको पाइएको छ तर २३ प्रतिशतले रु. ४ हजारदेखि ६ हजारसम्म खर्च गर्ने गरेको पाइएको छ । तालिकामा उल्लेख गरिए अनुसार ११ प्रतिशतले रु. ६ हजारदेखि ८ हजारसम्म र ६ प्रतिशतले ८ हजारदेखि १० हजार स्वास्थ्य क्षेत्रमा खर्च गर्ने गरेको पाइएको छ । ३ प्रतिशतले १४ देखि १६ हजार र १ प्रतिशतले १८ देखि २० हजारसम्म खर्च गर्ने गरेको पाइएको छ तर स्वास्थ्य क्षेत्रमा रु. २० हजारभन्दा बढी खर्च गर्नेको प्रतिशत १ मात्र रहेको तालिकाबाट प्रस्ट हुन्छ । यसरी हेर्दा, धेरैजसो धरधुरीले ८ हजारसम्म स्वास्थ्यको लागि खर्च गरेको पाइएको छ ।

### ४.१.२७ चाडपर्वमा भएको खर्चको विवरण (Expenditure in Festival)

नेपाल एक सांस्कृतिक विविधता भएको देश हो  यो सबै जातिको साझा फूलवारी पनि हो । नेपालमा बसोवास गर्ने हरेक जातिको आफ्नै चाडपर्वहरू रहेका छन् । तीज, दशैं, तिहार, छठ आदि नेपालका मुख्य चाडपर्वहरू हुन् । प्रस्तुत अध्ययनमा छनोटमा परेका धरधुरीले चाडपर्वमा गर्ने गरेको खर्चको विवरणलाई तालिका २६ मा उल्लेख गरिएको छ ।

**तालिका २६**

**चाडपर्वमा भएको खर्चको विवरण २०७८**

| क.स. | शिक्षा क्षेत्रमा भएको खर्चको विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | रु. २ हजारसम्म | ९ | ९ |
| (ख) | रु. २ हजारदेखि ४ हजारसम्म | ४ | ४ |
| (ग) | रु. ४ हजारदेखि ६ हजारसम्म | २४ | २४ |
| (घ) | रु. ६ हजारदेखि ८ हजारसम्म | २८ | २८ |
| (ङ) | रु. ८ हजारदेखि १० हजारसम्म | २० | २० |
| (च) | रु. १० हजारदेखि १२ हजारसम्म | ४ | ४ |
| (छ) | रु. १२ हजारदेखि १४ हजारसम्म | १ | १ |
| (ज) | रु. १४ हजारदेखि १६ हजारसम्म | ५ | ५ |
| झ) | रु. १६ हजारदेखि १८ हजारसम्म | ० | ० |
| (ञ) | रु. १८ हजारदेखि २० हजारसम्म | १ | १ |
| (ञ) | रु. २० हजारभन्दा बढी | १ | १ |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका २६ मा छनोट गरिएका घरधुरीले चाडपर्वमा खर्च गरेको विवरणलाई उल्लेख गरिएको छ  । तालिका अनुसार ९  प्रतिशतले चाडपर्वमा  रु. २ हजारसम्म खर्च गर्ने गरेको पाइएको छ भने ४  प्रतिशतले रु. ४ हजारदेखि ६ हजारसम्म खर्च गर्ने गरेको पाइएको छ । त्यसैगरी, करिव एक चौथाई अर्थात्  २४  प्रतिशतले  रु. ४ हजारदेखि ६ हजारसम्म खर्च गर्दा २८ प्रतिशतले भने ६ देखि ८ हजार खर्च गर्ने गरेका छन् । त्यसको

साथै यस अध्ययन अनुसार २० प्रतिशतले रु. ८ हजारदेखि १० हजार र ४ प्रतिशतले १० हजारदेखि १२ हजारसम्म खर्च गर्ने गरेको पाइएको छ भने १ प्रतिशतले मात्र १२ हजारदेखि १४ हजार सोही प्रतिशतले रु. १८ हजारदेखि २० हजारसम्म खर्च गर्दा चाडपर्वमा १ प्रतिशतले मात्र रु. २० हजारभन्दा बढी खर्च गर्ने गरेको पाइयो ।

### ४.१.२८ बासस्थानको निर्माणमा भएको खर्चको विवरण (Expenditure in Housing)

ग्रामीण नेपालमा मानिसहरूले जीवनकालमा एक पटक मात्र बासस्थानको निर्माण गर्ने गर्दछन् । यदि उनीहरूको आम्दानीको स्तर बढ्दै गयो भने मात्र उनीहरूले बासस्थानको निर्माण, मर्मत तथा सुधार गर्ने गर्दछन् तर अध्ययनको क्रममा बासस्थानको निर्माणमा कुनै पनि घरधुरीले खर्च गरेको पाइएन ।

### ४.१.२९ सामाजिक कार्यमा भएको खर्चको विवरण (Expenditure for Social Work)

सामाजिक कार्य आफैमा नागरिकको सामाजिक दायित्व पनि हो । मानिस सामाजिक प्राणाी भएकोले मानिसले सामाजिक कार्य गर्न रूचाउँछ ।

**तालिका २७**

**सामाजिक कार्यमा भएको खर्चको विवरण**

| क.स. | सामाजिक कार्यमा भएको खर्चको विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | रू. २ हजारसम्म | १२ | १२ |
| (ख) | रु. २ हजारदेखि ४ हजारसम्म | १ | १ |
| (ग) | रु. ४ हजारदेखि ६ हजारसम्म | ३ | ३ |
| (घ) | रु. ६ हजारदेखि ८ हजारसम्म | ० | ० |
| (ङ) | रु. ८ हजारदेखि १० हजारसम्म | ० | ० |
| (च) | रु. १० हजारभन्दा बढी | १ | १ |
| (छ) | सामाजिक कार्यमा खर्च नगर्ने | ८३ | ८३ |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका २७ मा छनोट गरिएका घरधुरीले सामाजिक क्षेत्रमा गर्ने गरेको खर्चको विवरण उल्लेख गरिएको छ । जस अनुसार छनोट गरिएका १०० घरधुरीमध्ये ८३ घरधुरीले

मात्र सामाजिक कार्यमा खर्च गर्ने गरेको पाइएको छ ।  खर्चगर्ने घरधुरीमध्ये १२ घरधुरीले रु. २ हजारसम्म खर्च गर्ने गरेका छन् भने १ घरधुरीले रु. २ हजारदेखि ४ हजारसम्म खर्च गर्ने गरेका छन् तर ३ घरधुरीले सामाजिक कार्यमा रु. ४ हजारदेख ८ हजारसम्म खर्च गर्ने गरेको पाइएको छ । तालिकामा उल्लेख गरिए अनुसार रु. ६ हजारदेखि १० हजारसम्म खर्च गर्ने कुनै पनि घरधुरी नभएको पाइएको छ तर  सामाजिक क्षेत्रमा १० हजार भन्दाबढी खर्च गर्ने  घरधुरीको सङ्ख्या १ मात्र रहेको पाइएको छ ।

### ४.१.३० विविध क्षेत्रमा भएको खर्चको  विवरण (Expenditure in Miscellaneous)

**तालिका  २८**

**विविध क्षेत्रमा भएको खर्चको  विवरण २०७८**

| क.स. | विविध क्षेत्रमा भएको खर्चको  विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | रू. २ हजार सम्म | ९ | ९ |
| (ख) | रू. २ हजार देखि ४ हजारसम्म | ३ | ३ |
| (ग) | रू. ४ हजार देखि ६ हजारसम्म | ५ | ५ |
| (घ) | रू. ६ हजार देखि ८ हजारसम्म | ३ | ३ |
| (ङ) | रू. ८ हजार देखि १०० हजारसम्म | १ | १ |
| (ङ) | खर्च नै नगर्ने परिवार सङ्ख्या | ७९ | ७९ |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका २८ मा  छनोट गरिएको घरधुरीले विविध क्षेत्रमा गर्ने गरेको खर्चको विवरण उल्लेख गरिएको छ । तालिका अनुसार ७९ घरधुरीले विविध क्षेत्रमा कुनै  खर्च नगर्ने गरेका छन् भने बाँकी रहेका २१ घरधुरीले मात्र विविध क्षेत्रमा खर्च गर्ने गरेको पाइएको छ । तालिकामा उल्लेख गरिए अनुसार  ९ घरधुरीले  रू. २ हजारसम्म विविध क्षेत्रमा खर्च गर्ने गरेको पाइएको छ भने ३ घरधुरीले २ देखि ४ हजार खर्च गर्ने गरेको पाइएको छ । त्यसैगरी ५ घरधुरीले ४ हजारदेखि ६ हजारसम्म खर्च गर्ने र ३ घरधुरीले ६ हजारदेखि ८ हजारसम्म खर्च गर्ने गरेको पाइएको छ । तालिकामा उल्लेख गरिए अनुसार १ प्रतिशत मात्र रु. ८ हजारदेखि १० हजारसम्म  विविध क्षेत्रमा खर्च  गर्ने गरेको पाइएको छ ।

## ४.२ गरिबीको विश्लेषण (Analysis of Poverty)

गरिबीको मापन गर्ने औजार आर्थिक तत्व मात्र होइन, गरिबी मापन गर्नका लागि सामाजिक, सांस्कृतिक, राजनीतिक, शैक्षिक स्वरूपहरूसहित दुःख, पीडा, रोग, भोक, दीनता, शोषण, बाँच्ने उमेर, बालमृत्युदर, कुण्ठा आदि गरिबी मापन गर्ने आधारहरू हुन् । अतः केवल एउटा पक्षबाट मात्र गरिबीलाई हेर्नु भुल हो । यसका विभिन्न रूप छन् । यो गतिशील चरित्रको हुन्छ । तसर्थ पनि गरिबी यो नै हो भनेर किटान साथ मापन गर्न कठिन छ । बदलिदो परिवेश अनुसार विश्वमा गरिबीको चाप दिनप्रतिदिन बढ्दै गएको छ । किनभने विकासोन्मुख देशहरूमा खाद्यान्नको वृद्धिदरभन्दा जनसङ्ख्या वृद्धिदर उच्च रहेको छ । गरिबीको प्रकृति गतिशील छ ।

उदाहरणको लागि कुनै बेला गाँसबास कपासलाई आधारभूत आवश्यकता मानिन्थ्यो भने अहिले त्यसका अतिरिक्त सेक्स, शिक्षा, स्वास्थ्य, पिउने पानी, सामाजिक सुरक्षा पनि आधारभूत आवश्यकतामा जोडिन आएका छन् । अतः यो विषयलाई मापन गर्नका लागि पनि विश्वव्यापी रूपमा त्यस्तो कुनै सर्वस्वीकार्य औजार निर्माण हुन सकिरहेको छैन । तैपनि विभिन्न किसिमबाट आफ्नै तरिकाले तयार पारिएको मापदण्डहरूको प्रयोग गरी गरिबीको स्तरलाई पहिचान गर्ने वा नाप्ने गरेको पाइन्छ । तर पनि यसलाई सापेक्षित रूपमा नाप्न जति सजिलो हुन्छ त्यति सजिलो निरपेक्ष रूपमा नाप्न भने सजिलो छैन । यहाँ केही प्रचलित विधिहरू समावेश गरिएको छ ।

### शिर गणनासूचक (Head Count Index):

यसमा व्यक्ति वा परिवारको गन्ती वा हिसाब गरी गरिबीको रेखा निर्धारण गरिन्छ । यसमा NP= गरिबीको रेखामुनिको सङ्ख्या हो भने N= कूल जनसङ्ख्या हो र NP/N या यसको प्रतिशत रूप नै गन्ती सूचक हो र यसलाई गरिबीको घटना भनिन्छ । यो सरल र बहुप्रचलित छ । तर यो मापनबाट गरिबबीचको असमानता, गहिराई, गरिबीको सीमा (Poverty Threshold) आयमा घटबढ कतिसम्म तल Distance देखाउँदैन । यस सूचकभित्र मानिसहरूको सामाजिक अवस्थालाई आधार मानेर विश्लेषण गरिन्छ । यस अन्तर्गतः Life Expectancy, Birth Rate, Death Rate, Literacy Rate, Infant Mortality Rate आदि समावेश गरिन्छ । यसप्रकार Head Count Index, Poverty Line को माध्यमद्वारा मापन गरिने विधि हो ।

यस अध्ययनमा परेका १०० घरधुरीको कूल जनसङ्ख्या ५३४ रहेको छ भने गरिबीको रेखामुनि रहेको घरधुरीको सङ्ख्या १९ रहेको पाइएको छ जसलाई तलको तालिकामा देखाइएको छ ।

जीवनस्तर सर्वेक्षण २०६६/६७ अनुसार वार्षिक रु.१९,२६१ प्रतिव्यक्ति आम्दानीलाई गरिबीको रेखा निर्धारण गरिएको छ भने मध्यपश्चिम पहाड क्षेत्रमा रु.१६,३५५ लाई गरिबीको रेखा निर्धारण गरिएको छ । प्रस्तुत अध्ययन क्षेत्र सल्यान जिल्ला मध्यपश्चिम पहाड भएकाले सोही रेखालाई आधार मानिएको छ ।

**तालिका २९**

**गरिबीको रेखामुनि रहेको घरधुरी सङ्ख्या (आम्दानी रू. १६,३५५ लाई आधार मान्दा) २०७८**

| क्र.स. | घरधुरी | घरधुरी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | गरिबीको रेखामुनि रहेको घरधुरी | २४ | २४ |
| (ख) | गरिबीको रेखामाथि रहेको घरधुरी | ७६ | ७६ |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका २९ मा गरिबीको रेखाको आधारमा घरधुरीको सङ्ख्या र प्रतिशत देखाइएको छ । हरेक घरधुरीको आयलाई सो परिवारको जनसङ्ख्याले भाग गरेर हरेक सदस्यको वार्षिक आय निकालिएको छ । सो आयलाई गरिबीको रेखासँग तुलना गरी गरिबीको रेखामुनी रहेका घरधुरी निकालिएको छ । तालिका अनुसार २४ घरधुरी गरिबीको रेखामुनी रहेको पाइयो ।

## तालिका ३०

**गरिबीको रेखामुनि रहेको जनसङ्ख्या (आम्दानी रू. १६,३५५ लाई आधार मान्दा) २०७८**

| क.स. | घरधुरी | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | गरिबीको रेखामुनि रहेको जनसङ्ख्या | १४४ | २६.६९ |
| (ख) | गरिबीको रेखामाथि रहेको जनसङ्ख्या | ३९० | ७३.३१ |
| | जम्मा | ५३४ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७८

तालिका ३० मा गरिबीको रेखामुनी रहेको जनसङ्ख्यालाई उल्लेख गरिएको छ जस अनुसार १४४ जना गरिबको रेखामुनी परेका छन् भने ३९० जना गरिबीको रेखामाथी रहेको पाइएको छ । यसरी हेर्दा जनसङ्ख्या को हिसाबले २६.६९ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनी रहेको पाइयो भने ७३.३१ प्रतिशत जनसङ्ख्या गरिबीको रेखाभन्दा माथि रहेको पाइयो ।

**Poverty Gap Index (गरिबी भिन्नता सूचकांक) :**

यो गरिबीको रेखाको आम्दानीको औषतको रूपमा निर्धारण गरिएको गरिबीको रेखा र आम्दानीमा आधारित छ । यसलाई (Foster-Greer-Thorbeck (FGI) मा $P_1$ मानिएको छ । यसले गरिबीको गहिराई बताउँछ र यसमा ४ वटा आधारहरू पर्दछन् : (क) गरिबीको रेखाको आयबाट प्रत्येक व्यक्तिको आय तह घटाइने (ख) भिन्नतालाई गरिबी रेखाको आम्दानीले भाग गरिने (ग) कूल जनसङ्ख्याभित्रको सबै गरिबको औषत जोडि र (घ) जनसङ्ख्याका साइजले आयको कूल जोडलाई भाग गरिन्छ । यसमा Yp = Poverty Line Income, Yi = Individual Income, N = Total Population & q = The Number of Population Below Poverty Line हुन्छ । i.e.

Poverty Gap Index (PGI) $= \frac{1}{N}\sum_{i=1}^{q}\frac{Yp-Yi}{Yp}$

जम्मा घरधुरी : १००

गरिबीको रेखामुनि रहेको घरधुरी : २४

गरिबी परिवारको जम्मा जनसङ्ख्या : १४४

गरिबीको रेखामुनि रहेको घरधुरीको औषत जनसङ्ख्या : १४४/२४= ६

गरिबी रेखामाथि रहेको घरधुरी सङ्ख्या : ७६

गरिबीको रेखामाथि रहेको जनसङ्ख्या : ३९०

गरिबीको रेखामाथि रहेको घरधुरीको औषत जनसङ्ख्या : ३९०/७६= ५.१३

जम्मा जनसङ्ख्या : ५३४

Poverty Gap Index (PGI) $= \frac{1}{N} \sum_{i=1}^{q} \frac{Yp - Yi}{Yp}$

= २४/१०० (२३५५/१६३५५+ १३५५/१६३५५+ ६३५५/१६३५५+ १०२१.६७/१६३५५+ ७४९७.८६/१६३५५+ ४३५५/१६३५५+ ४६८८.३३/१६३५५+ ३८५५/१६३५५+ १३५५/१६३५५+ १३५५/१६३५५+ १०७३०/१६३५५+ ११३५५/१६३५५+ २३५५/१६३५५+ ७६०५/१६३५५+ ३३५५/१६३५५+ १३५५/१६३५५+ ८०२१.६७/१६३५५+ ७४६६.१२/१६३५५+ ६३५५/१६३५५+ ४६८८.३३/१६३५५+ १०५/१६३५५+७०६९.२९/१६३५५+ ५१०५/१६३५५+ १०१०५/१६३५५)

= ०.१४३+ ०.०८२+ ०.३८८+ ०.०६२+ ०.४५८+ ०.२६६+ ०.२८६+ ०.२३५+ ०.०८२+ ०.०८२+ ०.६५६+ ०.६९४+ ०.१४३ + ०.४६४+ ०.२०५+ ०.०८२+ ०.४९०+ ०.४५६+ ०.३८८ +०.२८६+ ०.४३२+ ०.००६४+०.३१२+ ०.६१७

= २४/१००(७.३१५)

PGI= १.७५५

कुनै पनि देशका मानिसहरू कति गरिब छन भन्ने कुरा मुख्य रूपमा दुई प्रकारले निर्धारण हुने गर्दछ। पहिलो कुरा मौद्रिक हिसावको गरिबी र दोस्रो बहुआयामिक गरिबी हो। अन्तराष्ट्रिय मुद्राकोशको प्रतिवेदन अनुसार नेपाल प्रतिव्यक्ति आयको आधारमा १५५ औं स्थानमा रहेको छ। अर्थात, कूल १८७ देशको तथ्याङ्कमा नेपालभन्दा १५४ देश धनी रहेका छन्। नेपालको बहुआयामिक गरिबी मापन गर्ने सूचकांक हो मानव विकास सूचकांकको आधारमा नेपाल १४७ औ स्थानमा रहेको छ। अर्थात अन्य देशको तुलनमा नेपालको

गरिबीको अवस्था निकै डरलाग्दो छ । नेपालमा करिब ५ प्रतिशत मानिसहरू अत्याधिक धनी रहेका छन् । तर समग्रमा हेर्ने हो भने धेरै नेपालीहरूलाई खान, लगाउन नपुग्ने अवस्था छ जसले गरिबीलाई प्रतिविम्बित गर्दछ । मौद्रिक तथा आयको हिसावमा हेर्ने हो भने नेपालमा गरिबीको दर करिब २५ प्रतिशत रहेको छ । प्रस्तुत अध्ययनले समेत त्यसको प्रतिनिधित्व गरेको छ । प्रस्तुत अध्ययनमा प्रयोग गरिएको गरिबी भिन्नता विश्लेषणमा चारओटा कुरालाई आधार मानिएको छ । पहिलो आधार अर्न्तगतग गरिबीको रेखाको आयबाट प्रत्येक व्यक्तिको आय तह घटाइएको छ । भिन्नतालाई गरिबीको रेखाको आम्दानीले भाग गरिएको छ । कूल जनसङ्ख्या भित्र सबै गरिबको औषत जोडिएको छ भने जनसङ्ख्याको साइजले आयको कूल जोडलाई भाग गरि विश्लेषण गरिएको छ । यसरी अध्ययन गर्दा जम्मा घरधुरी १०० रहेको छ भने गरिबीको रेखामुनि रहेको घरधुरी २४ र गरिबीको रेखामुनी रहेको जनसङ्ख्या १ सय ४४ रहेको छ । गरिबीको रेखाभन्दा माथि रहेको जनसङ्ख्या ३९० र घरधुरी ७६ मात्र रहेको छ । सबै विश्लेषण गर्दा गरिबी भिन्नता सूचकांक १.७५५ रहेको देखिएको छ ।

तथ्याङ्कलाई विश्लेषण गर्दा गरिबी अध्ययन गर्न नेपाल जीवनस्तर सर्वेक्षण २०६६ २०६७ लाई आधार मानिएको छ । त्यसैगरी अध्ययन क्षेत्रको गरिबीलाई नेपाल जीवनस्तर सर्वेक्षण २०६६/६७ का अनुसार विश्लेषण गरिएको छ । जहाँ ग्रामीण सुदुर/मध्यपश्चिमाञ्चल पहाडमा वार्षिक रु १६,३५५ भन्दा कम आय प्राप्त गर्ने व्यक्तिलाई गरिब मानेर अध्ययन गरिएको छ ।

## अध्याय पाँच ( CHAPTER : V)

## सारांश, निष्कर्ष र सुझाव (Summary, Findings and Suggestions)

प्रस्तुत अध्यायमा शोधपत्रको सारांश, निष्कर्ष र सुझाहरू समेटिएको छ र उक्त विषयहरूलाई निम्मानुसार उल्लेख गरिएको छ।

### ५.१ सारांश

प्रस्तुत अध्ययन नेपालको ग्रामीण क्षेत्र, सल्यान जिल्लाको कालिमाटी गाउँपालिका वडा नं. ४ मा बसोवास गर्ने बासिन्दाको गरिबीको स्तरमा केन्द्रित रहेको छ । यस अध्ययनमा प्राथमिक स्रोतको रूपमा एक मात्र औजार प्रश्नावली प्रयोग गरिएको छ भने अदृष्य रूपमा अवलोकन गरिएको छ । अध्ययनले ग्रामीण बासिन्दाको आम्दानीका स्रोतहरु के-के हुन् ? यस क्षेत्रका बासिन्दाले कुन-कुन क्षेत्रमा के कति खर्च गर्दछन् ? बासिन्दाको भू-स्वामित्व, पशुपन्क्षीको स्वामित्व, शैक्षिक उपलब्धि, कूल घरायसी आय तथा प्रतिव्यक्ति आम्दानी के कति रहेको छ ? अध्ययन क्षेत्रमा भौतिक पूर्वाधारको स्थिति के कस्तो छ ? अध्ययन क्षेत्रमा गरिबी बढ्नुका कारणहरु के के हुन र देखापरेको गरिबीलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने जस्ता विषयलाई मध्यनजर गरी अध्ययन सम्पन्न गरिएको छ । ग्रामीण समुदायको गरिबीको पहिचान गर्ने, ग्रामीण गरिबी अन्तराल गणना गर्ने र गरिबीको कारण पत्ता लगाई समाधानका लागि सुझाव प्रस्तुत गर्ने उद्देश्यमा केन्द्रित प्रस्तुत अध्ययनमा जम्मा १०० घरधुरी छनोट गरिएको थियो । पाँच खण्डमा विभाजित यो अध्ययनले पहिलो खण्डमा परिचयको विस्तृत अध्ययनमा केन्द्रित, दोस्रो अध्याय पूर्वकार्यको समीक्षामा केन्द्रित र तेस्रो अध्याय अध्ययन विधिमा केन्द्रित छ । चौथो अध्यायमा छनोट गरिएका उत्तरदाताबाट प्राप्त विवरणलाई व्याख्या तथा विश्लेषण गरिएको छ भने पाँचौ अर्थात यस खण्डमा समग्र अध्ययनको सारांश र निष्कर्ष उल्लेख गरिएको छ । यस अध्ययनको निष्कर्षलाई तलको खण्डमा प्रस्तुत गरिएको छ।

### ५.२ निष्कर्ष

यस अध्ययनको निष्कर्षलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

क) कृषि पेशामा बढी मानिसहरू संलग्न रहने गरेको पाइएको छ । यसले के देखाउँछ भने कृषि पेशा नै त्यो क्षेत्रको मूख्य पेशाको रूपमा रहेको छ जुन गरिबीको एक महत्वपूर्ण तत्व पनि हो ।

ख) छनोटमा परेका उत्तरदातामध्ये  दुई तिहाईभन्दा बढी अर्थात् ७९ प्रतिशत पुरूष रहेका छन् भने २१ प्रतिशत महिला रहेको पाइयो ।

ग) छनोटमा परेका १०० जना उत्तरदातामध्ये  १० वर्षदेखि २० वर्ष उमेरसमूहका घरधुरी नगन्य रहेको पाइयो  भने ३१ वर्षदेखि ४० वर्षसम्मको उमेर समूहमा ४२ प्रतिशत घरधुरी रहेको पाइयो तर ६० वर्ष माथि उमेर समूहका  उत्तरदाता अत्यन्तै न्यून रहेको पाइयो ।

घ) छनोट गरिएको क्षेत्रका सबै घरधुरीले नेपाली भाषा बोल्ने गरेको पाइयो ।

छनोटमा परेका घरधुरीमध्ये ९७ प्रतिशतले हिन्दु धर्ममा विश्वास  गर्ने गरेको र  ३ प्रतिशतले  मात्र क्रिश्चियन धर्म मान्ने गरेको पाइयो ।

ङ) अध्ययन क्षेत्रमा छनोटमा परेका १०० जना उत्तरदातामध्ये  ब्राह्मण, क्षेत्री र मगरको बाहुल्यता रहेको पाइयो ।

च) परिवार सङ्ख्याको आधारमा हेर्दा  १ जना सदस्य मात्र भएको परिवार भेटिएन भने २ जना सदस्य रहेको परिवार नगन्य मात्रामा रहेको पाइयो । धेरै जसो घरधुरीमा ३ जना देखि ६ जना सम्मको परिवार रहेको पाइयो ।

छ) ग्रामीण क्षेत्र भएकोले उच्च माध्यमिक क्षेत्र उत्तीर्ण गर्नेको सङ्ख्या अत्यन्तै न्यून रहेको पाइयो ।

ज) नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा स्वीकार गरी प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको अनिवार्य व्यवस्था गरेता पनि  यस अध्ययन क्षेत्रमा घरायासी कामकाजको कारण र पैसाको अभावको कारण बालबालिकाहरू विद्यालय नपठाउने गरेको पाइयो ।

झ) अध्ययन क्षेत्रमा अब्बल जमिन सबैभन्दा धेरै रहेको पाइयो भने सिम जमिन एकदमै कम रहेको पाइयो ।  यस क्षेत्रमा धेरैजसो घरधुरीलाई ६ देखि ९ महिनासम्म मात्र आफ्नो उत्पादनले खान पुग्ने गरेको पाइयो भने ९ घरधुरीको मात्र खाद्यान्न बचतमा रहने गरेको पाइयो ।

ञ) सबैजसो घरधुरीको जस्तापाताको छानो भएको  घर रहेको पाइयो जुन गरिबीको सूचक पनि हो ।

ट) यस क्षेत्रमा गाई र भैंसीभन्दा बाख्रा बढी पाल्ने गरेको पाइयो भने । यस क्षेत्रमा जम्मा पशुहरूमध्ये २८.३०  प्रतिशत अर्थात् १५२ ओटा गाई गोरु रहेको पाइयो भने भैंसीको

सङ्ख्या ज्यादै कम अर्थात् ३७ ओटा भैँसीहरू पालन गरेको पाइएको छ । पशुहरूमध्ये करिव दुई तिहाई अर्थात् ६४.८० प्रतिशत बाख्रा तथा खसीहरू पालन गरेको पाइयो ।

ठ) शत प्रतिशत परिवारमा पक्की शौचालय रहेको पाइएको छ । यसले आर्थिक अवस्था जे जस्तो भए पनि सबैले शौचालय भने निर्माण गरेको पाइएको छ ।

ड) १ जना वैदेशिक रोजगारीको लागि साउदी अरबमा गएको पाइएको छ भने मलेसिया गएका मानिसको सङ्ख्या १० रहेको छ । त्यसैगरी ११ जना वैदेशिक रोजगारीको क्रममा भारतमा रहेका छन् भने ४ जना कतारमा रहेका छन् । त्यसका साथै २ जना वैदेशिक रोजगारी गर्ने क्रममा दुवईमा रहेको पाइएको छ ।

ढ) वैदेशिक रोजगारीबाट वार्षिक १ लाखदेखि २ लाखसम्म वैदेशिक रोजगारीबाट आम्दानी गर्ने १७.५ प्रतिशत रहेको पाइयो भने वार्षिक २ लाखदेखि ४ लाखसम्म आम्दानी गर्नेको प्रतिशत ६७.८५ रहेको छ भने ३.५७ प्रतिशतले वैदेशिक रोजगारीबाट ४ लाखदेखि ६ लाखसम्म आम्दानी गर्ने गरेको पाइयो ।

ण) छनोट गरिएका १०० जनामध्ये ३६ जनाको पशुपालनबाट कुनैपनि आम्दानी नभएको पाइएको छ र ६४ जनाले मात्र पशुपालनबाट आम्दानी गर्ने गरेको जनाएका छन् । आम्दानी गर्ने ६४ जनामध्ये १२.५ प्रतिशतले रू. ५ हजारसम्म मात्र आम्दानी गरेको पाइयो भने २६.५६ प्रतिशतले ५ हजारदेखि १० हजारसम्म आम्दानी गरेको पाइएको छ । त्यसैगरी १५.६२ प्रतिशतले रू. १० हजारदेखि १५ हजारसम्म आम्दानी गरेको पाइएको छ ।

त) परम्परागत खेती र उर्वर भूमिको कारण कृषिबाट जीवनस्तर बढ्न नसकेको जनाएका छन् भने १३ प्रतिशतले कृषि शिक्षाको अभावको कारण निर्वाहमुखी कृषिबाट जीवनस्तर बढ्न सकेको छैन । त्यसैगरी १४ प्रतिशतले प्राकृतिक प्रकोप, १९ प्रतिशतले भौगोलिक विकटताको कारणले कृषि उत्पादनबाट जीवनस्तर माथि उठ्न नसकेको पाइयो ।

थ) करिब एक चौथाई घरधुरीले निम्न आयको कारण गरिबी बढेको भन्ने तर्क गरेका छन् भने १४ प्रतिशतले सामाजिक कुरितीले गर्दा गरिबी बढेको तर्क प्रस्तुत गरेका छन् । २१ प्रतिशतले भौगोलिक विकटताको कारणले गर्दा गरिबी बढेको जनाएको पाइयो ।

द) छनोट गरिएका उत्तरदातामध्ये करिव २० प्रतिशतले गरिबी निवारण गर्नको लागि बचतमा बृद्धि गर्नुपर्ने तथा स्रोतको परिचालन गर्नुपर्ने र सोचमा परिवर्तन गर्नुपर्ने जनाएका छन् ।

ध) कुनै परिवारमा परिवारका सदस्यहरूको पेशा एउटै हुने गर्दछ भने कुनै परिवारमा हरेक सदस्यहरूको पेशा फरक फरक हुने गरेको पाइयो ।

न) छनोट गरिएका सदस्यहरूमध्ये रु. एक लाखसम्म आदानी गर्ने ३४ प्रतिशत रहेका छन् । वार्षिक रूपमा रु. १ लाखदेखि २ लाखसम्म आम्दानी गर्ने २१ प्रतिशत रहेका छन भने रु. २ लाखदेखि ३ लाखसम्म आम्दानी गर्नेहरू १३ प्रतिशत रहेको पाइयो । त्यसैगरी १३ प्रतिशत घरधुरीले वार्षिक ३ लाखदेखि ४ लाख आम्दानी गर्ने गरेको पाइएको छ । त्यसैगरी ४ लाखदेखि ५ लाख वार्षिक रूपमा आम्दानी गर्नेको प्रतिशत ११ रहेको पाइयो भने ५ लाखभन्दा बढी आम्दानी गर्नेको सङ्ख्या नगन्य रहेको पाइयो ।

प) छनोट गरिएका घरधुरीमध्ये करिव ५० प्रतिशतले कृषि क्षेत्रमा जम्मा ५ हजारसम्म खर्च गर्ने गरेको पाइयो ।

फ) प्रस्तुत तालिकामा छनोट गरिएका घरधुरीमध्ये ४ प्रतिशतले रू. १० हजारसम्म खाद्यान्नमा खर्च गर्ने गरेको पाइएको छ भने ६ प्रतिशतले रु. १० हजारदेखि २० हजारसम्म खर्च गर्ने गरेको पाइएको छ । त्यसैगरी, रु. २० हजारदेखि ३० हजारसम्म खर्च गर्नेको प्रतिशत ७ रहेको पाइएको छ । १८ प्रतिशतले रु. ३० हजारदेखि ४० हजारसम्म खाद्यान्नमा खर्च गर्ने गरेको पाइएको छ भने १९ प्रतिशतले रु. ४० हजारदेखि ५० हजारसम्म खर्च गर्ने गरेको पाइएको छ । समग्रमा, धेरैजसो घरधुरीले खाद्यान्नमा ५० हजारभन्दा कम खर्च गर्ने गरेको पाइयो ।

ब) यस अध्ययनमा ५० प्रतिशतभन्दा बढीले लत्ताकपडामा रु. २० हजारभन्दा कम खर्च गर्ने गरेको पाइयो ।

भ) छनोट गरिएका घरधुरीले शिक्षा क्षेत्रमा गर्ने गरेको खर्चको विवरण उल्लेख गरिएको छ । २८ घरधुरीले शिक्षा क्षेत्रमा कुनै खर्च नगर्ने गरेको पाइएको छ भने जम्मा ७२ घरधुरीले मात्र खर्च गर्ने गरेको पाइएको छ । खर्च गर्ने परिवारमध्ये धेरैजसोले १० हजार भने कम खर्च गर्ने गरेको पाइयो ।

म) छनोटमा परेका घरधुरीमध्ये करिव १ तिहाइले स्वास्थ्य क्षेत्रमा रु. २ हजारसम्म खर्च गर्ने गरेको पाइएको छ भने ९ प्रतिशतले रु. २ हजारदेखि ४ हजारसम्म खर्च गर्न गरेको पाइएको छ तर २३ प्रतिशतले रु ४ हजारदेखि ६ हजारसम्म खर्च गर्ने गरेको पाइएको छ ।

य) छनोट गरिएको क्षेत्रमा हिन्दुहरूको बाहूल्यता रहेको तर उक्त क्षेत्रमा बसोवास गर्ने मानिसहरूले थोरै मात्रामा चाडपर्वमा खर्च गर्ने गरेको पाइयो । छनोट गरिएका घरधुरीमध्ये दुई तिहाईभन्दा बढीले चाडपर्वमा १० हजारभन्दा कम खर्च गरेको पाइयो ।

र) बसोवास मानिसको आधारभूत आवश्यकता भएको र यसले आम्दानीको स्तर स्तरको प्रतिनिधित्व गर्ने भए पनि कुनै पनि घरधुरीले बसोबास निर्माणमा खर्च गरेको पाइएन ।

ल) सामाजिक कार्यमा यस क्षेत्रका वासिन्दाहरू एकदमै कम सक्रिय हुने गरेको पाइएको छ । छनोट गरिएका १०० घरधुरीमध्ये ८३ घरधुरीले मात्र सामाजिक कार्यमा कुनै पनि खर्च नगर्ने गरेको पाइएको छ । र सामाजिक क्षेत्रमा खर्च गर्नेहरूमध्ये ५० प्रतिशतभन्दा बढीले रु. २ हजारसम्म मात्र खर्च गर्ने गरेको पाइयो ।

व) विविध क्षेत्रमा गरेको खर्चको सम्बन्धमा छनोट गरिएका परिवारमध्य दुई तिहाईभन्दा बढी घरधुरीले विविध क्षेत्रमा कुनै खर्च नगर्ने गरेको पाइयो । १०० घरधुरीमध्ये जम्मा २१ घरधुरीले मात्र विविध क्षेत्रमा खर्च गरेको र सोमध्ये करिव ५० प्रतिशतले रु. ४ हजारभन्दा कम खर्च गर्ने गरेको पाइयो ।

स) प्रस्तुत अध्ययन अनुसार छनोट गरिएका जम्मा घरधुरी मध्ये २४ घरधुरी अर्थात २४ प्रतिशत घरधुरी गरिबीको रेखामुनि रहेको पाइएको छ भन`गरिव परिवारको जम्मा जनसङ्ख्या १४४ रहेको पाइएको छ । छनोट गरिएका घरधुरी मध्ये ७६ घरधुरी गरिबीको रेखा भन्दा माथि रहेको अर्थात् ७६ प्रतिशत घरधुरी गरिबीको रेखाभन्दा माथि रहेको पाइएको छ । जम्मा जनसङ्ख्याको ७१.३१ प्रतिशत गरिबीको रेखाभन्दा माथि रहेको पाइएको छ ।

ष) यस अध्ययन अनुसार गरिबी भिन्नता सूचकांक १.७५५ रहेको पाइएको छ । गरिब घरधुरीको सङ्ख्या २४ रहेको र गरिबीको रेखामुनि रहेका घरघुरीमा बसोवास गर्ने मानिसहरूको सङ्ख्या १४४ रहेकोले औषतमा प्रति परिवार जनसङ्ख्या ६ जना रहेको पाइएको छ । त्यसैगरी गरिबीको रेखामाथि रहेका घरधुरीको सङ्ख्या ७६ रहेको र उक्त ७६ घरधुरीमा रहेका जम्मा मानिसको सङ्ख्या ३९० रहेको पाइयो भने गरिबीको रेखामुनि रहेका घरपरिवारका सदस्यको औषत जनसङ्ख्या ५.१३ जना रहेको पाइएको छ । प्रस्तुत अध्ययनमा गरिबीको विश्लेषण गर्दा नेपाल जीवनस्तर सर्वेक्षण २०६६/ ६७ को मापदण्डमा आधारित रही तयार पारिएको छ ।

श) केन्द्रीय तथ्याङ्क विभागबाट सञ्चालन गरिएको नेपाल जीवनस्तर सर्वेक्षण २०६६ /२०६७ तेस्रो बहुशीर्षक भएको घरपरिवार सर्वेक्षण हो । जुन सर्वेक्षण अनुसार क्षेत्र अनुसार गरिबीको मापदण्ड तय गरिएको छ । सल्यान जिल्ला मध्यपश्चिमाञ्चल विकास क्षेत्रको पहाडी क्षेत्र भएकोले सो क्षेत्रमा गरिबीको रेखा तोकिएको मापदण्डको आधारमा यस अध्ययनमा गरिबीको विश्लेषण गरिएको छ ।

## ५.३ सुझाव

प्रस्तुत अध्ययन आफैमा एक महत्वपूर्ण आर्थिक अवस्थाको अध्ययन हो जसमा खासगरी ग्रामीण गरिबीको विश्लेषण गरिएको छ । नेपालको पहाडी जिल्लाअन्तर्गत पर्ने सल्यान जिल्ला एक ग्रामीण जिल्ला पनि भएको र कालिमाटी गाउँपालिका आफैमा ग्रामीण क्षेत्र भएकोले त्यहाँका मानिसहरूको गरिबीको अवस्था नै यसको अध्ययनको विषय हो । गरिवीको कारण मानिसले जीवन निर्वाहका आधारभूत कुराहरू पूर्ति गर्न नसकी शारीरिक तथा माानसिक रूपमा अशक्त हुनसक्ने भएकोले नै गरिबीको समस्या समाधान समयमा नै गर्नु आवश्यक रहेको देखिन्छ । ग्रामीण समुदायमा गरिबीको पहिचान गर्ने, ग्रामीण गरिबी अन्तराल गणना गर्ने, गरिबीको कारण पत्ता लगाउने उद्देश्यले गरिएको यो अध्ययनबाट समग्रमा नीतिगत तह, प्रयोगात्मक तह र भावी अध्ययनको तहलाई बुँदागत रुपमा यस प्रकार सुझाव प्रस्तुत गरिएको छ ।

### नीतिगत तह :

क) प्रस्तुत अध्ययनमा ८५ प्रतिशत मानिसहरु कृषि पेशामा संलग्न रहेका छन् तर २२ प्रतिशत घरधुरीले अहिले पनि परम्परागत खेती अंगालेकाले कृषिबाट जीवनस्तर बढ्न सकेको छैन । त्यसकारण राज्यले स्थानीय जनताको पहुँच पुग्नेगरी कृषि आधुनिकीकरण सम्बन्धी तालिम सञ्चालन गर्न आवश्यक देखिन्छ ।

ख) अध्ययन क्षेत्रका २८ जना व्यक्तिहरु वैदेशिक रोजगारीमा संलग्न रहेको पाइयो त्यसैले ती व्यक्तिहरुलाई नेपालमै रोजगारी दिनको लागि स्थानीय स्रोत तथा साधनलाई परिचालन गर्न सक्ने तालिमको व्यवस्था राज्यले स्थानीयस्तरमा सञ्चालन गर्नुपर्ने देखिन्छ ।

ग) विद्यालय नजाने २६ जना बालबालिकाहरुमध्ये ६१.५४ प्रतिशतमा पैसाको समस्या रहेको पाइयो त्यसैले विपन्न र गरिब परिवारमा शिक्षाको पहुँच पुऱ्याउन सरकारले शैक्षिक कर्जाको व्यवस्थालाई अँझ प्रभावकारी ढङ्गले सञ्चालन गर्नुपर्ने देखिन्छ ।

घ) ५२१ रोपनी जमिनमध्ये २०३ रोपनीमा अँझै पनि सिँचाइ सुविधा नपुगेको पाइन्छ । त्यसैले कृषि क्षेत्रबाट आम्दानी बढाउन गाउँपालिकाले त्यस क्षेत्रमा सिँचाइ सुविधा निर्माणको लागि बजेट पहल गर्नुपर्ने देखिन्छ ।

ङ) ५८ प्रतिशत घरधुरीलाई अहिले पनि ९ महिनाभन्दा कम समय मात्र खान पुग्ने भएकाले स्थानीय सरकारले त्यस क्षेत्रको माटो र हावापानी परीक्षण गरी सो क्षेत्रलाई उपयुक्त हुने अन्नबाली तथा तरकारीबालीहरु लगाउन सहयोग गर्नुपर्ने देखिन्छ ।

च) अध्ययन क्षेत्रमा ५३७ को सङ्ख्यामा पशुहरु  पालन गरेको भेटिएकाले तिनको सुरक्षाको लागि स्थानीय तहले पशुबीमा सम्बन्धी व्यवस्था मिलाइदिनुपर्ने देखिन्छ ।

छ) २३ प्रतिशत घरधुरीले निम्न आयका कारण गरिबी बढेको बताएका छन् । त्यस क्षेत्रमा तरकारी खेती, कुखुरा पालन, माछा पालन, माहुरी पालन जस्ता प्रसस्त आम्दानी गर्ने स्रोतहरु छन् । त्यसैले यस्ता स्रोतहरुबाट आम्दानी गर्न सोही अनुसारको सिपमूलक तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

ज) स्थानीय तहले यस क्षेत्रमा बैंकिङ् सुविधाको विस्तार गरी बचत गर्ने बानीको विकास गराउनु पर्दछ ।

**प्रयोगात्मक तह**

क) गरिबी निवारणका लागि कृषक स्वयंले व्यवसायिक खेतीलाई अंगाल्दै खाद्यान्नबालीभन्दा नगदेबालीलाई प्राथमिकतामा दिएर खेती गर्नुपर्ने देखिन्छ ।

ख) यस क्षेत्रका २८ प्रतिशत घरधुरीले शिक्षा क्षेत्रमा कुनै पनि खर्च नगर्ने गरेको देखिन्छ । खर्च गर्ने ७२ प्रतिशत मध्य पनि २३ प्रतिशतले त बार्षिक रु. २,००० सम्म मात्र खर्च गर्ने गरेको पाइयो । बजारमा प्रतिस्पर्धा गर्न तथा रोजगारीका अवसरहरु प्राप्त गर्न प्राविधिक शिक्षामा समेत लगानी गर्नुपर्ने देखिन्छ ।

ग) अध्ययन क्षेत्रमा ३२ प्रतिशत घरधुरीले चाडपर्वमा ८ हजारभन्दा बढी खर्च गर्ने गरेको देखिन्छ । चाडपर्वमा हुने फजुल खर्चलाई कम गर्न सके त्यहाँ रहेको २४ प्रतिशत निरपेक्ष गरिबीमा सुधार हुने देखिन्छ ।

घ) आफ्नै उत्पादनले खानपुग्ने घरधुरी ३६ प्रतिशत मात्र देखिएकाले व्यवसायिक खेतीमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

ङ) अध्ययन क्षेत्रमा प्रति घरपरिवार ५.३७ को सङ्ख्यामा पशुहरु पालन गरिएको देखिन्छ । राम्रो सङ्ग हेरचाह गर्न नसक्दा कहिले बिरामी हुने, कहिले मर्ने जस्ता समस्या देखिएकाले उनीहरुको हेरचाहमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

च) लत्ताकपडामा बार्षिक १५ देखि २० हजार खर्च गर्ने घरधुरी ३१ प्रतिशत रहेका छन् । जहाँ कि शिक्षा क्षेत्रमा १५ हजारभन्दा बढी लगानी गर्ने घरधुरी १८ प्रतिशत मात्र रहेका छन् । त्यसैले लत्ताकपडामा खर्च कम गरी बालबालिकाको शिक्षामा लगानी बढाउनुपर्ने देखिन्छ ।

## सन्दर्भसूची ( References )


अर्थ मन्त्रालय (२०७६/७७), *आर्थिक सर्वेक्षण,* काठमाण्डौं : लेखक ।

अर्याल, रमा (२०७०), *नेपालमा ग्रामीण गरिबीको आकार र यसका कारणहरु,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय, अर्थशास्त्र शिक्षा विभाग, कीर्तिपुर ।

अर्याल, हेमराज (२०६४), *नेपालमा ग्रामीण गरिबी,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, अर्थशास्त्र शिक्षा विभाग, कीर्तिपुर ।

कालिमाटी गाउँपालिका (२०७४), कालिमाटी गाउँपालिकाको पार्श्वचित्र २०७४, कर्णाली प्रदेश, सल्यान जिल्ला कालिमाटी गाउँपालिकाको कार्यालय ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६८) , *नेपालमा गरिबी,* नेपाल जीवनस्तर सर्वेक्षण-तेस्रो २०६६/६७ मा आधारित संक्षिप्त प्रतिवेदन, काठमाण्डौं : केन्द्रीय तथ्याङ्क विभाग ।

खतिवडा, रुद्र (२०७२), *नेपालमा स्थानीय ग्रामीण गरिबीको अवस्था शनिश्चरे गा.वि.स. झापा जिल्लाको एक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, अर्थशास्त्र शिक्षा विभाग, कीर्तिपुर ।

खनाल, विष्णुप्रसाद (२०६१), *नेपालमा ग्रामीण गरिबी, अर्घाखाँची जिल्ला बाँगी गा.वि.स. को एक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय, अर्थशास्त्र शिक्षा विभाग, कीर्तिपुर ।

घिमिरे, वि.पि. र कार्की, एस.वि. (२०६२) , *ग्रामीण विकास र सहकारी व्यवस्थापन,* काठमाडौं : एसिया पब्लिकेशन प्रा.लि. ।

जैशी, दयाराम (२०७१), *ग्रामीण गरिबीको विश्लेषण तथा यसका कारणहरु,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, अर्थशास्त्र शिक्षा विभाग, कीर्तिपुर ।

दाहाल, महेशराज, कुसियैत, विनयकुमार र खनाल, बासुदेव (२०६७), *विकास र शिक्षाको अर्थशास्त्र,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

दाहाल, महेशराज (२०६६), *नेपालमा गरिबीका कारणहरु र गरिबी न्युनीकरणका उपायहरु,* आर्थिकसम्प्रेषण वार्षिक पत्रिका, अंक २ (२०६६), अर्थशास्त्र शिक्षा विद्यार्थी समाज शिक्षाशास्त्र केन्द्रीय विभाग अर्थशास्त्र शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

नेपाल राष्ट्र बैंक (२०६६), वार्षिक प्रतिवेदन २०६६, बालुवाटार काठमाडौं, नेपाल राष्ट्र बैंक ।

पौडेल, मीनराज (२०७३), *नेपालको अर्थव्यवस्था,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

पौडेल, मिनराज र पौडेल, सुरेन्द्र (२०७३),*अर्थशास्त्र I,* काठमाडौँ: एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

बस्नेत, संजिब कुमार (२०७२), *ग्रामीण नेपालमा गरिबीको अवस्था,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, अर्थशास्त्र शिक्षा विभाग, कीर्तिपुर ।

भट्ट, सिद्धराज (२०७३), *विकास तथा योजना अर्थशास्त्र,* काठमाडौँ: क्वेष्ट पब्लिकेशन ।

भट्टराई, यादव (२०७५), *ग्रामीण घरपरिवारको आर्थिक तथा शैक्षिक अवस्थाको विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, अर्थशास्त्र शिक्षा विभाग, कीर्तिपुर ।

राष्ट्रिय योजना आयोग (२०७६), पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१), नेपाल सरकार राष्ट्रिय योजना आयोग, सिंहदरबार काठमाडौँ ।

रेग्मी, मदन (२०७१), *नेपालमा ग्रामीण गरिबी शुक्लागण्डकी नगरपालिका तनहुँ,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, अर्थशास्त्र शिक्षा विभाग, कीर्तिपुर ।

शिवाकोटी, धुर्वराज र श्रेष्ठ, प्रकाश (२०७०), *ग्रामीण अर्थशास्त्र,* काठमाण्डौँ : पिनाकल पब्लिकेशन ।

सिलवाल, सुदर्शन (२०६३), *विकास तथा योजना अर्थशास्त्र,* काठमाडौँ : रत्नपुस्तक भण्डार ।

सुवेदी, शेखर (२०६७), *गरिबीको अर्थशास्त्र,* झापा : नियात्रा प्रकाशन ।

हाडा, गम्भीरबहादुर (२०७०), *ग्रामीण विकास नीति तथा रणनीति,* काठमाडौं : दीक्षान्त प्रकाशन ।

Foster, J., Joel, G. & Erik, T. (2010), *The Foster-Gree-Thorbecke (FGT) Poverty Measure*, Retrived from http://econdse.org .

## अनुसूची १ (Annex I)

## प्रश्नावलीको विवरण

## नेपालमा ग्रामीण गरिबीको विश्लेषण

१.घरमुलीको नाम : मुख्य पेशा : लिङ्ग :

उमेर : टोल : भाषा : धर्म :

जात : वडा नं. : मोबाइल नं. :

२.परिवार सङ्ख्या

| उमेर समूह | पुरुष सङ्ख्या | महिला सङ्ख्या | जम्मा |
|---|---|---|---|
| ०-४ | | | |
| ५-१४ | | | |
| १५-५९ | | | |
| ६० देखि माथि | | | |

३. शैक्षिक अवस्था ?

| आधारभूत | | माध्यामिक | | उच्च शिक्षा | |
|---|---|---|---|---|---|
| अध्ययनरत सं. | उत्तीर्ण सं. | अध्ययनरत सं. | उत्तीर्ण सं. | अध्ययनरत सं. | उत्तीर्ण सं. |
| | | | | | |

४. जाँदैनन् भने किन जाँदैनन् ?

क) घरायसी कामकाज ख) विद्यालय टाढा

ग) पैसाको समस्या घ) अन्य

५. भूमि जानकारी

| जमिनको किसिम | क्षेत्रफल (रोपनी) |
| --- | --- |
| अब्बल | |
| दोयम | |
| सिम | |
| चाहार | |
| जम्मा | |

६. तपाईंले आफैँ उब्जाएको कृषि उत्पादनले कति महिना खान पुग्छ ?

क) ०-३ महिना ख) ३-६ महिना ग) ६-९ महिना घ) ९-१२ महिना ङ) बचत

७. तपाईंको घरको प्रकृति कस्तो छ ?

क) खरको छाना भएको ख) ढुङ्गाको छाना भएको

ग) जस्ता पाताको छाना भएको घ) लेन्टर गरेको

८. के तपाईंले पशु पाल्नुभएको छ ? छ भने कति छन् ?

क) गाई/गोरु ........ओटा ख) भैँसी/राँगा..........ओटा ग) खसी/बाख्रा..........ओटा

घ) छैन ङ) अन्य

९. तपाईंले चर्पीको व्यवस्थ गर्नुभएको छ ? छ भने कस्तो खालको चर्पी छ ?

क) पक्की ख) कच्ची ग) छैन

१०. तपाईंको घरपरिवारबाट कोही वैदेशिक रोजगारीमा जानुभएको छ/छैन ? यदि छ भने :

| सङ्ख्या | देश | मासिक आम्दानी |
| --- | --- | --- |
| | | |

११. तपाईं पशुजन्य उत्पादन गर्नुहुन्छ ? यदि गर्नुहुन्छ भने वर्षमा कति आम्दानी गर्नुहुन्छ ?

..........................................................................................................................

..................................................................

१२. तपाईंको विचारमा कृषिबाट जीवनस्तर बढ्न नसक्नुका कारणहरु के होलान् ?

क) ख)

ग) घ)

१३. तपाईंको विचारमा यस क्षेत्रमा गरिबी बढ्नुका कारणहरु के होलान् ?

क) ख)

ग) घ)

१४. गरिबीको समस्या समाधान गर्न के गर्नुपर्ला ?

क) ख)

ग) घ)

१५. तपाईंको परिवारका सदस्यहरुले कुन कुन पेशा अपनाउनु भएको छ ? र त्यसबाट कति आम्दानी गर्नुहुन्छ ? जस्तै :

| क.स. | आम्दानीको स्रोतहरु | संलग्न व्यक्ति सङ्ख्या | | | वार्षिक जम्मा आय रु.मा |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १. | कृषि+ पशुपालन | | | | |
| २. | सरकारी नोकरी | | | | |
| ३. | वैदेशिक नोकरी | | | | |
| ४. | व्यापार | | | | |
| ५. | कर्मकाण्ड | | | | |
| ६. | कृषि औजार निर्माण | | | | |
| ७. | सिलाइ | | | | |
| ८. | अन्य (ज्याला/मजदुर, कुखुरापालन, माछापालन आदि ) | | | | |

१६. तपाईंको परिवारले कुन कुन क्षेत्रमा कति खर्च गर्नुहुन्छ ? जस्तै :

| क्र.स. | खर्च शीर्षक | खर्च रकम रु.मा | कैफियत |
|---|---|---|---|
| १ | कृषि | | |
| २ | खाद्यान्न | | |
| ३ | लत्ताकपडा | | |
| ४ | शिक्षा | | |
| ५ | स्वास्थ्य | | |
| ६ | चाडपर्व | | |
| ७ | बासस्थान निर्माण | | |
| ८ | सामाजिक कार्य | | |
| ९ | िविविध | | |

**सहयोगको लागि धन्यवाद ।**

## अनुसूची २ (Annex II)

## छनोट गएिका उत्तरदाताको आम्दानी खर्चको विवरण

| क्र. स. | जम्मा आम्दानी/ | परिवार संङ्ख्या | औषत व्यक्तिगत आय | गरिबी रेखामुनी | प्रतिव्यक्ति गरिबी अन्तराल= गरिबी रेखा रू १६३५५ - प्रति व्यक्ति आय | जम्मा खर्च | पारिवारिक बचत तथा ऋण |
|---|---|---|---|---|---|---|---|
| १ | ९०,८०० | ५ | १८,१६० | × | - | १,१७,००० | ऋण : २६,२०० |
| २ | ७०,००० | ५ | १४,००० | √ | २,३५५ | ५२,००० | बचत : १८,००० |
| ३ | ४,१०,००० | ६ | ६८,३३३.३३ | × | - | १,०३,००० | बचत : ३,०७,००० |
| ४ | १,३०,००० | ६ | २१,६६६.६७ | × | - | १,४३,००० | ऋण : १३,००० |
| ५ | ४५,००० | ३ | १५,००० | √ | १,३५५ | ५३,००० | ऋण : ८,००० |
| ६ | १,८७,००० | ३ | ६२,३३३.३३ | × | - | ५८,००० | बचत : १,२९,००० |
| ७ | ४०,००० | ४ | १०,००० | √ | ६,३५५ | ७४,००० | ऋण : ३४,००० |
| ८ | ४६,००० | ३ | १५,३३३.३३ | √ | १,०२१.६७ | ३१,००० | बचत : १५,००० |
| ९ | २,३०,००० | ९ | २५,५२५.५५ | × | - | १,३८,००० | बचत : ९२,००० |
| १० | ६२,००० | ७ | ८,८५७.१४ | √ | ७,४९७.८६ | ८८,००० | ऋण : २६,००० |
| ११ | ६०,००० | ५ | १२,००० | √ | ४,३५५ | ६६,००० | ऋण : ६,००० |
| १२ | १,७०,००० | ५ | ३४,००० | × | - | १,२९,००० | बचत : ४१,००० |
| १३ | ३,९०,००० | ७ | ५५,७१४.२८ | × | - | १,७०,००० | बचत :२,२०,००० |
| १४ | ४,००,००० | ४ | १,००,००० | × | - | ८२,००० | बचत : ३,२०,००० |
| १५ | ६,००,००० | ४ | १,५०,००० | × | - | १,११,००० | बचत : ४,८९,००० |
| १६ | १,०५,००० | ९ | ११,६६६.६७ | √ | ४,६८८.३३ | १,१८,००० | ऋण : १३,००० |
| १७ | २,१५,००० | ६ | ३५,८३३.३३ | × | - | १,१३,००० | बचत : १,०२,००० |
| १८ | ६,६०,००० | ६ | १,१०,००० | × | - | १,४९,००० | बचत : ५,११,००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९ | ३,५०,००० | ७ | ५०,००० | × | - | १,१८,००० | बचत :२,३२,००० |
| २० | १,८०,००० | ४ | ४५,००० | × | - | ७७,००० | बचत : १,०३,००० |
| २१ | ७५,००० | ६ | १२,५०० | √ | ३,८५५ | ७५,००० | बचत र ऋण नभएको |
| २२ | २,१५,००० | ७ | ३,०७१४.२८ | × | - | १,०१,००० | बचत : १,१४,००० |
| २३ | २,१०,००० | ४ | ५२,५०० | × | - | ६२,००० | बचत: १,४८,००० |
| २४ | ९०,००० | ५ | १८,००० | × | - | ७७,००० | बचत : १३,००० |
| २५ | ४,७६,००० | ७ | ६८,००० | × | - | १,८०,००० | बचत : २,९६,००० |
| २६ | १,२०,००० | ८ | १५,००० | √ | १,३५५ | ८१,००० | बचत : ३९,००० |
| २७ | ३,००,००० | ६ | ५०,००० | × | - | १,०२,००० | बचत : १,९८,००० |
| २८ | २,२०,००० | ५ | ४४,००० | × | - | १,०४,००० | बचत : १,१६,००० |
| २९ | ७०,००० | ३ | २३,३३३.३३ | × | - | ५९,००० | बचत : ११,००० |
| ३० | ३,३०,००० | ३ | १,१०,००० | × | - | ७४,००० | बचत : २,५६,००० |
| ३१ | ४,१०,००० | ७ | ५८,५७१.४२ | × | - | १,२७,००० | बचत : २,८३,००० |
| ३२ | ५९,६०० | २ | २९,८०० | × | - | ५५,५०० | बचत : ४,१०० |
| ३३ | २,००,००० | ६ | ३३,३३३.३३ | × | - | १,२७,००० | बचत : ७३,००० |
| ३४ | ४,१०,००० | १० | ४१,००० | × | - | १,४९,५०० | बचत : २,६०,५०० |
| ३५ | १,५०,००० | १० | १५,००० | √ | १,३५५ | १,४३,००० | बचत : ७,००० |
| ३६ | ४,६०,००० | ५ | ९२,००० | × | - | १,१७,००० | बचत : ३,४३,००० |
| ३७ | १,९०,००० | ८ | २३,७५० | × | - | १,४०,००० | बचत : ५०,००० |
| ३८ | ५०,००० | २ | २५,००० | × | - | ४३,००० | बचत : ७,००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३९ | ४,१०,००० | ११ | ३७,२७२.७२ | × | - | १,६३,००० | बचत : २,४७,००० |
| ४० | ५,८५,००० | ७ | ८३,५७१.४२ | × | - | २,१०,००० | बचत : ३,७५,००० |
| ४१ | २,३०,००० | ४ | ५७,५०० | × | - | १,०७,००० | बचत : १,२३,००० |
| ४२ | १,४०,००० | ५ | २८,००० | × | - | ९५,००० | बचत : ४५,००० |
| ४३ | १,९५,००० | ७ | २७,८५७.१४ | × | - | ९०,००० | बचत : १,०५,००० |
| ४४ | ९२,००० | ४ | २३,००० | × | - | १,१७,००० | ऋण : २५,५०० |
| ४५ | ४५,००० | ८ | ५,६२५ | √ | १,०७३० | १,२४,५०० | ऋण : ७९,५०० |
| ४६ | १,३५,००० | ४ | ३३,७५० | × | - | ५६,००० | बचत : ७९,००० |
| ४७ | ५,७०,००० | ४ | १,४२,५०० | × | - | ७२,००० | बचत : ४,९८,००० |
| ४८ | २०,००० | ४ | ५,००० | √ | ११,३५५ | ८५,५०० | ऋण : ६५,५०० |
| ४९ | ३,३६,००० | २ | १,६८,००० | × | - | ४८,००० | बचत : २,८८,००० |
| ५० | ३,४०,००० | २ | १,७०,००० | × | - | ९९,००० | बचत : २,४१,००० |
| ५१ | ३,००,००० | ५ | ६०,००० | × | - | १,५३,००० | बचत : १,४७,००० |
| ५२ | ८,००,००० | १३ | ६१,५३८.४६ | × | - | ३,५२,००० | बचत : ४,४८,००० |
| ५३ | १,००,००० | ५ | २०,००० | × | - | ९०,००० | बचत : १०,००० |
| ५४ | ९५,००० | ५ | १९,००० | × | - | ९३,००० | बचत : २,००० |
| ५५ | ४,४०,००० | ५ | ८८,००० | × | - | १,०६,००० | बचत : ३,३४,००० |
| ५६ | २,५०,००० | ७ | ३५,७१४.२८ | × | - | १,५४,००० | बचत : ९६,००० |
| ५७ | १,४०,००० | ५ | २८,००० | × | - | १,०८,००० | बचत : ३२,००० |
| ५८ | ५,३०,००० | ४ | १,३२,५०० | × | - | १,११,५०० | बचत : ४,१८,५०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५९ | ६६,००० | ४ | १६,५०० | × | - | २८,००० | बचत : ३८,००० |
| ६० | १,७०,००० | ३ | ५६,६६६.६७ | × | - | ८४,००० | बचत : ८६,००० |
| ६१ | ५६,००० | ४ | १४,००० | √ | २,३५५ | ६०,००० | ऋण : ४,००० |
| ६२ | २,२७,००० | ४ | ५६,७५० | × | - | ८४,००० | बचत : १,४३,००० |
| ६३ | ४,००,००० | ७ | ५७,१४२.८५ | × | - | १,६४,००० | बचत :२,३६,००० |
| ६४ | ३५,००० | ४ | ८,७५० | √ | ७,६०५ | ४४,००० | बचत : ९,००० |
| ६५ | ४०,००० | २ | २०,००० | × | - | ४३,००० | ऋण : ३,००० |
| ६६ | ६५,००० | ५ | १३,००० | √ | ३,३५५ | ७०,५०० | ऋण : ५,५०० |
| ६७ | ३,९०,००० | ४ | ९७,५०० | × | - | ७०,००० | बचत : ३,२०,००० |
| ६८ | ९५,००० | ४ | २३,७५० | × | - | २८,९०० | बचत : ६६,१०० |
| ६९ | ७५,००० | ५ | १५,००० | √ | १,३५५ | १,३१,००० | ऋण : ५६,००० |
| ७० | १,०४,००० | ४ | २६,००० | × | - | १,८०,००० | ऋण : ७६,००० |
| ७१ | ७५,००० | ९ | ८,३३३.३३ | √ | ८,०२१.६७ | १,१३,००० | ऋण : ३८ |
| ७२ | ८०,००० | ९ | ८,८८८.८८ | √ | ७,४६६.१२ | ३८,००० | बचत : ४२,००० |
| ७३ | ६,३०,००० | ५ | १,२६,००० | × | | ९२,५०० | बचत : ५,३७,५०० |
| ७४ | ८०,००० | ८ | १०,००० | √ | ६,३५५ | १,१८,००० | ऋण : ३८,००० |
| ७५ | ५,००,००० | ८ | ६२,५०० | × | - | १,६२,००० | बचत : ३,३८,००० |
| ७६ | १,४५,००० | ५ | २९,००० | × | - | १,२१,००० | बचत : २४,००० |
| ७७ | ४,२५,००० | ५ | ८५,००० | × | - | १,४३,००० | बचत : २,८२,००० |
| ७८ | १,५७,००० | ३ | ५२,३३३.३३ | × | - | ७१,००० | बचत : ८६,००० |
| ७९ | ३,६०,००० | ५ | ७२,००० | × | - | ९४,००० | बचत : २,६६,००० |
| ८० | ४,९०,००० | ७ | ७०,००० | × | - | १,३१,००० | बचत : ३,५९,००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८१ | १,०५,००० | ९ | ११,६६६.६७ | √ | ४,६८८.३३ | १,०४,००० | बचत : १,००० |
| ८२ | ३,६०,००० | ३ | १,२०,००० | × | - | १,११,००० | बचत: २,४९,००० |
| ८३ | ६५,००० | ४ | १६,२५० | √ | १०५ | ७७,००० | ऋण : १२,००० |
| ८४ | ३,२०,००० | ३ | १,०६,६६६.६७ | × | - | ५५,००० | बचत : २,६५,००० |
| ८५ | १,०५,००० | ६ | १७,५०० | × | - | ९५,००० | बचत : १०,००० |
| ८६ | ६५,००० | ७ | ९,२८५.७१ | √ | ७,०६९.२९ | १,०१,००० | ऋण : ३६,००० |
| ८७ | २,७६,००० | ५ | ५५,२०० | × | - | ९५,००० | बचत : १,८१,००० |
| ८८ | ४५,००० | ४ | ११,२५० | √ | ५,१०५ | ४८,००० | ऋण : ३,००० |
| ८९ | ६५,००० | ३ | २१,६६६.६७ | × | - | ५४,००० | बचत : ११,००० |
| ९० | २,८५,००० | ३ | ९५,००० | × | - | ७८,००० | बचत : १,६८,००० |
| ९१ | ८,७०,००० | ८ | १,०८,७५० | × | - | १,७४,००० | बचत : ६,९६,००० |
| ९२ | ९५,००० | ५ | १९,००० | × | - | १,०३,००० | ऋण : ८,५०० |
| ९३ | १,१७,००० | ४ | २९,२५० | × | - | ४९,००० | बचत : ६८,००० |
| ९४ | ४,७०,००० | ८ | ५८,७५० | × | - | १३९,००० | बचत : ३,३१,००० |
| ९५ | ९५,००० | ४ | २३,७५० | × | - | ७०,००० | बचत : २५,००० |
| ९६ | ३,४५,००० | ३ | १,१५,००० | × | - | ६९,००० | बचत : २,७६,००० |
| ९७ | ४,६५,००० | ४ | १,१६,२५० | × | - | ६४,००० | बचत : ४,०१,००० |
| ९८ | २,३०,००० | ६ | ३८,३३३.३३ | × | - | १,४४,००० | बचत : ८६,००० |
| ९९ | ३,४०,००० | ४ | ८५,००० | × | - | १,३६,००० | बचत : १,०२,००० |
| १०० | २५,००० | ४ | ६,२५० | √ | १०,१०५ | ४७,५०० | ऋण : २२,५०० |
| | | ५३४ | | | | | |

गरिबीको रेखा : रू. १६,३५५ √= गरिबीको रेखामुनी रहेको परिवार , × = गरिबीको रेखामाथि रहेको परिवार

**गरिबीको रेखामुनी रहेको घरधुरी सङ्ख्या (आम्दानी रू. १६,३५५ लाई आधार मान्दा)**

| क्र.स. | घरधुरी | घरधुरी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | गरिबीको रेखामुनी रहेको घरधुरी | २४ | २४ |
| (ख) | गरिबीको रेखामाथि रहेको घरधुरी | ७६ | ७६ |
| | जम्मा | १०० | १०० |

**गरिबीको रेखामुनी रहेको जनसङ्ख्या (आम्दानी रू. १६,३५५ लाई आधार मान्दा)**

| क्र.स. | घरधुरी | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | गरिबीको रेखामुनी रहेको जनसङ्ख्या | १४४ | २६.६९ |
| (ख) | गरिबीको रेखामाथि रहेको जनसङ्ख्या | ३९० | ७३.३१ |
| | जम्मा | ५३४ | १०० |

# अनुसूची ३ (Annex III)

## गरिबी अन्तराल गणना

## परिवारको गरिबी विश्लेषण

| परिवार | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आम्दानी (Y) | १४,००० | १५,००० | १०,००० | १५,३३३.३३ | ८,८५७.१४ | १२,००० | ११,६६६.६७ | १२,५०० | १५,००० | १५,००० | ५,६२५ | ५,००० | ८,७५० | १५,००० | १०,००० | ११,६६६.६७ | १६,२५० | ११,२५० | ६,२५० |
| गरिबी अन्तराल | २,३५५ | १,३५५ | ६,३५५ | १,०२१.६७ | ७,४९७.८६ | ४,३५५ | ४,६८८.३३ | ३,८५५ | १,३५५ | १,३५५ | १०,७३० | ११,३५५ | ७,६०५ | १,३५५ | ६,३५५ | ४,६८८.३३ | १०५ | ५,१०५ | १०,१०५ |
| गरिबी अन्तराल अनुपात | २,३५५/१६,३५५ | १,३५५/१६,३५५ | ६,३५५/१६,३५५ | १,०२१.६७/१६,३५५ | ७,४९७.८६/१६,३५५ | ४,३५५/१६,३५५ | ४,६८८.३३/१६,३५५ | ३,८५५/१६,३५५ | १,३५५/१६,३५५ | १,३५५/१६,३५५ | १०,७३०/१६,३५५ | ११,३५५/१६,३५५ | ७,६०५/१६,३५५ | १,३५५/१६,३५५ | ६,३५५/१६,३५५ | ४,६८८.३३/१६,३५५ | १०५/१६,३५५ | ५,१०५/१६,३५५ | १०,१०५/१६,३५५ |
| | ०.१४३ | ०.०८१ | ०.३८८ | ०.०६२ | ०.४५८ | ०.२६६ | ०.२८६ | ०.२३५ | ०.०८२ | ०.०८२ | ०.६५६ | ०.६९४ | ०.४६४ | ०.०८२ | ०.३८८ | ०.२८६ | ०.००६४ | ०.३१२ | ०.६१७ |

| | | | | |
|---|---|---|---|---|
| २० | २१ | २२ | २३ | २४ |
| १४,००० | १३,००० | ८,३३३.३३ | ८,८८८.८८ | ९,२८५.७१ |
| २,३५५ | ३,३५५ | ८,०२१.६७ | ७,४६६.१२ | ७,०६९.२९ |
| २,३५५/१६,३५५ | ३,३५५/१६,३५५ | ८,०२१.६७/१६,३५५ | ७,४६६.१२/१६,३५५ | ७,०६९.२९/१६,३५५ |
| ०.१४३ | ०.२०५ | ०.४९० | ०.४५६ | ०.४३२ |

गरिबी परिवारको जम्मा सङ्ख्या = २४

जम्मा परिवारका जनसङ्ख्या = १००

Poverty Gap Index (PGI) = $\frac{1}{N}\sum_{i=1}^{q}\frac{Yp-Yi}{Yp}$

= २४/१०० (२३५५/१६३५५+ १३५५/१६३५५+ ६३५५/१६३५५+ १०२१.६७/१६३५५+ ७४९७.८६/१६३५५+ ४३५५/१६३५५+ ४६८८.३३/१६३५५+ ३८५५/१६३५५+ १३५५/१६३५५+ १३५५/१६३५५+ १०७३०/१६३५५+ ११३५५/१६३५५+ २३५५/१६३५५+ ७६०५/१६३५५+ ३३५५/१६३५५+ १३५५/१६३५५+ ८०२१.६७/१६३५५+ ७४६६.१२/१६३५५+ ६३५५/१६३५५+ ४६८८.३३/१६३५५+ १०५/१६३५५+७०६९.२९/१६३५५+ ५१०५/१६३५५+ १०१०५/१६३५५)

= ०.१४३+ ०.०८२+ ०.३८८+ ०.०६२+ ०.४५८+ ०.२६६+ ०.२८६+ ०.२३५+ ०.०८२+ ०.०८२+ ०.६५६+ ०.६९४+ ०.१४३ + ०.४६४+ ०.२०५+ ०.०८२+ ०.४९०+ ०.४५६+ ०.३८८ +०.२८६+ ०.४३२+ ०.००६४+०.३१२+ ०.६१७

=२४/१००(७.३१५)=१.७५५

## व्यक्तिगत विवरण



नाम : भरत पुन

ठेगाना : कालिमाटी -४, सल्यान

बुवाको नाम : हिरालाल पुन मगर

आमाको नाम : मायादेवी पुन

बाजेको नाम : छविलाल पुन मगर

धर्म : हिन्दु

राष्ट्रियता : नेपाली

जन्ममिति : २०५०/०३/११

जन्मस्थान : सल्यान

भाषा : नेपाली, अङ्ग्रेजी

पेशा : अध्ययन

ना. प्र. प. नं. : ५५०१४१/१८७८९

मोवाइल नं. : ९८४८०११३६१

## शैक्षिक विवरण

| क.स. | तह | निकाय | वर्ष |
|---|---|---|---|
| १ | माध्यामिक | जनता मा. वि. | २०६८ |
| २ | उच्च मा. वि. | जनसेवा उ. मा. वि. | २०७० |
| ३ | स्नातक | राप्ती बबई क्याम्पस, तुल्सीपुर दाङ | २०७३ |